आदर्श राघव



पण्डितराज सोमनाथ शर्मा सिग्द्याल

आदर्श राघव

(महाकाव्य)

लेखक

पण्डितराज सोमनाथ शर्मा सिग्द्याल

TU Central Library of Nepal Cataloguing-in-Publication Data

शर्मा (सिग्द्याल), सोमनाथ

आदर्श राघव / सोमनाथ शर्मा सिग्द्याल - सातौं संस्क. - ललितपुर : साझा प्रकाशन, २०७८ वि.

च, १६७ पृ.

ISBN 978-99933-2-804-9

१. नेपाली महाकाव्य I. आख्या.

N891.4951032
S955a – dc 22

20090862

प्रकाशक : साझा प्रकाशन

संस्करण : पहिलो, २००५
चौथो, २०४४
पाँचौं, २०५०
छैटौं, २०६७
सातौं २०७८ (साझा प्रकाशनबाट चौथो पटक ११०० प्रति)

मूल्य : रु. २६०।–

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक ललितपुर
फोन : ५४२१११८

तेस्रो संस्करणको दिग्दर्शन

आर्यजगत्‌को अगाध निधिका कुनै असाधारण तत्त्वहरू अन्तर भावनामय आध्यात्मिक स्तरबाट अलौकिक आधिदैविक स्तरमा, त्यसबाट पनि लौकिक आधिभौतिक स्तरमा उत्रेर सर्वसाधारण दृश्य प्रतीक बन्दछन् । हिमालयको हार्दिक रसका स्रोतस्वरूप सरयू र वाग्मती यी दुई पवित्र नदीका तटमा वहने वातावरणबाट हुर्केका प्राचीन पूज्य नरनारी युगल त्यो परम्पराका पाञ्चभौतिक निदर्शन हुन् । एकात्मक भएका यिनै जोडा आर्य-विश्वको बेजोड आदर्श भएका छन् । यिनका चरित्रमा पवित्र आर्यभूमिका पूर्वसंस्कृतिमा जडिएका अमूल्य गुणरत्नको ज्योति प्रशस्त मात्रामा प्रदीप्त देखिन्छ । ती रत्नहरू स्वयं प्रदीप्त मात्र नभई आफ्नो प्रभाद्वारा उत्तरजगत्‌लाई पनि आलोक दिँदै पूर्वजगत्‌को विभूति प्रकाशित गरिरहेछन् । वाङ्मय माध्यम गराएर त्यो आलोक सबैले भेट्टाउन सकिन्छ, वाग्विभूतिको सहाराले पर्दा हटी तेजिलो प्रभाको आलोक सहृदयका हृदयमा प्रतिबिम्बित हुन्छ ।

यस्तो विशिष्ट वाग्विभूतिको मूलभूत वाक्शक्तिलाई सदुपयोगमा ल्याउने चेष्टा सफल मात्र होइन, सुफल पनि भन्न सकिन्छ । यस शक्तिको प्रशस्त सफलता लिने विशेष योग्यता मानव-वर्गमा छ । विधाताबाट मानवजातिलाई मिलेको प्रसाद यही योग्यता हो । यसको असल उपयोगमा मानवीय शक्ति प्रशंसनीय बन्दछ ।

मानवीय शक्तिको उपयोग स्वार्थभन्दा परार्थतर्फ भएमा अति गौरवान्वित मानिन्छ । झन् त्यसमा सरसताले रञ्जकतासमेत भएमा मनोहर पुष्पमा सुगन्धको योग भन्न हुन्छ । विशिष्ट झैं सामान्य समेत विशाल क्षेत्रलाई अनुरञ्जित गराउँदै पूर्वप्रभाको आलोकतर्फ अभिमुख गराउने लक्ष्य लिएर यो लेखनी अग्रसर भएको हो । त्यस लक्ष्यमा नजीक पुगेर सफल हुन नसकेको विवेक प्रेमीहरूको हृदयमा हुनुपर्छ ।

प्राच्य साहित्यको साँचामा ढाली महाकाव्यको रूपमा २००५ सालमा प्रथम प्रकाशित यस पुस्तकको यो तृतीय संस्करण प्रकाशित गर्ने अवसर पूर्व-पाठकहरूबाट प्राप्त भएकोले विशेष कृतज्ञता ज्ञापन गर्दै यसपल्ट कहीं कुनै कुनै पदको संशोधन भएको कुरा पनि सूचित गर्दछु ।

विनीत–
सोमनाथशर्म्मा

प्रकाशकीय

नेपाली महाकाव्यको इतिहासमा अग्रणी र उत्कृष्ट मानिने महाकाव्य पण्डितराज सोमनाथ शर्मा सिग्द्यालको आदर्श राघव एउटा उपलब्धिपूर्ण रचना हो। अत्यन्त सुगठित, शास्त्रीय परम्परामा सर्वोत्कृष्ट र नेपाली महाकाव्यको आदर्श दृष्टान्तको रूपमा औंल्याउनुपरेमा सबभन्दा पहिले आदर्श राघवमै हाम्रो दृष्टि जान्छ। परिमार्जित शैली र प्रौढ लेखनका साथै गम्भीर चिन्तनको परिपाकले यस महाकाव्यलाई विशिष्ट र गरिमामय स्वरूप प्रदान गरेका छन्। पहिलोपल्ट यो महाकाव्य प्रकाशन गर्न पाएकोमा साझा प्रकाशन गौरव अनुभव गर्छ। यसका लागि श्रीमती ललितादेवी सिग्द्यालप्रति विनम्र आभार व्यक्त गर्दछौं।

साझा प्रकाशन

आदर्श राघव

(महाकाव्य)

प्रथम सर्ग

(वसन्ततिलका)

मङ्गल–

श्रीपूर्ण पञ्चमुख मूर्ति लिई सरूप,
सृष्टि-स्थिति-क्षय-निरोध-कृपानुरूप[1] ।
सच्चित्सुखात्मक निरञ्जन[2] तत्त्वरूप,
सम्झीरहौँ पशुपति प्रभुको स्वरूप ॥१॥

शाखा सरी भरिभराउ भुजा फिँजाई,
इच्छानुकूल फलफूल दिने रसीली ।
आनन्द-कन्दविच विस्तृत कल्पवल्ली[3]
गुह्येश्वरीतिर रमाउँछ चित्त-भृङ्ग ॥२॥

जो विश्वनायक विनायक एकरूप,
जो अद्वितीय गणनाथ सम-स्वरूप ।
ती विघ्नराज भइ विघ्न-विनाशकारी,
देव प्रसन्न-मुख[4]को महिमा छ भारी ॥३॥

संसार-सेतु सकल-व्यवहार-हेतु,
चौथो विकास[5] भइ विश्वभर प्रकाश ।

---

१. सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह यी पाँच लीलाअनुसार पञ्चमुख सगुण स्वरूप ।
२. वास्तवमा सच्चित्सुखस्वरूप निर्गुण । ३. कल्पलतास्वरूप । ४. गजमुख अथवा प्रसन्नमुख ।
५. वैखरीरूप व्यक्त शब्द ।

शब्द-प्रकार सब हो जसको प्रचार,
सो चित्पदार्थ पथ-दर्शक होस् यथार्थ ॥४॥

मस्तिष्क-गर्भगृह[1] सम्म हटाइ पर्दा,
आलोक लौकिक अलौकिकमा दिलाई ।
खोलीदिने हृदयमा झलमल्ल मार्ग,
प्रत्यक्ष-देव गुरु-देव भनी नुहुन्छु ॥५॥

भूलोक नन्दन बन्यो कविता-लताका,
शाखा गराइ, जसका यशका पताका ।
सम्झन्छु, ती अमर-पादप[2]ले समान,
वाल्मीकि आदि-कवि आदि कवि प्रधान ॥६॥

उपक्रम-

देदीप्यमान मणि झैं गुणका निधान,
विश्वेशको छ महिमा सबमा प्रधान ।
संसार-सार पुरुषोत्तम पुण्यमूर्ति,
श्रीरामचन्द्र हुनुभो उनका विभूति ॥७॥

सत्य-व्रत, प्रबल-शक्ति, अगाध-बुद्धि,
धर्म-स्थिति, प्रणत-रक्षण[3], चित्त-शुद्धि ।
आकल्प-कीर्ति[4], जन-रञ्जन, नीति-निष्ठा,
गर्छन् दिलीप-कुल-दीपक[5]को प्रतिष्ठा ॥८॥

भूलोक उज्ज्वल जय-ध्वजले उज्याली,
आकाशसम्म गुणको गणना उकाली ।
प्रख्यात पूर्वतन[6] भारतको पवित्र,
श्री[7] हो, महापुरुष राघवको चरित्र ॥९॥

आदर्श पाइ शुभ राघवको चरित्र,
प्राचीन चित्र यस भारतको पवित्र ।
लोभ्याउँदै नजर सज्जनका सभामा,
झल्कीरहेछ मधुर स्मितको प्रभामा ॥१०॥

१. मगजको भित्री खण्ड । २. कल्पवृक्ष । ३. भक्तको रक्षा । ४. कल्पान्तसम्म रहने कीर्ति । ५. दिलीपको कुलका दीपजस्ता । ६. प्राचीन । ७. सम्पत्ति ।

सम्झी महापुरुषको सुचरित्र-गात्र[1],
यो कोरियो सरल पञ्जर-मूर्ति[2] मात्र ।
चैतन्य रूप रस भाव भरी, उदार,
मर्मज्ञ सज्जन गरुन् यसको सुधार ॥११॥

नाना कवीन्दुहरु[3]को विमल प्रकाश
पारीरहेछ सुकिलो भुवनावकाश[4]
तारा-समूह पनि गुम्म भईरहेछ,
ज्योतिष्मती[5] जुनकिरी कसरी हुनेछ ॥१२॥

विस्तार वर्ण-गणका अति छन् उदार,
प्रस्तार[6] गुम्फनविषे पनि छन् अपार ।
माऊहरू गगनमा भरिए घनेरा,
फत्याकफुत्रुक गरुन् विचरा बचेरा ॥१३॥

भूभागमा बहिरहेछ सरस्वतीको,
प्रत्यक्ष गुप्त पनि धार तरी तरीको ।
जे होस् प्रकाश-पथमा रस धेरथोर,
सामान्य लोक-मतको यसमा छ जोर ॥१४॥

भागीरथी सरह राघव-कीर्ति खासा,
छन् श्याम-वर्ण यमुना-सम लोक-भाषा ।
संयोग-सिद्ध यिनको र सरस्वतीको,
यो तीर्थराजबिच[7] होस् लय जिन्दगीको ॥१५॥

छोडी अपूर्व रस रूप, विशेष भावा-
लङ्कारको चमकमा नगरेर दावा ।
सौभाग्य केवल लिई प्रकृति-प्रभा[8]मा,
वाणी ! अगाडि सर सज्जनका सभामा ॥१६॥

गूँज्यो जहाँ कु-श-ल-वाद्य[9]-निनाद पैल्हे,
होला त्यहाँ अकुशल ध्वनि योग्य कैल्हे ।
जे होस्, कृपा-कुशल दृष्टि जगत्पिताको
पाई, चढोस् कुशल-वृत्त[10] उही उहाँको ॥१७॥

१. शुभ चरित्रस्वरूप गाथ । २. कोरा मूर्ति । ३. कविस्वरूप चन्द्रमा । ४. लोकको आकाश । ५. प्रशस्त तेज हुने । ६. तलमाथि फरक र अदलबदल गरिने रचना । ७. प्रयागजस्तो उत्तम तीर्थ । ८. प्राकृतिक शोभा । ९. कुशलवको आद्यसङ्गीत वा कुशल जनको वाद्यशब्द । १०. पुण्य चरित्र ।

साकेत–

भूलोक मध्य-मणि[1] हो भुवनावली[2]को,
यो द्वीप हो चहकिलो मुहुडा यहीँको ।
यो हो त्रिकोण[3] कट भारतवर्ष खास,
साकेत हो किरण-केन्द्र[4] बनी प्रकाश ॥१८॥

हो देश कोशल पुरातन-शिल्प-सिद्ध[5],
सौराज्य[6]ले जगमगाइ अति प्रसिद्ध ।
प्रख्यात नै छ जसको नगरी अयोध्या
भन्थे विपक्षहरु[7]ले पनि हो अयोध्या ॥१९॥

आफैँ बनी जल-तरङ्ग, चढाइ रङ्ग,
सङ्गीतको मधुरिमा गरि अन्तरङ्ग ।
गुन्जाउँदै विपुल कोशल-देश-रङ्ग,
नाच्छन् निरन्तर जहाँ सरयू-तरङ्ग ॥२०॥

खम्भा खडा गरि जहाँ दृढ धर्मरूप,
चढ्दै सिँढी पर सिँढी महिमानुरूप[8] ।
उक्ली ककुत्स्थ पृथिवी-रवि[9]का घरान,
गुन्जाउँथे त्रिदिवमा विजयावदान[10] ॥२१॥

जो वीर धीर चिर-भारतका सपूत,
जन्मे जहाँ भुवन-भूषण राजपूत ।
मौला गडाइ यिनले यशका रुपौला,
औलादको असर नाम जडे सुनौला ॥२२॥

खान्दान माफिक दृढव्रत शक्तिधारी
पाएर वीर पति पुत्र, अनेक नारी ।
हुने यहाँ भरत-भूमि-समान, नाता
जोडेर वीर-रमणी अनि वीर-माता ॥२३॥

पूर्ववृत्त–

जस्तो छ जे छ अहिले, तर पूर्वकाल
गर्दो छ पूर्ण महिमा मनमा बहाल ।

---
१. बीचको मणि । २. भुवनका माला । ३. तीनकुने । ४. किरणको मध्यबिन्दु । ५. प्राचीन शिल्पबाट बनेको । ६. असल राज्यव्यवस्था । ७. शत्रु । ८. महिमाअनुसार । ९. पृथ्वीका सूर्य । १०. विजयको गाथा ।

वाल्मीकिका नजरको इतिहास-लेख
गुञ्जीरहेछ, कसरी कहनू अदेख ॥२४॥

इक्ष्वाकु-वंशज ककुत्स्थ-भगीरथादि
राजर्षिको लिइ विवेक विचार आदि ।
मर्मज्ञ धर्मविजयी[1] रघुको व्यवस्था
चल्दा, थियो असल कोशलको अवस्था ॥२५॥

स्त्री बाल वृद्ध अबल द्विजसम्म सारा
गर्दै सदा अभयको महिमा पुकारा ।
प्राचीन धर्म-पथ[2]को जय-वैजयन्ती[3]
उँचो खडा गरि, जनाउँदथे जयन्ती ॥२६॥

संसारको सफरमा तल माथि गर्दा,
हैरान भै विलखबन्द समेत पर्दा ।
विश्रान्त भै कति महर्षि गुफा गुफामा,
लिन्थे अनन्त सुखशान्ति यही दिशामा ॥२७॥

शोभा थियो चरणमा मुकुट-प्रभा[4]को,
आभा थियो हृदयमा शुभ भावनाको ।
बस्थे स्वतन्त्र, फलमूलहरू रुचाई
भूदेव पावन तपोवनमा रमाई ॥२८॥

भूपाल पालन गरी सकल प्रजाको
आनन्दमा जग जमाइ जय-ध्वजाको ।
अन्तर्विचार[5]तिर अन्त्य उमेरलाई
फर्काउँथे, मन तपोवनमा बिसाई ॥२९॥

जातीय गौरव लिएर, विवेक शान्ति ।
उद्योग जाँगर बढाइ, चढाइ कान्ति ।
पस्नै नदी हृदयमा भय मोह शोक,
आनन्द-सुन्दर थिए सब जीव-लोक ॥३०॥

स्वर्गीय रश्मि-लहरी[6] भरिँदै धरा[7]मा
दिव्य प्रकाश सबतर्फ उदाउँदामा ।

---
१. धर्मनीतिले विजय गर्ने । २. धर्ममार्ग । ३. विजयको पताका । ४. मुकुटको कान्ति । ५. भित्रको विचार । ६. किरणको लहरी । ७. पृथ्वी ।

संसारको उदय बाद शुभ प्रभाले
दोस्रो भयो प्रहर यो भनि भन्न थाले ॥३१॥

प्राचीन चित्र लिइ भारतको महत्त्व
गम्दा, हुँदैन कसको मनमा ममत्व ।
लोहा नँचाउँदछ चुम्बकको प्रभाव,
वर्षा हुँदा रस रसाउनु हो स्वभाव ॥३२॥

पितृमातृ-वृत्तान्त

याहीं सदा विनयले नयले[1] उदेक
पार्ने, भए दशरथ क्षितिपाल[2] एक ।
यी हुन् प्रसिद्ध रघुको कुलमा द्वितीय,
दौडाउने दश दिशा रथ अद्वितीय ॥३३॥

सन्याय[3]ले घनन नित्य बजाइ घण्टा ।
अन्यायको दमनलाइ दिएन घण्टा ॥
फुर्ये सनातन निशान सरी यहाँका,
सन्तोषको महलका सुकिला पताका ॥३४॥

आस्तिक्य[4]को चहक, सज्जनको निवास,
आनन्दको महक, मङ्गलको सुवास ।
सद्धर्म[5]को गमक, वैभव[6]को विकास,
आचारको चमक पूर्ण थियो प्रकाश ॥३५॥

पाएर गम्म अवलम्व नृपाल नामी,
वर्णाश्रम-स्थिति[7] कुलायन धर्म थामी ।
सन्तोषको रस रसाइ नसा नसामा
बस्थे समस्त जन मस्त भई प्रभामा ॥३६॥

रानी थिइन् प्रथम, दक्षिण-कोशलेश-
पुत्री[8] पवित्र शुभ-शीलवती विशेष ।
दोस्री चलाक अति केकयराज-कन्या[9],
तेस्री विनीत मगध-क्षितिपाल-जन्या[10] ॥३७॥

---

१. नम्रताले र नीतिले । २. राजा । ३. असल नीति । ४. आस्तिकपना । ५. असल धर्म । ६. सम्पत्ति । ७. चार वर्ण र चार आश्रमको मर्यादा । ८. दक्षिण कोशल देशकी राजकुमारी । ९. केकय देशकी राजकुमारी । १०. मगध देशकी राजकुमारी ।

यी तीन भूमि, कमला अनि शारदा[1]ले,
सेवा गरे नृपतिको हरि-भावनाले ।
निःस्वार्थमा त्रिगुण[2]को हुन आइ योग,
दिन्थ्यो महापुरुषलाइ अनन्त भोग ॥३८॥

धर्मार्थ-कामहरुमा यिनको सहारा
पाई, मनोहर थिए गृहराज्य सारा ।
मिल्दा त्रिशक्ति-बल[3] निर्मल अन्तरङ्ग
साथै, बदल्छ बहिरङ्ग समेत रङ्ग ॥३९॥

गम्भीर, भक्त, कुशल, स्थिर, शूर, वीर
मन्त्री थिए प्रिय सुमन्त्र कुलीन धीर ।
मार्ग-प्रदर्शक[4] थिए गुरु धर्म-निष्ठ
खम्बा-समान निगमागम[5]का वशिष्ठ ॥४०॥

सर्वज्ञ योग्य गुरु, निर्मल कर्मचारी
भक्त प्रजाजन, विवेक विचार भारी ।
विख्यात शक्ति, अति उज्ज्वल धर्म-नीति,
संयोगबाट यिनको फिँजियो सुकीर्ति ॥४१॥

अपुत्रता–

भूपाल[6]ले असल चाल शुभ व्यवस्था
साथै चलाइरहँदा निज राज्य-संस्था[7] ।
थामेर बोझ वय ढल्कन लागिहाल्यो,
विश्राम-मार्ग[8] नहुँदा मन सोच्न थाल्यो ॥४२॥

संसार षड्रस भरेर भई तयार
आस्वाद दिन्छ बहुधा समयानुसार[9] ।
आनन्दमा पनि मिसाउँछ दुःख केही,
जेले झसङ्ग भइ भित्र पिरिन्छ देही ॥४३॥

याहाँ रहेनछ कहीं सुख सोह्र आना,
जाहाँतहीं कम कुनै न कुनै छ बाना ।
साम्राज्यको पद[10] समेत रहेन पूर्ण,
निःशेष विश्व रचिएछ यसै अपूर्ण ॥४४॥

---

१. पृथ्वी, लक्ष्मी, सरस्वती । २. सत्त्व, रज, तम । ३. प्रभुशक्ति, मन्त्रशक्ति, उत्साहशक्तिको बल । ४. बाटो देखाउने । ५. वेदशास्त्र । ६. राजा । ७. राज्यको स्थिति । ८. बिसाउने बाटो । ९. बखतअनुसार । १०. चक्रवर्ती पद ।

सीधा भएर कहिले, कहिले त वक्र,
घुम्दो रहेछ नअडी दृढ कर्म-चक्र ।
संस्कारसाथ यसको, सुख दुःख शोक
बोकेर माथि तल गर्छ अशेष लोक ॥४५॥

कर्मानुसार बहुधा बदलेर हाल,
चल्दो रहेछ सब लोक विचित्र चाल ।
देखाउँदो छ चटकी नट-तुल्य काल
संसार-रङ्ग[1] भर अद्भुत इन्द्रजाल ॥४६॥

नाना थरी रङ भरी यस विश्वभित्र
संसार-चित्र-पट[2] बन्छ बडो विचित्र ।
छाया प्रकाश तकको बदलेर काया,
पाया जमाउँछ यहाँ बहुरूप माया ॥४७॥

संसारमा सब चराचर छन् अनित्य,
योदेखि बाहिर छ उज्ज्वल सत्य नित्य ।
धारा-प्रवाह-गति[3] लौकिक यो चलाई,
लाग्छन् सुधीजन अलौकिक खोजलाई ॥४८॥

विख्यात पूर्वजनको अनुसारमा यो
भूभार-धारक[4] हुने अधिकार आयो ।
हा ! हा ! चुँडाइ कसरी कुल-तन्तु भारी,
जाऊँ कहाँ, सब यसै अलपत्र पारी ॥४९॥

धारा अटूट गरि पूर्वजको समान
ढाकोस् समुद्रतक उज्ज्वल कीर्ति-गान ।
भन्ने दिँदो छ शुभ सूचनको प्रसङ्ग,
धाराधर-ध्वनि[5] गरी सरयू-तरङ्ग ॥५०॥

यो राजकाज हुनगो रसिलो अगाडि,
विश्राम-शून्य भइ नीरस भो पछाडि ।
देखिन्न, छैन, पछिको विषयाधिकारी[6],
उम्कूँ बिसाइ कसको शिरमाथि भारी ॥५१॥

१. संसाररूपी रङ्गभूमि । २. संसाररूप चित्र । ३. सिलसिलेवार । ४. पृथ्वीको भार बोक्ने । ५. मेघको जस्तो ध्वनि । ६. मुलुकको उत्तराधिकारी ।

यो दिव्य भोग, असमान कमान, मान,
लोकानुराग[1], शुभ वैभव, वीर-गान ।
सारा भए पनि, सुपुत्र विना अँध्यारो,
संसारको सुख भएन कुनै पियारो ॥५२॥

विद्या विना मनुज-जन्म[2] ठहर्छ थारो,
ऐश्वर्य लोक-हित कार्य विना लठारो ।
कान्ता विना गृह कुटुम्बहरू पसारो,
संसार पुत्र-मुख-चन्द्र[3] विना अँध्यारो ॥५३॥

झल्कन्छ पुत्र-मुख-मण्डल[4]को जुनेली,
आलोक[5]मा सम भई झुपडी हवेली ।
आनन्द-सागर[6]महाँ पनि बढ्छ भेल,
गर्छन् प्रफुल्ल भइ नेत्र-चकोर खेल ॥५४॥

दिव्य प्रवास-पथ[7]सम्म दिने सहारा,
विश्राम-धाम मनको, सुख शान्ति-धारा ।
संसारको गगन उज्ज्वल गर्न तारा,
सत्पुत्र हो भनि झुराउँछ लोक सारा ॥५५॥

वेस्वार्थमा मन उमालि गयो जवानी,
इच्छा छ दिव्य-पथमा लिन मेजवानी ।
वैलाइ पितृ-ऋणले, नदिई जमानी,
जाँदा दिनेछ कसले अब अन्नपानी ॥५६॥

श्रीरामादिजन्म–

फिक्री गरेर यसरी नरदेव-देवी,
लागे निरन्तर रिझाउन देव-देवी ।
सत्कर्ममा श्रम गरी लहरी बढाए,
सद्धर्म-कल्पतरु[8]का मुजुरा रसाए ॥५७॥

पूजा-विधान विविध व्रत बढ्न थाले,
आराधना-विधि धमाधम चढ्न थाले ।
दान प्रदान जप पाठ खुले सकाम
दीन द्विज क्षुधित, तृप्त भए तमाम ॥५८॥

१. लोकको प्रेम । २. मनुष्यको जन्म । ३. पुत्रको मुखरूपी चन्द्रमा । ४. छोराको मुखमण्डल । ५. प्रकाश । ६. आनन्दको समुद्र । ७. परलोकको, परदेशको बाटो । ८. सद्धर्मरूपी कल्पवृक्ष ।

श्रीऋष्यशृङ्ग ऋषिबाट भयो प्रयोग,
श्रद्धा र भक्ति दुइको लिइ पूर्ण योग ।
सत्कर्मको चमकमा तम दूर भाग्यो,
हर्षाश्रु[1]को भल बगाउन भाग्य जाग्यो ॥५९॥

जाँदैन सत्य शुभ कर्म कदापि खेर,
हुन्थ्यो चुरो वचनमा किन हेरफेर ।
सङ्कल्प-कल्पतरु[2]का फल झैँ अपार,
जन्मे सुपुत्र पुरुषार्थ-समान[3] चार ॥६०॥

पन्साउँदै तम[4] समस्त दिशा दिशाको
आलोक लोकभर छाइ कला कलाको ।
श्रीरामको उदय कोसल-वंशजा[5]मा
भो हर्ष-हेतु, अरुणोदय झैँ उषामा ॥६१॥

दोस्रा भए भरत केकय-कन्यका[6]मा,
शत्रुघ्न लक्ष्मण दुवै मगधाङ्गजा[7]मा ।
यी चार उज्ज्वल कुमार उदाउनाले,
चारै दिशा झलमलाउन लागिहाले ॥६२॥

धर्मार्थकाम, पितृको ऋणबाट मुक्ति,
सम्मन् सधाइ, गरि जीवन कार्य चुक्ति ।
पूरा गरे नृपतिले पुरुषार्थ चार,
लाग्यो उदार परमेश्वरमा पुकार ॥६३॥

पन्साउँदै स्तर तरङ्ग, खुलाइ रस्ता,
सद्धर्मको उदधि[8]मा तलसम्म पस्ता ।
पोल्टाभरी क्षितिप[9]का, भरिए पवित्र
चिन्तामणि, त्रिदिव[10]सम्म गराइ चित्र ॥६४॥

क्लेशान्तमा हृदय-शान्ति हुँदा सहेली,
चिन्तान्तमा अब फुक्यो मनको पहेली ।
वर्षान्तमा प्रकट भो सुषमा जुनेली,
रात्र्यन्तमा हुनगयो सुकिलो हवेली ॥६५॥

१. हर्षको आँसु । २. सङ्कल्परूपी कल्पवृक्ष । ३. चार पुरुषार्थ जस्तै । ४. अन्धकार ।
५. कौशल्या । ६. कैकेयी । ७. सुमित्रा । ८. समुन्द्र । ९. राजा । १०. स्वर्ग ।

सौभाग्यले बखत यो चटका हरायो
साकेतको तखतमा खटका हरायो ।
सिन्दूर-विन्दु बलियो गरियो धराले,
आनन्द-कन्द भरियो नव पालुवाले ॥६६॥

नक्षत्र साथ लिइ निर्मल पूर्ण चन्द्र
जस्तै हुँदा प्रकट सानुज[1] रामचन्द्र ।
आनन्द-मग्न जन मस्त भएर नाचे,
सन्तोषको रस अनन्त गराइ साँचे ॥६७॥

आनन्दोत्सव–

(स्वागता)

रामचन्द्र अवतीर्ण हुँदामा
कान्ति शान्ति भरिए जनतामा ।
अन्धकार मनको पनि भाग्यो
हर्षको उदधि उर्लन लाग्यो ॥६८॥

बालचन्द्र झलमल्ल हुनाले
लोकका नयन उघ्रन थाले ।
तेजिलो चहक फैलिइहाल्यो,
दिव्य वैभव[2] यहीं हुन थाल्यो ॥६९॥

उज्ज्वल ध्वज असङ्ख्य फिंजारी
पुष्पले सब शरीर सिँगारी ।
दीपरूप पहिरी मणि-माला,
देखिइन् अवध-भू नव वाला ॥७०॥

विप्र बन्धु दुनियाँहरु आई,
राजसौध[3] गुलजार गराई ।
धन्यवाद गरि हर्ष मनाए,
दैवको गजब गौरव गाए ॥७१॥
हर्ष-गद्गद भई नृपबाट,
खोलिए सरस उत्सव-फाँट ।
बक्सियो बकस बेस विशेष,
फैलियो सुयश देश विदेश ॥७२॥

१. भाइसमेत । २. दिव्य सम्पत्ति । ३. राजदरवार ।

(मालिनी)

दिन दिन चहकीलो पक्षका बालचन्द्र
सरह रुचि बढाई शोभिँदा रामचन्द्र ।
दशरथ पृथिवीका नाथकी राज्यलक्ष्मी
सहित भइ सुहाइन् भव्य गार्हस्थ्य-लक्ष्मी[1] ॥७३॥

इतिश्री रामचन्द्र जन्म प्रथम सर्ग

•

१. गृहस्थाश्रमको शोभा ।

द्वितीय सर्ग

(इन्द्रवंशा)

गार्हस्थ्य–

रक्षा गरी निर्मल वर्ण–धर्मको,
कक्षा चढी आश्रम–पुण्य कर्मको ।
गार्हस्थ्य भो भूपतिको, त्रिवर्ग[1]को,
आधार, बाधाहर[2] लोक–सर्गको ॥१॥

संसार हो क्षेत्र अपूर्व कर्मको
आधार हो भारत पूर्व–धर्मको ।
गार्हस्थ्य हो केन्द्र पवित्र चित्रको
आदर्श हो भद्र चरित्र भित्रको ॥२॥

शान्ति, व्यवस्था, श्रम, दास्य, कर्म हुन्,
पूर्व–व्यवस्थापित[3] वर्ण–धर्म हुन् ।
भारी सु–वर्णाश्रम[4] भारतीय हो,
चौखण्ड शोभा यिनको सु–वास[5] हो ॥३॥

तत्त्वोपदेश–श्रवणादि[6] आद्यमा,
सन्मार्ग–चर्चा मनन[7] द्वितीयमा ।
एकाग्रता ध्यान हुँदा तृतीयमा,
उक्लन्छ तुर्याश्रम[8] आत्म–लाभमा ॥४॥

पाया बलीया लिइ चार अर्णका,
गद्दी गरी आश्रम चार रङ्गका ।

१. धर्म, अर्थ, काम । २. लोकको सृष्टिको बाधा हर्ने । ३. पैल्हेकाले व्यवस्था गरिएको । ४. चार वर्ण र चार आश्रम वा सुवर्णको आश्रम । ५. असल वास वा सुगन्ध । ६. तत्त्व उपदेश आदिको श्रवण आदि । ७. असल मार्गको चर्चा मनन । ८. चौथा आश्रम ।

देखिन्छ अत्युन्नत[1] भारतीयको
जातीय सिंहासन आर्य–धर्मको ॥५॥

खम्भा सरी आड हुँदा गृहाश्रम,
लिन्छन् प्रतिष्ठा अरु तीन आश्रम ।
यो स्थानमा मान लिने नरेन्द्र[2] हुन्,
आधार साधारण धर्म–केन्द्र हुन् ॥६॥

गार्हस्थ्य नै आश्रममा छ तेजिलो,
आधार नाना जनको फराकिलो ।
सिद्धान्त यो सिद्ध विशुद्ध भन्दछन्,
साक्षी छ आगो, बरु तीन भेष छन् ॥७॥

भूलोक नै हो जग देव–लोकको,
गार्हस्थ्य हो आश्रय देव–लोकको ।
साँचो यही हो तलमाथि लोकको
आलोकको द्वार उघार्न लोकको ॥८॥

आतिथ्यले भूतल–जीव–पोषण[3],
श्राद्ध–क्रियाले पितृ–वर्ग–तोषण[4] ।
यज्ञार्चना[5]ले गरि देव–सेवन,
तीनै तलाका प्रिय छन् यिनै जन ॥९॥

शुद्धयाइ हावा शुभ हव्य–गन्ध[6]ले,
आकाश भर्दै नव–होम–धूमले ।
भू–भागमा ओषधि अन्नले भरी,
गर्छन् गृहस्थ स्थिति पुष्टि बेसरी ॥१०॥

शाखा बढाएर समाज–सर्ग[7]को
रक्षा गरी उत्तम कर्म–वृक्षको ।
संस्कार गर्दै फलफूल भर्दछन्
संसार उद्यान[8] यिनै बनाउँछन् ॥११॥

१. अति उँचो । २. श्रेष्ठ पुरुष । ३. पृथ्वीमा प्राणीको पोषण । ४. पितृहरूलाई सन्तोष । ५. यज्ञपूजा । ६. असल हविको गन्ध । ७. समाजको सृष्टि । ८. बगैँचा ।

दशरथको गृहश्री–

गेहाश्रम–श्री लिइ पारिवारिक
भूपालको जीवन दीर्घ–कालिक[1] ।
आदर्श ळैँ सभ्य–समाजमा थियो,
सत्कर्मको यो परिपाक देखियो ॥१२॥

सम्पन्न ऊँचो कुल लोक–पूजित,
दाम्पत्य–शोभा[2], बहु पुत्र शिक्षित ।
धर्मानुराग स्थिर, दीर्घ जीवन,
यी हुन् गृहस्थी स्थितिमा सुखीपन ॥१३॥

पत्नी सुशीला घरमा रमा[3] सरी
सत्पुत्र नीराजन–दीपिका[4] सरी ।
गार्हस्थ्यमा पुष्टि गरी, थरी थरी
आनन्द दिन्थे नृपलाई बेसरी ॥१४॥

स्नेहार्द्र[5] एकै कुल–तन्तु, गेहको
शोभा दिने दीपक हुन्छ लोकको ।
चौतर्फ फुर्दा मणि–दीपको प्रभा
बन्थ्यो सुधर्मा[6] पृथिवीन्द्रको सभा ॥१५॥

बाल–संस्कार–शिक्षा–

बाँहाँ सरी सात्त्विक देवमूर्तिका,
साहाय्यमा योग्य उपाय–पूर्तिका ।
खम्भा खँदीला नृप–पीठ लायक,
बढ्दै गए चार नृपाल–बालक ॥१६॥

आशीषको वृष्टि मिली वसिष्ठको
कल्याणको वृष्टि पनि क्षितीशको ।
संस्कार कालोदित[7] पाउँदै गए,
संस्कार कालोचित छाउँदै गए ॥१७॥

सन्तानको जीवन–शुद्धि–साधन[8],
माता पिताको पद हुन्छ शोभन ।

१. धेरै समयसम्मको । २. स्त्रीपुरुषको प्रेमको शोभा । ३. लक्ष्मी । ४. नीराजनको बत्ती । ५. चिल्लो वा प्रेमले भिजेको । ६. देवताको सभा । ७. समय–समयमा बताएको । ८. जीवनलाई शुद्ध गराउने ।

रक्षा र शिक्षा थिनको सुदृष्टिमा
सौभाग्य भर्छन् शुभ भाग्य-सृष्टि[१]मा ॥१८॥

शिक्षा-सुधा कोमल बाल-कालमा
भिज्दै गई चाल्दछ चित्त चालमा ।
छाँटिन्छ आलो बिरुवा जसो गरी
झाँगिन्छ सोझिन्छ नुहुन्छ सो सरी ॥१९॥

रक्षा गरी कोमल हाल हालको
शिक्षा खुल्यो लायक काल कालको ।
दीक्षा[२] सम्माली अब चाल चालको,
कक्षा चढे ती सब साल सालको ॥२०॥

शिक्षा चल्यो वेद, षडङ्ग, शास्त्रको,
सन्नीतिको, शौर्य र शस्त्र अस्त्रको ।
तारो निशाना र शिकारको अनि,
व्यायामको वाहन-यानको पनि ॥२१॥

चारै थिए निर्मल, किन्तु राममा
विद्या भए उज्ज्वल पूर्ण-भावमा ।
सूर्य-प्रभा[३]मा मणि-तेज बद्दछ,
हीरा सबैमाथि धपक्क बल्दछ ॥२२॥

सानै छँदादेखि महत्त्व राममा
देखेर गन्थे सब होनहारमा ।
हुन्छन् हरीया दल बाल-वृक्षमा,
जो छाउनेछन् फल वेस पक्षमा ॥२३॥

विद्याहरूले अभिराम रामको
उक्ली तला गौरव, याम यामको ।
मौका नछोडी अब काम कामको
भुक्तान दिन्थ्यो सब दाम दामको ॥२४॥

आकार तेजी विनयी बरोबर,
बोली सुधाको रसमा सरोवर
विज्ञानले शोभन रामको मन,
गर्ने भयो सज्जनलाइ रञ्जन ॥२५॥

१. असल भाग्यको सृष्टि । २. नियम । ३. सूर्यको प्रभा ।

आभा बिँढामा मुखको प्रभावले,
शोभा लिँढामा मधुर स्वभावले ।
गम्भीरता-मिश्रित[१] मुग्ध-भाव[२]ले
खिच्ता, नुहुन्थे सब शुद्ध भावले ॥२६॥

आफूसको प्रेम मिली मिलाइमा,
एकत्व पाऱ्यो सब भाइ भाइमा ।
आकारले मात्र विभेद देखियो,
आत्मा सबैको अविभिन्न नै थियो ॥२७॥

गर्थे सबै प्रेम असीम[३] राममा,
मिल्थे सदा लक्ष्मण एक-भावमा ।
सूर्य-प्रभा पर्दछ गैह लोकमा,
सौभाग्य उघ्रन्छ उषा-सरोजमा ॥२८॥

विश्वामित्रको आगमन–

जानेर यो गौरव पारिवारिक,
आए त्यहाँ भेट्न महर्षि कौशिक[४] ।
सत्कार-विस्तार गरेर भूपले,
पाए शुभाशीष विशेष रूपले ॥२९॥

"निर्विघ्न होला भरिलो तपोवन;
फल्छन् यसैमा फल शान्ति-साधन ।
सेवार्ह[५] केही छ कि भक्तको" भनी,
सोधे नुहाई शिर भूपले अनि ॥३०॥

"आहा ! महाराज ! कुमार जन्मले
आभा बढायो प्रबल प्रभावले ।
सौराज्यको ज्योति अखण्ड देखियो",
भन्ने शुभाशा मुनिले सुनाइयो ॥३१॥

"यो वंश हो रक्षक विप्र धर्मको,
बाटो नटुट्ला अब जाति-कर्मको ।
सन्तान होऊन् यसलाइ लायक,
सत्कार्यमा बन्न सकून् सहायक" ॥३२॥

१. गम्भीरपना मिसिएको । २. सुन्दरता । ३. सीमारहित । ४. विश्वामित्र । ५. सेवायोग्य ।

यो भूपको सूक्ति सुनी तपोधन,
बोले खुशीसाथ खुलाइ लोचन ।
"हो हो महाराज ! यही सुदृष्टि हो,
कल्याणको लायक बीज-सृष्टि हो ॥३३॥

रक्षा गरी क्षत्रिय-जाति बढ्दछ,
कल्याणको मन्दिर माथि चढ्दछ ।
अन्योन्य-सम्बन्ध[1] छ धर्म अर्थको,
यो भावना नाशक हो अनर्थको ॥३४॥

चाहन्छु केही दिनलाइ रामको
साहाय्य, रक्षार्थ[2] नवीन यज्ञको ।
उत्पातको घातक[3] भै सहायक
पाऊँ यिनै लायक वीर बालक" ॥३५॥

यो शब्दले वायु-तरङ्ग अङ्गमा
भर्दा, उछाली भल अन्तरङ्गमा ।
हल्लाउँदै हृत्कमल[4] क्षितीशको,
बाढी बढायो बहुधा वितर्कको ॥३६॥

'आज्ञा महात्मा मुनिको अमोघ[5] छ,
छोरा कलीलो छ, सिकारु हात छ ।
उज्जण्ड ती राक्षसको बथान छ,
साहाय्य आफैँ दिन जानु बेस छ ॥३७॥

सौभाग्यको चिह्न बुढेस कालको
सुम्पूँ कसो, अन्न सरी अकालको' ।
यस्तै गरी तर्क वितर्क, भूपति
बोल्नै सकेनन् मुख शोषिँदा अति ॥३८॥

देखेर आक्रान्त नृपाल शोचले
सन्देह मेटेर भने वशिष्ठले ।
"राजन् ! नहोस् संशय कत्ति चित्तमा,
विश्वास होस् पूर्ण महर्षि-वाक्यमा" ॥३९॥

---

१. परस्पर सम्बन्ध । २. रक्षानिमित्त । ३. उत्पातलाई नाश गर्ने । ४. हृदय-कमल
५. अव्यर्थ ।

आदेश यो मानि, गरी शिरोपर,
वात्सल्य[1]को भित्र बनी सरोवर ।
भूपालले मङ्गलको सुलक्षण
सम्झेर, सुम्पे दुइ राम लक्ष्मण ॥४०॥

भूदेव[2]को केवल शान्ति धर्म हो,
भूपालको बाहु-बल स्व-कर्म हो ।
यो नीतिको मर्म-विवेकमाफिक,
अर्थी बने सर्व-समर्थ कौशिक ॥४१॥

कर्तव्य हो क्षत्रियको कुलोचित,
दुःखार्त[3]अर्थी द्विज धर्मको हित ।
सुम्पी प्रिय प्राण-समान बालक
राजा भए पूर्वज-कीर्ति-पालक[4] ॥४२॥

आश्रमतिर प्रस्थान–

सन्तोष मानेर महर्षि हर्षमा,
बर्षाइ आशीष विशेष रूपमा ।
गर्दै प्रशंसा नृपको स्व-धर्ममा,
यात्री बने तत्पर भै स्व-कर्ममा ॥४३॥

श्रेणी बनी कौशिक राम लक्ष्मण,
जाँदा तपोधामतिरै त्यही क्षण ।
आनन्द-धामाभिमुख त्रिवर्ग[5]को,
शोभा भयो, गौरवलाइ सर्गको ॥४४॥

सत्तीर्थमा कौशिकको प्रसादले,
पाई रहस्यास्त्र[6] समेत रामले ।
वीरत्वको स्फूर्ति चढाइ आँचमा,
संस्कार जस्तो गरियो सुवर्णमा ॥४५॥

गर्दै पुराना रमणीय कीर्तन,
भर्दै खुशीमा नृप-पुत्रको मन ।
देखाउँदै दृश्य, अनेक सूक्तिले,
बाटो कटाए सहजै महर्षिले ॥४६॥

---

१. स्नेह । २. ब्राह्मण । ३. दुःखले पीडित । ४. पुर्खाको कीर्ति थाम्ने । ५. आनन्दमय मोक्षधामतिर लागेको धर्म, अर्थ, काम । ६. गुप्त अस्त्र ।

पाई प्रसादी मनमा रमाउँदै,
स्वाधीन शोभा वनको रुचाउँदै ।
गर्दै कुराले मुनि-चित्त-रञ्जन[1],
श्रीरामले देख्नुभयो तपोवन ॥४७॥

वर्षा गरे धीर समीर-साथमा,
फुल्दै लताले मकरन्द[2] माथमा ।
गाए सुसेल्दै मृदु गीत बाँसले,
गर्दै थिए स्वागत कृष्णसारले ॥४८॥

विश्वामित्राश्रम-

शोभा थियो आश्रमको मनोहर,
आभा र छाया मुछिँदा सरोवर ।
चुर्लुम्म भै बालकसम्म शान्तिमा,
देखिन्नथे कम्ति कदापि कान्तिमा ॥४९॥

गुँजीरहेको श्रुतिको पद-क्रम[3],
देखिन्छ एकान्त पवित्र आश्रम ।
चौतर्फ वातावरण प्रशान्त छ
सत्कर्मको आचरण प्रशस्त छ ॥५०॥

सफ्फा छ चारैतिर, वृक्ष ऋम्म छन्,
छाया छ गाढा, फलफूल गम्म छन् ।
चौगिर्दमा कोमल घाँस टम्म छन्
चर्दै जहाँ गो, मृग आदि डम्म छन् ॥५१॥

खुल्दैरहेका छहराहरू कहीँ,
फुल्दैरहेका लहराहरू कहीँ ।
शोभा लिएका पहराहरू कहीँ,
शोभाउने पाप-हरा[4] नदी कहीँ ॥५२॥

एकान्तमा छन् बिरलाकुटी कुटी,
चौतर्फ छन् घाँस सरी जरीबुटी ।
गर्छन् कहीँ सोम-लता कुटी कुटी,
वेद-ध्वनि ब्राह्मण यज्ञमा जुटी ॥५३॥

१. मुनिको मनमा आनन्द । २. पुष्परस । ३. वेदको प्रस्तारविशेष । ४. पाप नाश गर्ने।

जाहाँतहीँ चल्दछ काम होमको,
मुस्लो उठेको छ पवित्र धूमको ।
डङ्गुर देखिन्छ समित्कुशादि[1]को,
चल्दो छ सद्गन्ध[2] सदा घृतादिको ॥५४॥

श्रौताग्नि[3]को साँझ बिहानको प्रभा,
मिल्दा, सुनौला भइ फैलिँदा विभा ।
गो-जाति जम्मै कपिला ठहर्दछन्,
सारा कुटी दिव्य निवास बन्दछन् ॥५५॥

सीधा र साधा छ विचार लोकको,
देखिन्न सञ्चार[4] विषाद शोकको ।
सन्तोषको नै मनमा छ सञ्चय,
आनन्दको बज्छ जताततै जय ॥५६॥

काहीँ छ चर्चा विधिवाद[5] वेदको,
काहीँ छ अर्चा स्तुति-गान देवको ।
काहीँ छ अध्यात्म-विचार-चातुरी[6],
काहीँ नयाँ यज्ञविषे छ आतुरी ॥५७॥

छाला बिछ्याएर, अडचाइ दण्डिका[7],
झुण्डचाइ शाखातिर पुष्प-कुण्डिका[8] ।
घोक्छन् छहारीमनि वेद-कण्डिका,
गर्दै वटु-ब्राह्मण-वर्ग गुण्डिका[9] ॥५८॥

काहीँ कुनामा मुनि योग-मग्न छन्,
काहीँ कुनै तत्त्व-विवेक-लग्न[10] छन् ।
काहीँ छ शुष्केष्टि-विधान[11]को प्रभा,
काहीँ छ आचार विचारको सभा ॥५९॥

यो पूज्य पुण्याश्रममा धमाधम,
मिल्दा तपस्वीहरुको समागम ।
आनन्द भो, नित्य गरेर वन्दन,
आशीष पाएर, कुमारको मन ॥६०॥

१. समिधा कुश आदि । २. सुवास । ३. वैदिक अग्नि । ४. चलन । ५. विधि गर्ने । ६. अध्यात्मको विचार गर्ने चातुर्य । ७. दण्ड । ८. फूलको डाली । ९. आवृत्ति । १०. तत्त्वको विचारमा लागेका । ११. यज्ञको तालीम ।

सत्कार पाई विविध प्रकारको,
आतिथ्य[1] पाएर वनोपचार[2]को ।
विश्रामको, आश्रममा विहारको,
आनन्द उर्ल्यो मनमा कुमारको ॥६१॥

यज्ञविघ्नध्वंस–

आरम्भ भो उत्तम यज्ञको अब,
मारीच दुर्बाहुहरू मिली तब ।
विध्वंसको काण्ड लिएर वैरिए,
चौतर्फ उत्पात मचाइ फैलिए ॥६२॥

प्राग्वंश[3]का वंश गराइ थिल्थिला,
वर्षा गरे राक्षस–वर्गले शिला ।
जागेर ऋत्विक्हरुले जुहु–सुव[4],
सोल्याउँदा झन् चुलियो उपद्रव ॥६३॥

घेरेर चौगिर्द उजण्ड दुष्टले
गर्दा भताभुङ्ग बिगार वेगले ।
बल्दै गयो भित्र पनि व्यथानल[5],
देखा पर्‍यो मङ्गलमा अमङ्गल ॥६४॥

ती दुष्टको भीति जताततै बढ्यो ।
उत्पात उक्लेर पहाडमा चढ्यो ।
सङ्कल्पमा विघ्न–विकल्प[6] मैलियो,
सत्कर्मको मर्म समेत मैलियो ॥६५॥

आज्ञा लिई कौशिकबाट रामले
वर्षाउँदा शस्त्र र अस्त्र वीर्यले ।
मर्दै गिरेथ्यो जब दुष्टको दल,
लेथ्नो भयो गैह्र विपक्षको बल ॥६६॥

बढ्दै गयो ताण्डव[7] चाप–दण्ड[8]को,
ल दै गयो मण्डल रुण्ड–मुण्डको ।
पाखण्डको हु[illegible] खण्ड खण्ड भो
उज्जण्डको योग्य अखण्ड दण्ड भो ॥६७॥

---

१. अतिथि–सत्कार । २. वनैया वस्तु । ३. यज्ञशाला । ४. होम गर्ने सुरोविशेष ५. पीडाको आगो । ६. विघ्नको वितर्क । ७. नृत्य । ८. धनुदण्ड ।

शस्त्रास्त्रका ठक्कर फाँट फाँटका,
खाई लडी घुस्मुटिईछ ताटका ।
निःश्वासको चारतिर प्रवाह भो,
उच्छ्वास ती राक्षसको तवाह भो ॥६८॥

भागी लुकी बाँकि विदूर दूरमा,
घोप्टो परे घुस्मुटिँदै बिसूरमा ।
ती सर्वनाशी यसरी पछारिए,
आकाश भो स्वच्छ, दिशा उघारिए ॥६९॥

चोख्याइ तीर्थाम्बु[1] पवित्र मन्त्रले,
शुद्धयाइ यज्ञ–स्थल कर्म–तन्त्र[2]ले ।
आरम्भ भो फेरि विधान–रत्न[3]को,
निर्विघ्न सम्पूर्ति भयो प्रयत्नको ॥७०॥

रामको अभिनन्दन–

सत्कर्ममा विघ्न हुनु स्वभाव हो,
रक्षा हुनु क्षत्रियको प्रभाव हो ।
वीरत्वको तेज महानुभाव[4] हो,
संयोगमा कारण शुद्ध भाव हो ॥७१॥

सारा परे छक्क, अपूर्व चालको
देखी बडो विक्रम वीर बालको ।
आगो फिलिङ्गै पनि होस् अरण्यमा,
उल्लास देखाउँछ एक सासमा ॥७२॥

निर्विघ्न भो पूर्ति पवित्र कामको,
गाए सबैले गुण–गान रामको ।
उत्फुल्ल भो ती मुनि–वर्गको मन,
वर्ष्यो शुभाशीर्वचनाभिनन्दन[5] ॥७३॥

(वसन्ततिलका)

रात्री विश्राम–

द्वेषी निशाचर[6] अशेष हटाइनाले,
सन्ताप राप मनका पनि अल्पिहाले ।

---

१. तीर्थको जल । २. कामका विधिले । ३. उन्नत विधि । ४. ठूलो प्रभाव हुने । ५. शुभआशीर्वादले अभिनन्दन । ६. राक्षस ।

सन्देश शान्तिमय चारतिरै जनाई,
विश्रामखातिर निशा पनि रुङ्ग आई ॥७४॥

शोभा बढ्यो अब नवोदित चन्द्रमाको,
हट्दै गयो मलिन-भाव यताउताको ।
झल्के अनन्त-पथ[1]मा झलमल्ल तारा,
विश्राम-तत्पर भए मुनि-सङ्ग[2] सारा ॥७५॥

श्री रामलाइ यशको महिमा दिलाए,
वीर क्षितीश-कुल[3]मा गरिमा[4] चिताए ।
विश्राम शान्ति-सुखको रसमा मिलाए,
आनन्दसाथ सबले रजनी बिताए ॥७६॥

(पञ्चचामर)

उठ्यो बडो सुहाउँदो नवप्रभा प्रभात[5]को
भयो निशान्धकार[6]को प्रसङ्ग नाश-कालको ।
चल्यो चराचुरुङ्गिको निनाद तुल्य तूर्य[7]को,
खुल्यो नयाँ शुभोदय-प्रकाश बाल-सूर्यको ॥७७॥

इति बालचरित्र द्वितीय सर्ग

•

१. आकाशमार्ग । २. मुनिका समुदाय । ३. राजाको कुल । ४. महत्त्व । ५. प्रात:काल । ६. रात्रिको अन्धकार । ७. बाजा ।

तृतीय सर्ग

(पृथ्वी)

प्रात:काल–

प्रसन्न-मुख पूर्वको गगनले उषाकाल[1]को
दियो मधुर सूचना, रस पिलाइ उद्बोधको ।
तपोवनविषे चल्यो विधि-विधान सत्कर्मको,
सुवास दिइ फैलियो लहर होमका धूमको ॥१॥

प्रबुद्ध र विशुद्ध भो हृदय इष्टको ध्यानले
शरीर परिशुद्ध भो विमल तीर्थको स्नानले ।
पवित्र लयमा मिल्यो वचन वेदको गानले,
तपस्वि-जन शोभिए त्रिविध[2] शुद्धिको ज्ञानले ॥२॥

छटा घन-घटा सरी पर सऱ्यो निशा-कालको,
विभा शुभ विभात[3]को प्रकट भो नयाँ चालको
प्रपञ्च-रचना चल्यो प्रलय-सुप्ति[4]को अन्तमा,
प्रबोध कलिलो खुल्यो सलबलाउँदो लोकमा ॥३॥

गरी सफल दूरको नव उषा यता फर्कंदा,
किरीट–मणि[5]को प्रभा पनि धरा धरा देखिँदा ।
पऱ्यो अब चिरा चिरा तिमिर तित्तिरी–रीत[6]मा,
विचित्र चुँदरी सरी चदर देखियो व्योम[7]मा ॥४॥

प्रभामय तरङ्गिणी[8] सलल मिल्दछन् पूर्वमा,
तमोमय[9] किनारको वन छ पश्चिम प्रान्तमा ।

१. प्रात:काल । २. तीन प्रकारका । ३. बिहान । ४. प्रलयजस्तो निन्द्रा । ५. मुकुटका रत्न जस्ता सूर्य । ७. तितिरिपङ्क्षीको चाल ७. आकाश । ८. नदी । ९. अन्धकारमय ।

कतै टिलपिलाउँछन् उडुप-रूप[1] तारागण,
महोदधि अहो ! बन्यो विपुल देवता-प्राङ्गण[2] ॥५॥

सफाइ अब बेसरी गरि विशाल आकाशको,
धमाधम बिछ्याइयो लहर लाल कालीनको ।
रहे पर किनारमा तरल तारका-दीपक[3],
शुभादर-सभा बन्यो नव दिनेश[4]को लायक ॥६॥

रँगाइ नभ शामलो, कपिल, नील, रक्त प्रभा,
सुवर्ण-रुचि आदिले, भरिभराउ पारी विभा ।
गरी किरण-कूर्च[5]ले विविध रङ्गको योजना,
अहो ! प्रकृतिले गरिन्, गजप शिल्पको कल्पना ॥७॥

खडा गरि थरी थरी किरण, सात घोडा सरी,
सुवर्णमय तेजिलो परिधि[6] दिव्य बग्गी गरी ।
अनन्त-पथ[7]मा भरी कदम-चालमा आदर,
सहस्र-रुचि[8] विश्वको सफरमा भए तत्पर ॥८॥

उधारि पुट पद्मको, कनक-लेखनी केसर,
भिजाइ मकरन्दमा रज भरी सुवर्णाक्षर ।
घुमी सकल देशमा नव विभात-सन्देश गो,
फिराउन, निशान्त[9]को मृदु समीर उड्दै गयो ॥९॥

हट्यो मलिन आसुरी स्थिति विभावरी[10]को विभा
प्रभात अति शोभियो, लिइ अपूर्व दैवी प्रभा ।
विवेक सब वस्तुको हुन गयो नवालोकमा,
खुल्यो विमल बिम्बको उदय भित्र आकाशमा ॥१०॥

उठे अरुण केसरी[11] उदय-शैलको शृङ्गमा,
सटा[12] फटफटाउँदै किरण सङ्गको रङ्गमा ।
हटे तिमिरका घटा[13], कति घटे कराघात[14]मा,
भयो रुधिर-धारले गगन-मार्गमा रक्तिमा[15] ॥११॥

निशा फनफनाउँदै जब हिंडिन् अँध्यारोतिर,
निशापति[16] पछ्याउँदै फिकरमा डुबे आखिर ।

१. डुङ्गाजस्ता । २. देवताको पटाङ्गिनी, आकाश । ३. तारारूप वत्ती । ४. सूर्य । ५. किरणरूप कूची । ६. घेरा । ७. आकाश । ८. सूर्य । ९. विहान । १०. रात्रि । ११. सिंह । १२. जगर । १३. हात्तीको समुदाय । १४. किरण वा हातको चोट । १५. लाली । १६. चन्द्र ।

उषा अब खडा भइन् जमजमाउँदो वेषमा,
उषापति[1] सराग भै सुमसुम्याउँथे स्नेहमा ॥१२॥

निशाभर विलासले कुमुदिनी जसै बैलिई,
कलानिधि[2] छली हिंडे, हृदय कौमुदीमा दिई ।
समाधि गरि यामिनीभर सरोजिनी[3] भज्दथिन्,
शरीरभर सूर्यको कर-सिन्दूरले रङ्गिइन् ॥१३॥

विनोद सँगिनी थिइन् भुवन-मोहिनी चाँदनी,
अनाहक तमस्विनी[4]सँग मिली बिलाइन् भनी ।
दिशाहरु धुरुधुरू विरह-बिन्दु वर्षाउँदै,
लता पनि रसाउँथे दम फुलाइ हल्लाउँदै ॥१४॥

कुनै किरण सूर्यका, कमलमा छिटो उत्रँदा,
भयो अधखुलापना दल अगाडिका फर्कँदा ।
तुरुन्त बिउँझी घुमे भ्रमरभित्र भूँ भूँ गरी,
प्रभात-रव[5] यो भयो मधुर शङ्खको ऊँ गरी ॥१५॥

उठे सब जुरूजुरू कमल मित्र[6]को लाभमा,
कर-ग्रह गरी लिए, चरण कर्णिका[7]-पीठमा ।
अमन्द मकरन्दको रस भरी खुला पत्रमा,
गरे कदर अर्घको विधि-विधानले प्रेममा ॥१६॥

अपूर्व चँदुवा थियो अरुण पालुवा शोभिँदै,
अगिल्तिर खडा थियो कनक-कुम्भ[8] शोभा दिँदै ।
सुगन्धि-रस छर्दथे मुदित दिग्वधू[9], वास्तव,
उषा-दिवसको भयो नवे शुभाभिषेकोत्सव[10] ॥१७॥

खडा उदय अस्तका शिखर जीव पक्का गरी,
प्रभा-पटल[11]को बन्यो विपुल पूल फूला सरी ।
त्यही उपर तेजिलो कनक-गोल[12] हुर्‍याउँदै,
उषा ललित[13] खेलमा ठट भइन् उज्याली हुँदै ॥१८॥

पुग्यो पर किनारमा रजतको भकुण्डो जब,
सुवर्णमय गुर्‍रियो रुचिर गोल अर्को अब ।

१. सूर्य । २. चन्द्र । ३. कमलिनी । ४. रात्रि । ५. शब्द । ६. मित्र वा सूर्य । ७. गट्टा । ८. सुवर्णको कलश । ९. दिशारूप स्त्री । १०. शुभ-अभिषेकको उत्सव । ११. तेजको मण्डल । १२. सुनको माला । १३. सुन्दर ।

निरन्तर चलाइँदा प्रकृति-कन्दुक-क्रीडन[1]
बिशाल पथमाथिको हुन गयो मनोरञ्जन ॥१९॥

डुबेर बिचरा चरा भरनिशा महामोहमा,
प्रभात-गुण गाउँदै अब उडे नभो-भागमा ।
गतागत[2] गरीरहे तरल भै भय स्नेहमा,
बनेर पहरी सरी शिशुक[3] कोटर-द्वार[4]मा ॥२०॥

सरोज बिउँझे उठे, सुम्सुम्याउँदा भानुले,
लताहरु फुले फुले घचघच्याउँदा वायुले ।
प्रकाश परिपूर्ण भो दश दिशा उज्याली दिन,
तपस्वि-जनका चले नियत कर्म दैनन्दिन ॥२१॥

भयो गगन गुञ्जित श्रुति-निनाद[5] विस्तारले,
चल्यो विविध यज्ञको क्रम पवित्र संस्कारले ।
कुटी भरिभराउ भो अतिथि-वर्ग-सत्कार[6]ले
तपोवन अपूर्व भो नृप-कुमार-सञ्चार[7]ले ॥२२॥

मिथिलागमन-

प्रसन्न भइ कौशिक प्रबल रामको कामले,
नयाँ वय विवाहमा उचित सम्झिँदा प्रेमले ।
महाधनु महेशको नजर लाउनाखातिर,
हिँडे कुल युवा दुवै लिइ विदेह भूमीतिर ॥२३॥

मिलेर मिथिलेशले प्रिय महर्षिको दर्शन,
सहर्ष मनले गरे उचित सत्क्रिया[8] वन्दन ।
सुनी नृप-कुमारको पनि चरित्र विस्तारमा,
दिए नजर प्रेमले सुमसुम्याइ सर्वाङ्गमा ॥२४॥

शिवधनुर्भङ्ग-

थियो पण[9] महेशको धनु उठाउने वीरमा,
समर्पण गरूँ सुता भनि नरेशको चित्तमा ।
हुँदा जनक-कन्यका[10] सित अनन्य भै धन्यता,
उड्यो सकल साहसी युवकको अहंमन्यता[11] ॥२५॥

---

१. प्रकृतिको भकुण्डोको खेल । २. ओहोरदोहोर । ३. बच्चा । ४. टोड्काको ढोका । ५. वेदध्वनि । ६. पाहुनाहरूको सत्कार । ७. राजकुमारको हिँडाइ । ८. सत्कार । ९. कबोल । १०. सीता । ११. घमण्ड ।

प्रसङ्गवश रामको बुझि उमङ्ग त्यो चापमा,
जुरुङ्ग भइ अङ्ग ती नृपतिका परे दङ्गमा ।
अनङ्ग-रिपु[1] देवको धनु अजङ्ग, आदेशमा,
समङ्गल उतारियो जन-तरङ्गले रङ्गमा ॥२६॥

महर्षितिर साहसी नजर लाउँदा रामले
मिलेर अनुमोदना[2]-बल, विशेष उत्साहले ।
प्रफुल्ल सब अङ्गमा नव कदम्ब-गुच्छा भरी,
किशोर-मुख पारियो, तरुण केसरीको सरी ॥२७॥

अगाडि सरि चाप[4]को नजिक, वीर शोभा भरी,
कडा भइ खडा हुँदा रघुकुमार खम्भा सरी ।
मुखामुख गरे सबै प्रमुखले द्विधा[5]मा परी,
वितर्क[6] र उदेकको भल बग्यो त्यहाँ बेसरी ॥२८॥

नयाँ खबरले भरी सकल सौध-वातायन[7],
त्रपा-तरल[8] जानकी सहित शोभिँदा स्त्रीजन ।
शरद्गगन[9]को प्रभा-जवनिका[10] विषे तारका,
समाजबिच शोभिइन् तरुण चन्द्रकी चन्द्रिका ॥२९॥

नुहेर दुइ बाहुले, कुसुम-चाप झैँ कामले,
प्रिय प्रमथनाथ[11]को धनु उठाइयो रामले ।
खिँची श्रवण-मूल[12]मा गुण पुऱ्याउँदा ज्या[13] टुट्यो,
भयङ्कर अवाजले विकल कान मानो फुट्यो ॥३०॥

थियो विफलता जहाँ प्रबल साहसी वीरको,
भयो सफलता त्यहाँ कुल-किरीटका हीरको ।
उठाउन सकिन्न जो कुमुद सूर्यको दीप्तिले,
सकिन्न सहजै अहो ! नव सुधांशु[14]को शक्तिले ॥३१॥

"अहो ! कुल-किशोरको निरुपमान यो वीरता,
प्रफुल्ल मुख-चन्द्रको रुचिरता र गम्भीरता" ।
भनी तरल तारका अचल चन्द्रिकासम्मको,
मिल्यो युवक विम्बमा सरस भावना प्रेमको ॥३२॥

---

१. शिव । २. मानिसको ताँती । ३. मञ्जूरी । ४. धनु । ५. सन्देह । ६. तर्कना । ७. दरबारको झ्याल । ८. लाजले चञ्चल । ९. शरद्को आकाश । १०. प्रभारूपी पर्दा । ११. शिव । १२. कानको फेद । १३. ताँदो । १४. चन्द्र ।

स्मिताङ्कुर[1] महर्षिको वदनभूमिमा शोभियो,
जुरुङ्ग जनकाङ्गमा चमक मञ्जरीले लियो ।
प्रफुल्ल मुख-गुच्छको महक सौधमा फैलियो,
अपूर्वपन रामको विजय-बीजमा देखियो ॥३३॥

सुदीर्घ खँदिलो भुजा, नयन पद्म झैँ पोषिलो,
उर:स्थल[2] फराकिलो, कदमको कला जोशिलो ।
मुहार भरिलो, प्रभा चहकिलो थियो रामको,
उमेर कलिलो हुँदा सब भयो नयाँ नामको ॥३४॥

सीता-स्वयंवर–

प्रफुल्ल मिथिलेशको अमृत-तुल्य आदेशमा,
सखीसहित मस्कँदै अगि सरी वधू-वेषमा ।
तुही रघु-किशोरको जनक-कन्यकाले अब,
स्वयंवरण गर्नुभो रुचिर[3] माल्यले सोत्सव ॥३५॥

परस्पर मिलीजुली सरल वक्रको चालमा,
बराबर बटारिने, नयन-रश्मि[4]को जालमा ।
फसेर मुनियाँ मनोमय दुवै जसै लाटिए,
दिई स्मित कणा रस श्रम भई लिँदा साटिए ॥३६॥

फसेर चिर कल्पना-जटिल[5] जालमा प्रेमका,
दुवै मन मिले जुले सरस जानकी रामका ।
उड्यो सहज दोमन[6]-स्थिति दुवै जनाको तब
शरीर बलले फिऱ्यो महलमा वधू[7]को अब ॥३७॥

विवाह–

गयो अब विवाहको खबर झट्ट साकेतमा,
उपस्थित भए त्यहाँ दशरथादि आनन्दमा ।
सहर्ष शुभ कर्मको दुइतिरै तयारी थियो,
महोत्सव सुहाउँदो शहरको प्रभा फैलियो ॥३८॥

ध्वजा विविध सौधमा शत भुजा सरी शोभिए,
हजार मणि-दीपिका[8] नयन-जाल झैँ देखिए ।
स्रजा रुचिर पुष्पका, रुचि फिँजाउँदै टाँगिए,
प्रजा-जन सिँगारिई पुर बजारमा फैलिए ॥३९॥

---

१. मुस्कान-अङ्कुर । २. छाती । ३. सुन्दर । ४. आँखाको किरण । ५. अगिदेखिकै भावनाले भरिएको । ६. सन्देह वा दुइमन । ७. दुलही । ८. मणिका बत्ती ।

मुहूर्त शुभ, मङ्गल-ध्वनि, विधान वेदोदित[1]
लिई, सकल कल्पना पनि अपूर्व 'राजोचित'[2] ।
मनोहर विवाहमा मधुर चाँदनी चाँदको,
समागम-समान भो मिलन जानकी रामको ॥४०॥

भयो भरत आदिको पनि यहाँ गरी गौरव,
विदेह-कुल-कन्यका[3]हरुसँगै विवाहोत्सव ।
मनोहर वधूहरू नृपकुमार यी चारका,
प्रभामय विभूति झैँ हुन गए चतुर्व्यूह[4]का ॥४१॥

न केवल विवाह यो वर वधू जना चारको,
परन्तु मिथिला-महीसँग समेत साकेतको ।
भयो सदृक-योग यो, मिलनले दुवै तर्फको,
अभेद पनि देखियो, दुइ सुहाउँदा राज्यको ॥४२॥

कली नयन, मञ्जरी अलक नासिका केसर,
कपोल दल, आनन[5] स्तवक, दन्त भो शीकर[6] ।
प्रफुल्ल सुनकी लता-सम भई वधू-जानकी,
द्विरेफ[7] वर रामकी हुनुभयो प्रिया ज्यानकी ॥४३॥

तरङ्ग रसरङ्गको, जमक सोह्र शृङ्गारको,
उमङ्ग सब अङ्गको, चमक हेम-भृंगारको ।
प्रसङ्ग नव संगको, लमक चञ्चलापाङ्गको,
अनङ्ग पनि मान्दथ्यो गमक तेजिलो दङ्गको ॥४४॥

लरी हृदय-दीपिका[8] उपर कल्पनासूत्र[9]को,
भिजी स्व-रसमा लदाबद परस्पर स्नेहको ।
अपूर्व शुभ भावको, जुन बल्यो नयाँ दीपक,
यही हुन गयो गृहाश्रममहाँ समुद्दीपक[10] ॥४५॥

परशुराम-दमन–

महोत्सव सकी, वधू सुत[11]हरू लिई आखिर,
फिरे दशरथ क्षितीश्वर[12] जसै अयोध्यातिर ।
त्यसै बखत झोक्किँदै गिरिश[13]को धनुर्भङ्गमा,
भए प्रकट मार्गमा, परशुराम आवेगमा ॥४६॥

---

१. वेदोक्त । २. राजा लायक । ३. जनकका कुलका कुमारी । ४. चार विष्णु मूर्ति । ५. मुख । ६. शीतका थोपा । ७. भ्रमर वा दुई रेफ हुने । ८. हृदयरूपी दियो । ९. कल्पनारूपी सूत । १०. उज्यालो गर्ने । ११. बुहारी, छोरा । १२. राजा । १३. शिव ।

विनीत नरपालका कवरको उपेक्षा गरी
कुठार करमा लिई अति कठोर चेष्टा भरी ।
पद-ध्वनि[1] बढाउँदै, परशुराम आवेशमा,
कडा बनि खडा भए, युवक रामका सामुमा ॥४७॥

प्रकोपमय[2] अग्निको भृकुटि धूम-लेखा सरी,
जटा-पटल राम झैं, विकट दृष्टि झिल्का गरी ।
कुठार अति तेजिलो सुमसुम्याउँदै हातले,
भने चटपटाउँदै, कटकटाउँदै दाँतले ॥४८॥

"अहो ! कति घमण्डमा प्रमथनाथ[3]को अप्रिय,
म देख्छु अरु शेष यी विकट उद्भट क्षत्रिय ।
दिई कुल-कुमारको रुधिर-धारले आहुति,
म गर्छु नृपमेध[4]को अब समाप्ति-पूर्णाहुति[5] ॥४९॥

पुराण धनु भाँच्चियो, गजब के छ, जो भो भयो,
बुता यदि भए अझै पनि उठोस् बडो चाप यो ।
प्रचण्ड भइ नत्र यो परशु, कण्ठको पीठमा,
भयङ्कर कठोरता प्रकट गर्छ, छोडी क्षमा" ॥५०॥

भनेर यति, तेजिलो धनु अगाडि सारे जब,
विनीत भइ रामले, सहजमा उठाई तब ।
चडाइ गुण[6] चौदिशा गडगडाइ टङ्कारले,
जवाफ दिइयो कडा, वचन-शून्य ठङ्कारले ॥५१॥

उभ्याइ विजय-ध्वजा, विनय साथको कामले,
वृथा-मद[7] उतारिँदा परशुरामको रामले ।
खुल्यो विषय जाँचको, नजरमा हट्यो रक्तिमा[8],
प्रसन्न मुख देखियो मधुर शान्तिको कान्तिमा ॥५२॥

प्रशान्ति-रस[9]मा भिजी, परशुरामले रामको,
महत्त्व मनमा गमी, कदर मानियो कामको ।
कडा वचन खारिँदा विकट जाँचको आँचमा,
सुवर्णमय पुष्पको स्तवक झैं मिल्यो हारमा ॥५३॥

१. गोडाको शब्द २. क्रोधरूप । ३. शिव । ४. राजवध-यज्ञ । ५. समाप्तिको पूर्णाहुति।
६. ताँदो । ७. फोस्रो घमण्ड । ८. लाली । ९. शान्तिको रस ।

प्रशान्तिपन विप्रमा, विजय-तेज राजन्यमा,
थियो अगम आँतमा, प्रकट भो यही अन्त्यमा ।
लुकोस् गुण, उमालको जल, हिमालको अग्निमा,
तर प्रकृति-धर्म[1]को उदय हुन्छ विश्रान्तिमा ॥५४॥

अगाडि मुखमा थियो परशु[2] धारिलो विप्रको,
पछाडि गइ अल्पियो, उचित शान्तिले अन्तको ।
थियो मिलित चन्द्र यो पद सुहाउँदो राममा,
भयो प्रकट तेजिलो चमक नाममा काममा ॥५५॥

उपाधि सब अल्पिँदा युगल रामको रूपमा,
अभेद बलियो भयो, फगत भेद भो रूपमा ।
परस्पर भिजी रहे सरस निर्मल प्रेममा,
चले चरण वासना-वश पृथक् पृथक् मार्ग[3]मा ॥५६॥

(मालिनी)

अयोध्या-गमन–

मुदित भइ पियारा पुत्रको वीरताले,
दशरथ नृप आफ्नो देशमा फर्किहाले ।
कदर गरि झुकाए देह सारा प्रजाले,
जय जय जप गर्दै कीर्तिको ज्योति बाले ॥५७॥

सहरभर उज्याला बालिए दीप-माला,
थर थर रङवाला टाँगिए फूल माला ।
वरिपरि पुर-बाला[4] फैलिँदै कान्तिवाला,
अवध अब निराला देखियो रङ्ग-शाला ॥५८॥

खुश-मुख महिषी[5]को पुत्रको वीर-शक्ति,
चमक नववधूको, लोकको गाढ भक्ति ।
झलमल भइ सारा शान्तिदायी हुँदामा,
नृपतिसँग रमाए स्वार्थ चारै दिशामा ॥५९॥

(स्वागता)

चार बाहु-सम आयुध धारी,
योग्य पुत्र कमला-सम[6] नारी ।

१. स्वाभाविक गुण । २. परशुरामको मुखमा धारिलो परशु थन्किँदा राम मात्र बाँकी भो, रामचन्द्रमा मिलेको चन्द्र चमक बढेकोले अन्वर्थ भयो । ३. भिन्नभिन्न बाटा । ४. शहरका कुमारीहरू । ५. रानी ६. लक्ष्मीतुल्य ।

साथमा लिइ मही-तल-चारी[1]
भूप देखिन गए अवतारी ॥६०॥
(हरिणी)
झलमल हुँदै जाँदा साकेतका रविको प्रभा,
शुभ दिवसको झल्कीहाल्यो प्रकाश-महासभा ।
दिन अब जसै ढल्की ढल्की पुग्यो परिणाममा,
प्रकट हुन गो रङ्गीचङ्गी तरङ्ग दिनान्त[2]मा ॥६१॥
इति विवाहोत्सव तृतीय सर्ग
•

१. पृथ्वीमा हिँड्ने । २. साँझ ।

चतुर्थ सर्ग

(पुष्पिताग्रा)

उत्तर-वयको विचार-
विषय-रस पिई थरी थरीका,
नृपति अघाइ सबै बुझेर फीका ।
अब अवधि गमेर बाँकि अल्प[1]
विकल भए, मनमा उठ्यो विकल्प ॥१॥

अमृतमय कला लिएर कैल्हे
विषमय भीषण देखिएर कैल्हे ।
समय विषय दैवको खुशीमा
विषम हुँदै बदलिन्छ जिन्दगीमा ॥२॥

सरस विरस फूर्तिला र ढीला,
नव नव जीवनका चलाइ लीला ।
फनन घुमिरहन्छ काल-चक्र,
शिथिल भई पछि लिन्छ चाल वक्र ॥३॥

नजर र करमा लिँदा रसीला,
पछि पछि दाँत कुँड्याउने अमीला ।
कति कति फल हुन् भवाटवी[2]मा,
यति उति भन्न सकिन्न, छैन सीमा ॥४॥

विकट विषयको प्रभा छ यस्तो,
विषधर[3]का मणिको प्रभाव जस्तो ।
चहक महकले भुकान पारी;
जहर दिलाइ ढलाउने लतारी ॥५॥

१. थोरै । २. संसाररूप जङ्गल । ३. सर्प ।

सम मधु घृत[1] झैँ भई अगाडि,
अहित हुने परिपाकमा पछाडि ।
विषय विष सरी बुझेर हेय,
सहृदय[2] खोज्दछ भित्रको प्रमेय[3] ॥६॥

प्रिय हित दुइ मार्ग वार पार
सब भव–यात्रिक[4] निम्ति छन् तयार ।
प्रिय पथतिर पेसिई अगाडि,
हिततिर सात्विक[5] झुक्तछन् पछाडि ॥७॥

उचित छ इहलोकलाइ कान्ति,
परिणति[6]मा परलोकलाइ शान्ति ।
सुपथ पथ छ कान्तिमा प्रवृत्ति,
मगन गराउँछ शान्तिमा निवृत्ति ॥८॥

भव पथ पुरुषार्थले अगाडि,
खचित गरी परमार्थले पछाडि ।
प्रकृति नियम साथ पार तर्ने,
नव–वर हुन् दुइ लोक सिद्ध गर्ने ॥९॥

वरिपरि यशका उभ्याइ खामा,
सहज चढी पुरुषार्थको तलामा ।
अभिसुख परमार्थको प्रभामा,
सफल हुनन् सदसद्विवेचना[7]मा ॥१०॥

दिन अगि अगि देखिई उघारा,
पछि पछि मैलिइ बन्दछन् अँध्यारा ।
वयसँग मिलि उक्लँदै अगाडि,
मन पनि ढल्दछ; ढल्कँदै पछाडि ॥११॥

रसमय[8] वयमा सबै पियारो,
मुकुट समेत बुढ्याइँमा लठारो ।
दिन किन यसरी बहन्छ उल्टो,
प्रिय पनि बन्दछ आँतको अगुल्टो ॥१२॥

---

१. समभाग मह घिउ । २. बुद्धिमान् । ३. जान्नुपर्ने वस्तु । ४. संसारका मुसाफिर। ५. सत्वगुणी । ६. परिणाम । ७. असल खरावको विवेक । ८. रसिलो ।

शिर उपर जरा भई सवार,
कम कम गर्दछ रक्तको प्रचार ।
हृदय तक पुऱ्याई शीत शक्ति,
प्रकट गराउँछ अन्तमा विरक्ति ॥१३॥

भव–विभव[1] सरी अपत्य, दारा,
तन, धन, बान्धव, लाग्दथे पियारा ।
समय बदलिँदा तिनै कटारी,
हुन पनि आखिर गर्दछन् तयारी ॥१४॥

यौवराज्यभङ्ग–

प्रिय हित यसरी सबै विचारी,
उचित गमी, अब शान्ति–मार्ग भारी ।
स्थिर गरि अब उत्तराधिकारी,
मन दिन संयममा गरे तयारी ॥१५॥

गुण–गण हक राममा हुनाले,
जन–मनसाय समेत जोडिनाले ।
नृप सचिव मिली गरे तयारी,
दिन युवराज–पदाभिषेक[2] भारी ॥१६॥

भरत अनुज[3] साथ ली गएका,
अलि दिन मावलमा थिए रहेका ।
तर नरपतिलाइ पर्खनामा,
समय रहेन मुहूर्त आउँदामा ॥१७॥

अब खबर सुनेर मन्थराले,
मन बहकाइदिँदा कुभावनाले ।
कुटिल[4] पन्थ समाइ, सर्पिणीको
सरह चल्यो बदचाल कैकयीको ॥१८॥

उदय विमल चन्द्रको समेत,
सहँदिन हाइ ! सरोजिनी अचेत ।
मलिन मधुप[5]को प्रसङ्ग–सङ्ग,
हृदय दबाइ बिगार्छ रङ्गढङ्ग ॥१९॥

---

१. संसारको सम्पत्ति । २. युवराजपदमा अभिषेक । ३. भाइ । ४. वाङ्गो । ५. भ्रमर ।

जति कदर गरिन्छ सुम्सुम्याई,
उति विष छादिदिने फणा उठाई ।
प्रकृति[1] अति कडा छ नागिनीको,
यससित तुल्यपना छ भामिनी[2]को ॥२०॥

मृदु वपु अबला छ नाम भारी
हृदय कुठार सरी छ नाशकारी ।
विधु-वदन[3] बनी भुलान पारी,
जहर पिलाउँदछन् कठोर नारी ॥२१॥

नृप उपर उठाइ वज्र-कीला,
गरि हित-साधनको भुलाउ लीला ।
दुइ वर अगिका थिए जगेडा,
अब दिनुपर्छ भनी गरिन् बखेडा ॥२२॥

"अब वनतिर राम चौध वर्ष,
भरत नृपासन[4]मा, रहून् सहर्ष ।
दुइ वर त यिनै मिलून्" भनेर,
नरपतिलाइ पिरीरहिन् अडेर ॥२३॥

अभिनव[5] नवनीत[6]मा कुठार,
सरह गरेर दुरुक्ति[7]को प्रहार ।
हृदय जन-समाजको लछारिन्
क्षितिपतिलाइ जमीनमा पछारिन् ॥२४॥

लबज लबज यो सियो सरी भो,
हृदय विदीर्ण[8] भई छिया छिया भो ।
गतिपति नृपको रहेन कत्ति,
अबरुट, पर्न गयो बडो विपत्ति ॥२५॥

ढलपल वयका गुणी अपत्य[9],
अविचल[10] जन्मभर प्रसिद्ध सत्य ।
दुइतिर दृढ पाश मस्कनाले,
वचन विना न[illegible]ल ढल्न थाले ॥२६॥

१. स्वभाव । २. रिसाही स्त्री । ३. चन्द्रमुखी । ४. राजसिंहासन । ५. ताजा । ६. नौनी । ७. दुष्ट बोली । ८. फाटेको । ९. सन्तान । १०. अटल ।

धृति अलप भयो, विवेक भाग्यो,
समझ गयो, दम खूप फुल्न लाग्यो ।
सकल अकल गुम्म भै बिलायो
विकल हुँदा, सब चेतना हरायो ॥२७॥

मलिन कुटिल धारिलो भई स्त्री
जन विपरीत हुँदा, बनेर अस्त्री[1] ।
हृदयतक चिरेर, अङ्ग आधा,
अलग गरे, किन हुन्न तीव्र बाधा ॥२८॥

अदल बदल होस् न छाँट-काँट,
अमृत सिवाय चुहुन्न चन्द्रबाट ।
तब सविनय रामको, अजोडी
वचन खुल्यो, धृति साथ हात जोडी ॥२९॥

राम-वनवास-

"किन विकल हुनू वृथा पिताजी !
वचन तथा गरि जित्नुपर्छ बाजी ।
म छु चिर वनवास जान राजी,
भरत गरून् अब काम राजकाजी ॥३०॥

वचन उचित हो यहाँ मुमाको,
सुत-जन माथि भलो चिताउनाको ।
जड पशु विचरा चरा समेत,
शिशु-हित[2] खातिर बन्दछन् सचेत ॥३१॥

अभिनव भवमा खडा हुँदामा
श्रम कति पर्छ हरे ! बुवा मुमामा ।
प्रिय हित उनकै गरेर सारा,
सुतहरुले पछि तिर्नुपर्छ भारा ॥३२॥

शिर उपर गरी पवित्र बोली
म छु वन जान खडा भिरेर झोली ।
विजन विपिन[3]को अपूर्व कान्ति
अटल गराइदिनेछ चित्त-शान्ति" ॥३३॥

१. अस्त्रधारी । २. वच्चाको हित । ३. निर्जन वन ।

यति वचन सुधा सरी बहाई,
पितृ-पद[1]मा शिर भक्तिले नुहाई ।
अविकल-दिल[2] रामबाट चट्ट,
दृढ गरियो वनतर्फ जानु झट्ट ॥३४॥

लक्ष्मणको दृढ प्रेम–

गमन नियत रामको हुनाले
प्रियतम लक्ष्मण साथ लाग्न थाले ।
जब रवि[3] पथमा तयार हुन्छन्,
अरुण अगाडि सरी खडा रहन्छन् ॥३५॥

हठ गरि यिनले नुहाइ माथ,
स्थिर गरियो वन जानु रामसाथ ।
दिनकर कसिए विदेश जान,
दिन कसको भरमा गरोस् अडान ॥३६॥

सीताको पतिभक्ति–

खबर सुनि तुरुन्त जानकीको
पनि मन भो सँग जान, मानि नीको ।
बुझिसकि पनि चन्द्रको प्रवास,
रहिरहला किन चन्द्रिका-प्रकाश[4] ॥३७॥

"गहन वन छ दुःखको निधान[5],
बस, अबला-जन[6]ले सकिन्न जान" ।
भनि रघुवरले बुझाउनाले,
कहनुभयो सहसा नुही उहाँले ॥३८॥

"पितृ-कुल[7] निज बन्धु देश सम्म,
तृण-सम छोडि, भएर भित्र गम्म ।
चरण शरण पाइ साथ आएँ,
सब भव-वैभव नाथमा मनाएँ ॥३९॥

पति, अधिपति, जीव, भाग्य-देव,
तन, मन, ईश्वर, नाथ, देव-देव ।
सकल हजुरलाइ जानी मानी,
म भइरहीछु अनन्त भाग्यमानी ॥४०॥

१. बाबुको चरण । २. दिल नबिग्रेका । ३. सूर्य । ४. चाँदनीको प्रकाश । ५. खानी । ६. स्त्रीजन । ७. बाबुको कुल ।

विरह सहन छैन कत्ति शक्ति,
अटल रहोस् चरण-प्रणाम-भक्ति[1] ।
मुदित भइ रहन्छु नाथसाथ,
अब नबनूँ अबला भई अनाथ ॥४१॥

विरह-दहन[2]को कडा छ राँको,
सहन सकिन्न, अनन्त हुन्छ डाँको ।
महल पनि हुनेछ पर्ण-गेह[3],
जलन हुँदा कसरी रहन्छ देह ॥४२॥

पतिसित रहँदा हुँदैन बाधा,
सब वन-जन्तु हुनन् ममाथि साथा ।
वन महल हुनेछ, कन्द मूल
जल पनि बन्दछ जीवनानुकूल[4] ॥४३॥

प्रकृति-पुरुषको निसर्ग-योग[5]
सरह छ दम्पतिको अभेद्य योग ।
पतिसँग हुनुपर्छ धर्म-जाया[6],
फरक रहन्न कदापि देह छाया ॥४४॥

हृदय कुमुद[7]का सुधांशु[8] जानी,
सुखमय जीवनका अधीश मानी ।
तन मन सब सुम्पि आर्य-नारी,
पति-पदमा रहि बन्दछन् बुहारी" ॥४५॥

वचन सुनि अमूल्य, मानि नीको,
अटल पतिव्रत जानि जानकीको ।
अनुमति दिनुभो विचारसाथ,
रघुवरले वन जान साथ साथ ॥४६॥

हर-तरह पवित्र आर्य-नारी
अटल पतिव्रतमा रही विचारी ।
जगमग जगमा उभ्याइ भारी
गृह सुख, भारत राख्तछन् उघारी ॥४७॥

१. पाउको प्रणाम गर्ने भक्ति । २. विरहको आगो । ३. छाप्रो ४. जीवनलाई हुने । ५. स्वाभाविक सम्बन्ध । ६. धर्मपत्नी । ७. हृदयरूपी कुमुद । ८. चन्द्रमा ।

कदर-नजरको प्रभा उघारी,
सुमन-समर्पण[1]को गरी तयारी ।
पतिहरू पनि बन्दछन् पुजारी,
प्रिय वनिता गृह-देवता[2] विचारी ॥४८॥

भुवन-विदित भारतीय नारी
पतिहरुको महिमा छ खूप भारी ।
प्रणय-रस[3] भिजी दुवै जनाको
हृदय गराउँछ एक भावनाको ॥४९॥

वन-प्रस्थान–

प्रिय अनुज वधू लिई पियारी,
वनतिर राघवको भयो सवारी ।
बिलकुल नरुचाइ भोग-सर्ग[4]
अभिमुख भो वनवासमा त्रिवर्ग[5] ॥५०॥

तखत अगि थियो खडा अगाडि,
बखत पर्‍यो वनवासको पछाडि ।
रतिभर पनि रामको मुहार
फरक भएन, थियो सदा उदार ॥५१॥

खुरुखुरु पहिरी फिरन्त वेष,
सुरुसुरु लक्ष्य गरी वन-प्रदेश ।
लुरुलुरु सब लाग्नुभो अगाडि,
धुरुधुरु गैह रुँदै गए पछाडि ॥५२॥

अगि पछि दुइ भाइ माझ सीता,
विमल विवर्ण गुलाफ वर्ण देख्ता ।
दुइतिर दिन रात, साँझ वेला
सम बिचमा भइ ठानियो कुवेला ॥५३॥

विलकुल दुनियाँ बनी अभागी
पर परसम्म पुगे पछाडि लागी ।
छलिइ नगरतर्फ गैह फर्के,
घर घर शोक विषाद मोह चर्के ॥५४॥

---

१. मनको वा फूलको अर्पण । २. घरकी देवता । ३. प्रेमरस । ४. भोगको सृष्टि ।
५. धर्म, अर्थ, काम ।

नृप-तनय[1]हरू पुगेर गङ्गा-
तट, मृदु[2] मारुतले भएर चङ्गा ।
वन-पति गुहको लिएर सेवा,
खुश हुनुभो वनमा एचाइ मेवा ॥५५॥

रथ रथिक[3] फिराइए पुरीमा,
चरण चलेर पुगे प्रयाग-सीमा ।
ऋषि मुनिहरुको मिल्यो निवास,
प्रिय हुनगो अब चित्रकूट-वास ॥५६॥

अधिक रुचिकर चित्रकूट पाई
स्थिति गरियो तृणले कुटी बनाई ।
वन जल फल फूलले रसाई,
सरस भयो वनवास रामलाई ॥५७॥

अयोध्यामा शोक–

क्षिति-पति-सुत[4]ले बिदा दिँदामा,
रथ लिइ सारथिसुद्ध फर्कंदामा ।
वन पथतिरको सुनेर हाल,
सकल भए अपशोचले बिहाल ॥५८॥

सकल विकल विह्वल प्रजाले,
अति पिलिएर विलाप गर्न थाले ।
अदल बदल पारी उन्नति-श्री[5]
अब सब उत्सवको भयो इति-श्री ॥५९॥

प्रिय सुत हृदयावलम्ब[6] एक
अलप हुँदा हरिँदा सबै विवेक ।
विरस हृदय कोसलात्मजा[7]को,
धप धप बालिदियो उठेर राँको ॥६०॥

दशरथ नृपको अगाध बुद्धि,
विकल हुँदा, मनमा रहेन सुद्धी ।
दिन पर दिन तापले सुकाई,
सहज जलाइदियो शरीरलाई ॥६१॥

---

१. राजकुमारी । २. कोमल । ३. सारथि । ४. राजकुमार । ५. उन्नतिको शोभा ।
६. हृदयको आड । ७. कौसल्या ।

मनभर अपचार[1] पाइ आँच,
विफल गरी उपचारसाथ[2] जाँच ।
फरक फरक पारी रत्न काँच,
अलग भए चिति-तत्व[3] भूत पाँच ॥६२॥

नृपति-रवि[4] हुँदा तुरुन्त अस्त,
तिमिर[5] सबैतिर वैरियो प्रशस्त ।
अवध-कमल[6] भो अचेत मूक,
क्षत दिलमा दलियो अनन्त चूक ॥६३॥

नरपति-परिवार निःसहाय,
भइकन, हुनगो विदीर्ण काय ।
वरिपरि छरियो विषाद घोर,
विकल भए दुनियाँहरू अघोर ॥६४॥

भरत-विलाप–

अब भरत कुमारलाइ ल्याई,
गुरुहरूले मृदु वाक्यले बुझाई ।
सजल नयन भै क्रिया गराए,
दशरथलाइ अनन्त[7]मा मिलाए ॥६५॥

यति समय यता उता हुँदामा,
प्रलय सरी घटना उदाउँदामा ।
अधम विधि-विधान[8] देखिनाले,
भरत विषाद, विलाप गर्न थाले ॥६६॥

"अधम उधुमलाइ जन्म मेरो,
विहित रहेछ, पऱ्यो विपत् घनेरो ।
जहर भरिरहेछ कर्म खोटो,
अपयश-कोश[9] रहेछ भाग्य छोटो ॥६७॥

अधम कु-जननी[10] कुनै हुँदैनन्,
बरु बदचाल लिने कुपूत हुन्छन् ।
यस नियम समेतमा अगुल्टो,
दिइ, किन दैव भयो ममाथि उल्टो ॥६८॥

१. कुपथ । २. औषधि, हिफाजत । ३. चैतन्य-तत्व । ४. राजारूपी सूर्य । ५. अन्धकार । ६. अवधरूपी कमल । ७. परमात्मा । ८. दैवको घटना । ९. अकीर्तिको भण्डार । १०. कुमाता ।

सकल सुरहरू सरी बुबाज्यू,
अनि उनकै प्रतिमा-समान[1] दाज्यू ।
यिनउपर अनर्थको निदान,
म हुन गएछु कुपूत बेइमान ॥६९॥

अमृत-रस सरी दया र माया,
पिइ म भएँ जसको द्वितीय काया[2] ।
उनउपर बनी विषालु बोट,
लुकि छिपि हाइ ! दिने भएछु चोट ॥७०॥

अमृत-फलद[3] कल्पवृक्ष-बीज,
विष-रसमा भिजि, भै खराप चीज ।
जुन नव विरुवा खडा गरायो,
फल यसमाफिक बेसरी दिलायो ॥७१॥

वपु अलप भयो, गयो पिताको,
न त छ उपाय हुने कुनै त्यताको ।
अब शरण परेर, दाइलाई,
नगर फिराउँछु राज-काजलाई" ॥७२॥

भरतको प्रस्थान–

कति कति यसरी गरी विलाप,
घृणित[4] गनी जननी-विधान[5] पाप ।
गुरु, सचिव[6], कुटुम्ब आदिसाथ,
भरत हिँडे वनतर्फ खोज्न नाथ ॥७३॥

(मन्दाक्रान्ता)

खोज्दै जाँदा, गुहसित सुनी रामको दीन हाल,
पोखी दुःखी सरल दिलको लाज लाग्दो हवाल ।
पुण्यारण्यस्थलबिच[7] पुगे, पार गर्दा प्रयाग
हुन्थ्यो जाहाँ हरदम भरद्वाजको धर्म-याग[8] ॥७४॥

भित्री आत्मातक भरतको राज्यलक्ष्मी-विरक्ति[9]
पाई अन्तस्तलतक सदा राममा स्वच्छ भक्ति ।
खोली केही अगम तपको दिव्य-सत्कार शक्ति[10]
देखाई ती प्रवर मुनिले धर्म मार्गानुरक्ति[11] ॥७५॥

१. प्रतिविम्ब जस्तै । २. शरीर । ३. अमृत फलाउने । ४. निन्दित । ५. आमाको करतुत । ६. मन्त्री । ७. पवित्र वनको ठाउँमा । ८. धर्मको यज्ञ । ९. राज्यलक्ष्मीमा वैराग्य । १०. दिव्य सत्कार गर्ने सामर्थ्य । ११. धर्ममार्गमा प्रेम ।

मनभर अपचार[1] पाइ आँच,
विफल गरी उपचारसाथ[2] जाँच ।
फरक फरक पारी रत्न काँच,
अलग भए चिति-तत्व[3] भूत पाँच ॥६२॥

नृपति-रवि[4] हुँदा तुरुन्त अस्त,
तिमिर[5] सबैतिर वैरियो प्रशस्त ।
अवध-कमल[6] भो अचेत मूक,
क्षत दिलमा दलियो अनन्त चूक ॥६३॥

नरपति-परिवार निःसहाय,
भइकन, हुनगो विदीर्ण काय ।
वरिपरि छरियो विषाद घोर,
विकल भए दुनियाँहरू अघोर ॥६४॥

भरत-विलाप–

अब भरत कुमारलाइ ल्याई,
गुरुहरुले मृदु वाक्यले बुझाई ।
सजल नयन भै क्रिया गराए,
दशरथलाइ अनन्त[7]मा मिलाए ॥६५॥

यति समय यता उता हुँदामा,
प्रलय सरी घटना उदाउँदामा ।
अधम विधि-विधान[8] देखिनाले,
भरत विषाद, विलाप गर्न थाले ॥६६॥

"अधम उधुमलाइ जन्म मेरो,
विहित रहेछ, पऱ्यो विपत् घनेरो ।
जहर भरिरहेछ कर्म खोटो,
अपयश-कोश[9] रहेछ भाग्य छोटो ॥६७॥

अधम कु-जननी[10] कुनै हुँदैनन्,
बरु बदचाल लिने कुपूत हुन्छन् ।
यस नियम समेतमा अगुल्टो,
दिइ, किन दैव भयो ममाथि उल्टो ॥६८॥

१. कुपथ । २. औषधि, हिफाजत । ३. चैतन्य-तत्त्व । ४. राजारूपी सूर्य । ५. अन्धकार ।
६. अवधरूपी कमल । ७. परमात्मा । ८. दैवको घटना । ९. अकीर्तिको भण्डार ।
१०. कुमाता ।

सकल सुरहरू सरी बुबाज्यू,
अनि उनकै प्रतिमा-समान[1] दाज्यू ।
यिनउपर अनर्थको निदान,
म हुन गएछु कुपूत बेइमान ॥६९॥

अमृत-रस सरी दया र माया,
पिइ म भएँ जसको द्वितीय काया[2] ।
उनउपर बनी विषालु बोट,
लुकि छिपि हाइ ! दिने भएछु चोट ॥७०॥

अमृत-फलद[3] कल्पवृक्ष-बीज,
विष-रसमा भिजि, भै खराप चीज ।
जुन नव बिरुवा खडा गरायो,
फल यसमाफिक बेसरी दिलायो ॥७१॥

वपु अलप भयो, गयो पिताको,
न त छ उपाय हुने कुनै त्यताको ।
अब शरण परेर, दाइलाई,
नगर फिराउँछु राज-काजलाई" ॥७२॥

भरतको प्रस्थान–

कति कति यसरी गरी विलाप,
घृणित[4] गनी जननी-विधान[5] पाप ।
गुरु, सचिव[6], कुटुम्ब आदिसाथ,
भरत हिँडे वनतर्फ खोज्न नाथ ॥७३॥

(मन्दाक्रान्ता)

खोज्दै जाँदा, गुहसित सुनी रामको दीन हाल,
पोखी दुःखी सरल दिलको लाज लाग्दो हवाल ।
पुण्यारण्यस्थलबिच[7] पुगे, पार गर्दा प्रयाग
हुन्थ्यो जाहाँ हरदम भरद्वाजको धर्म-याग[8] ॥७४॥

भित्री आत्मातक भरतको राज्यलक्ष्मी-विरक्ति[9]
पाई अन्तस्तलतक सदा राममा स्वच्छ भक्ति ।
खोली केही अगम तपको दिव्य-सत्कार शक्ति[10]
देखाई ती प्रवर मुनिले धर्म मार्गानुरक्ति[11] ॥७५॥

१. प्रतिविम्ब जस्तै । २. शरीर । ३. अमृत फलाउने । ४. निन्दित । ५. आमाको करतुत ।
६. मन्त्री । ७. पवित्र वनको ठाउँमा । ८. धर्मको यज्ञ । ९. राज्यलक्ष्मीमा वैराग्य ।
१०. दिव्य सत्कार गर्ने सामर्थ्य । ११. धर्ममार्गमा प्रेम ।

आज्ञा पाई, फल कुसुमका बाटले चित्र-कूट[1]
हेर्दै हेर्दै भरत पहुँचे दौडँदै चित्रकूट ।
देखी अश्रु-प्लुत[2] नयनले, दीन भै वेदनाले,
दाज्यैज्यूका चरण-तलमा नम्र भै छाँद हाले ॥७६॥

पाई माता गुरु अनुजका साथमा भेटघाट,
पत्नी भ्राता सँग लिइ, भयो भावना रामबाट ।
चल्दा पारस्परिक मनको भाव वार्ता-प्रसङ्ग[3],
बाधा गर्दै प्रकट हुनगो भूपको स्वर्ग-सङ्ग ॥७७॥

(वसन्ततिलका)

आघात खप्न नसकी दृढ नारिकेल
जस्तो कडा हृदयको ढकनी फुटेर ।
भित्री घनो मृदुल अंश खुला गरायो,
पोखेर गर्म-रस, देह सबै भिजायो ॥७८॥

सुन्दा वियोग-घटना सहसा पिताको
तापाग्निको जलनले मचिँदा रडाको ।
गम्भीर राम-हृदय क्षणमा सुकायो,
उद्गार वाष्पमय वाहिरसम्म आयो ॥७९॥

इति रामवनगमन चतुर्थ सर्ग

•

१. विचित्र शिखर भएका । २. आँसुले भिजेका ३. कुराकानी ।

पञ्चम सर्ग

(वियोगिनी)

पितृ-शोक–

"अहहा ! वनवासदेखि यो
विरही चित्त, छिया छिया थियो ।
उसमाथि कडा वियोग यो,
क्षतमा क्षार[1] भरे सरी भयो ॥१॥

जसको जगमा खडा भएँ,
उनकै नाश-निदान[2] मै भएँ ।
कदली-तरु[3]को निमित्तमा,
फल नै घातक[4] हुन्छ अन्तमा ॥२॥

क्षण मात्र विछोड पुत्रको,
हुनगो नाश-निमित्त तातको ।
उनको प्रलयाग्नि[5]मा पनि,
किन यो जीवन पग्लँदैन नि ! ॥३॥

लघु तन्तु[6] यताउता हुँदा,
प्रचुर स्नेह[7] छँदै जुदा हुँदा ।
किन रुप्प निभेछ नाहक,
भुवनोद्दीपक[8] जीव-दीपक[9] ॥४॥

पितृ-देव नृलोक-सार[10] हुन्,
व्यवहारोदधि-कर्णधार[11] हुन् ।

१. घाउमा नुन । २. नाशको कारण । ३. केराको बोट । ४. नाशक । ५. प्रलयको आगो । ६. सानो सूत । ७. धेरै प्रेम वा चिल्लो । ८. भुवन उज्यालो गर्ने । ९. जीवनरूपी बत्ती । १०. मनुष्यलोकमा सार । ११. व्यवहार-समुद्रका माझी ।

नव-जीवन-शिल्पकार[१] हुन्
करुणाका प्रथमावतार हुन् ॥५॥

जुन, उन्नत वंश-वृक्षका,
धड हुन्, केन्द्र[२] समेत काण्डका ।
उनकै रस अंश अंशमा,
फिँजिई, भिज्दछ पुष्प पत्रमा ॥६॥

जब खुल्दछ विश्व-नाटच[३]को
जवनी[४], त्यो जननी-जरायु[५]को ।
लिइ आदिम सूत्रधारता[६],
रसिलो खेल खुलाउँछन् पिता ॥७॥

जननी करमाथि[७] काँधमा,
उभिँदा, निर्वल बाल-कालमा ।
जनकाङ्गुलिको निशानमा,
कलिलो लोचन घुम्छ दृश्यमा ॥८॥

व्यवहार समुद्रमा सदा
परि दोधारविषे लछारिँदा ।
उपदेश उदार बाबुको,
सहसा दिन्छ विहार नाउको ॥९॥

पितृको ऋण जन्म-सिद्ध छ,
उनको भार अति प्रसिद्ध छ ।
चरणार्चन[८] जिन्दगीभर
पनि, गर्दैन उतार्न अम्मर ॥१०॥

लटरम्म थिए शयन् गुना,
जसमा मङ्गल-कामना मुना ।
कसले उस कल्पवृक्षमा,
यसरी चोट गऱ्यो अकार्यमा ॥११॥

सब ताप हटाउने गरी,
अमृत-स्राव-समर्थ[९] बेसरी ।

---

१. कालिगड । २. हाँगाको मध्य मूल । ३. संसाररूप नाटक । ४. पर्दा । ५. आमाको साल । ६. खेल उठाउने पर्दा । ७. आमाको हातमाथि । ८. पाउको पूजा । ९. अमृत वहाउन सक्ने ।

शरदुज्ज्वल[१] चन्द्रमा सरी,
अब देखूँ म मुहार के गरी ॥१२॥

नवनीत-समान[२] कोमल
करको स्पर्श दिलाउँथ्यो बल ।
अब दुर्बल देह रामको,
हुन लाग्यो विनकाम नामको ॥१३॥

वनको रमणीय बस्ति यो
पनि दावानल[३]ले उजारियो ।
दिलको कलिलो कली सुक्यो,
दमले आँच बढाउँदै फुक्यो ॥१४॥

पथ[४] पूर्ण छ अन्धकारले,
भरिए लोचन अश्रु-धारले ।
अब जीवनको गति-क्रम,
कसरी चल्छ, हरे विना भ्रम ॥१५॥

नवरत्न-किरीट[५] अल्पियो,
सब संसार असार देखियो ।
अब दर्शन पाइँदैन यो
भव सर्वस्व गयो, गयो गयो" ॥१६॥

वशिष्ठको प्रबोधन–

यसरी अति शोक-विह्वल[६]
कदलीको दल-तुल्य[७] चञ्चल ।
हृदय स्थिर गर्न रामको,
हुनगो सूक्ति[८] खडा वशिष्ठको ॥१७॥

"प्रिय ! राघव ! राम ! धीरता
किन छोडेर, गयो अधीरता ।
मल हो अविचार-कारिता[९],
बल नैसर्गिक[१०] हो विवेकिता ॥१८॥

---

१. शरद्मा उज्ज्वल । २. नौनी जस्तो । ३. डढेलाले । ४. बाटो । ५. नवरत्नको मुकुट । ६. शोकले विह्वल । ७. केराको पातझैं । ८. उपदेश । ९. विचार नगर्नु । १०. स्वाभाविक ।

सब यो विधि[1]को विधान हो,
भवमा एक उही प्रधान हो ।
सुख दुःख दिने निदान[2] हो,
यसकै ख्याल शुभाऽवधान[3] हो ॥१९॥

स्थिर छैन कुनै यहाँ कहीँ,
स्थिति देखिन्छ यही जहाँतहीँ ।
सबको परिणाम हो उही,
कसले मेट्तछ दैवको वही ॥२०॥

अजरामर[4] सत्य चिन्मय,
विमल ब्रह्म छ तत्त्व अद्वय ।
भइ भिन्न उपाधिले, त्यही
भवमा घुम्दछ; जीव हो यही ॥२१॥

जलमा प्रतिमा-समान[5] झैं,
निज मायाविच भासमान झैं ।
परमेश्वर बन्छ विश्वमा,
सुख-दुःखाकुल[6] जीव-भाव[7]मा ॥२२॥

उनिई नित कर्म-सूत्र[8]मा
पुतली झैं, सब जीव विश्वमा ।
तल माथि गरेर नाच्तछन्
चटकी चाल लिएर चल्दछन् ॥२३॥

नव वेष लिँदै थरी थरी,
नट झैं जीव भई नयाँ सरी ।
भव-नाटक-खेल खेल्दछन्
हद पूरा गरि झट्ट लुक्तछन् ॥२४॥

घटभित्र पसी थरी थरी,
भमरा झैं क्षण गुञ्जना[9] गरी ।
सब जीव तुरुन्त निस्कँदै,
लुकामारी गरी खेल्दछन् सधैँ ॥२५॥

१. दैव । २. मूल कारण । ३. असल ख्याल । ४. बूढो नहुने, नाश नहुने । ५. प्रतिविम्ब।
६. सुखदुःखले आकुल । ७. जीवरूप ८. कर्मरूप सूत्र । ९. एकछिन गुञ्जन ।

गरि लालच तुच्छ वस्तुको,
पिँजडामा परि सप्त-धातु[1]को
जब उम्कन पाइने भयो,
किन बस्थ्यो तब जीव-हंस[2] यो ॥२६॥

लिइ मद्दत जीव-सत्त्वको,
पुतली चल्दछ पञ्च-तत्त्वको ।
जब जीव दगुर्छ बाहिर,
पुतली निर्बल ढल्छ आखिर ॥२७॥

झलमल्ल छ पञ्च-कोश[3]को,
बिचमा, उज्ज्वल पुञ्ज रत्नको ।
ढुकुटी जब हुन्छ जर्जर,
सहजै हर्दछ काल-तस्कर[4] ॥२८॥

जब-बुद्बुद, मेघ-मञ्जरी[5]
बिजुली, स्वप्न-विकल्प[6]झैं गरी ।
क्षण-नश्वर[7] यो शरीरमा,
स्थिरता छैन कसै यथार्थमा ॥२९॥

नव बुद्बुद चित्तसमुद्र[8]मा
कति उठ्छन् बहँदा तरङ्गमा ।
जब वायु फुट्यो बिलाउँछन्,
निज मूलस्थिति[9] फेरि पाउँछन् ॥३०॥

सब यो परचित्स्वरूप[10] हो
भव सारा उसकै विवर्त[11] हो ।
न त आदि, न अन्त वास्तव,
भ्रम हो गैह विकल्प-वैभव[12] ॥३१॥

उदयास्त[13] हुँदो छ गैहको,
स्थिति यस्तै छ दिनेश[14] सम्मको ।
नियमै छ अशेष विश्वमा,
अगि सर्ग[15], प्रतिसर्ग[16] अन्तमा ॥३२॥

१. अस्थि, मांस आदि सात धातु । २. जीवस्वरूप हाँस । ३. अन्नमय कोश वा ढुकुटी ।
४. कालरूप चोर । ५. मेघको मुजुरा । ६. स्वप्नको तरङ्ग । ७. क्षणमा नाश हुने ।
८. चैतन्यको समुद्र । ९. मूल अवस्था । १०. परम चैतन्यरूप । ११. आभास । १२. नाना
वस्तुको कल्पना । १३. उदय र अस्त । १४. सूर्य । १५. सृष्टि । १६. लय ।

जुन पूज्य भगीरथादिको
    रजत-स्तम्भ[१] खडा छ कीर्तिको ।
सब ती वश कालका भए,
    कसको मिल्छ पता, कता गए ॥३३॥

परिवर्तन[२] काल-चक्रको,
    तुलना लिन्छ कुलालचक्र[३] को ।
बुध अज्ञ[४] समान घुम्दछन्
    कमिला झैं जसमाथि कोटियन् ॥३४॥

स्थिति एक छ आदि अन्तको
    सब रङ्क[५] क्षितिपाल[६] सम्मको ।
जब निश्चित म्याद पुग्दछ
    तब छोडी हिंडिहाल्नुपर्दछ ॥३५॥

गृह, देह, कुटुम्ब, सन्तति,
    सब याहींतक हुन् भएजति ।
परको पथलाइ साँवल
    बल हो, निर्मल धर्म केवल ॥३६॥

अब ताप धपाइ धैर्यले,
    वशमा राखि विपक्ष[७] वीर्यले ।
निज राज्य सम्हाल्नुपर्दछ,
    दुनियाँलाइ उज्याल्नुपर्दछ" ॥३७॥

गुरुको यसरी प्रवोधन[८]
    स्थिर पारी अब रामको मन ।
अति भित्र पसी बसीरह्यो,
    अपशोचीपन आँशु भै बह्यो ॥३८॥

भरतादिको विनय–

सब देह नुहाइ आँसुमा,
    शिर घुप्लुक्क नुहाइ पाउमा ।
भरत क्षण मौनमा रहे,
    अनि यो गद्‌गद शब्दले भने ॥३९॥

---

१. चाँदीको खम्भा । २. घुमाउ । ३. कुमालेको चक्का । ४. ज्ञानी-अज्ञानी । ५. कङ्गाल । ६. राजा । ७. वैरी । ८. सम्झाउनु ।

"करुणामय ! दीन-वत्सल[१] !
    प्रभु ! दाज्यू ! भवदीप[२] उज्ज्वल !
म अनाथ, अनाथ-नाथ[३]मा
    शरणापन्न[४] छु भक्तिसाथमा ॥४०॥

रति छैन कसूर भक्तको
    भमरो हुँ प्रभु-पाद-पद्मको ।
अति-निन्दित जन्मबाट यो
    दृढ मालिन्य ममा खडा भयो ॥४१॥

जहरी लहरामहाँ फलें,
    तर तापानल[५]मा परी जलें ।
विषको पनि शुद्धि आँचमा
    गरिँदा सङ्‌ग्रह हुन्छ जाँचमा ॥४२॥

ज्वर दाहक[६] भै उठ्यो ममा
    मुछिँदा दुर्घटना त्रिदोष[७]मा ।
अब दृष्टि परी सुधा[८] सरी
    घटना-दोष हरोस सबै थरी ॥४३॥

यस पापमय प्रसङ्गको
    मल धोइ सब अन्तरङ्गको ।
शुचि भै करुणा-तरङ्गमा,
    हुन पाउँ स्थिर अन्तरङ्गमा ॥४४॥

म हुँ पूर्ण अजान बालक,
    जननी स्त्री-जन हुन् अनायक ।
सब दोषविषे रही क्षमा
    करुणा होस् अनिमेष[९] भक्तमा ॥४५॥

पितृ-पीठ[१०] गराइ शोभन,
    अब रक्षा गरिऊन् प्रजा-जन ।
प्रभुको गरि पाद-सेवन[११],
    स्थिर राखौं सुख-शान्तिमा मन" ॥४६॥

---

१. दुःखीउपर प्रेमी । २. संसारका उज्ज्वल वत्ती । ३. अनाथका नाथ । ४. शरणमा परेको । ५. सन्तापरूप आगो । ६. सन्निपात जस्तो दाह गर्ने । ७. तीन दोष भएको वा तीन जनाको दोष भएको । ८. अमृत जस्तो । ९. आँखा नचिम्लिने । १०. बाबुको गद्दी । ११. पाउको सेवा ।

सब यो विधि[1]को विधान हो,
भवमा एक उही प्रधान हो ।
सुख दुःख दिने निदान[2] हो,
यसकै ख्याल शुभाऽवधान[3] हो ॥१९॥

स्थिर छैन कुनै यहाँ कहीं,
स्थिति देखिन्छ यही जहाँतहीं ।
सबको परिणाम हो उही,
कसले मेट्तछ दैवको बही ॥२०॥

अजरामर[4] सत्य चिन्मय,
विमल ब्रह्म छ तत्त्व अद्वय ।
भइ भिन्न उपाधिले, त्यही
भवमा घुम्दछ; जीव हो यही ॥२१॥

जलमा प्रतिमा-समान[5] भै,
निज मायाबिच भासमान भै ।
परमेश्वर बन्छ विश्वमा,
सुख-दुःखाकुल[6] जीव-भाव[7]मा ॥२२॥

उनिई नित कर्म-सूत्र[8]मा
पुतली झैं, सब जीव विश्वमा ।
तल माथि गरेर नाच्तछन्
चटकी चाल लिएर चल्दछन् ॥२३॥

नव वेष लिंदै थरी थरी,
नट झैं जीव भई नयाँ सरी ।
भव-नाटक-खेल खेल्दछन्
हद पूरा गरि रुट्ट लुक्तछन् ॥२४॥

घटभित्र पसी थरी थरी,
भमरा झैं क्षण गुन्जना[9] गरी ।
सब जीव तुरुन्त निस्कँदै,
लुकामारी गरी खेल्दछन् सधैँ ॥२५॥

१. दैव । २. मूल कारण । ३. असल ख्याल । ४. बूढो नहुने, नाश नहुने । ५. प्रतिबिम्ब
६. सुखदुःखले आकुल । ७. जीवरूप ८. कर्मरूप सूत्र । ९. एकछिन गुन्जन ।

गरि लालच तुच्छ वस्तुको,
पिँजडामा परि सप्त-धातु[1]को
जब उम्कन पाइने भयो,
किन बस्थ्यो तब जीव-हंस[2] यो ॥२६॥

लिइ मद्दत जीव-सत्त्वको,
पुतली चल्दछ पञ्च-तत्त्वको ।
जब जीव दगुर्छ बाहिर,
पुतली निर्बल ढल्छ आखिर ॥२७॥

झलमल्ल छ पञ्च-कोश[3]को,
बिचमा, उज्ज्वल पुञ्ज रत्नको ।
ढुकुटी जब हुन्छ जर्जर,
सहजै हर्दछ काल-तस्कर[4] ॥२८॥

जब-बुद्बुद, मेघ-मञ्जरी[5]
बिजुली, स्वप्न-विकल्प[6]झैं गरी ।
क्षण-नश्वर[7] यो शरीरमा,
स्थिरता छैन कसै यथार्थमा ॥२९॥

नव बुद्बुद चित्समुद्र[8]मा
कति उठ्छन् बहँदा तरङ्गमा ।
जब वायु फुटचो बिलाउँछन्,
निज मूलस्थिति[9] फेरि पाउँछन् ॥३०॥

सब यो परचित्स्वरूप[10] हो
भव सारा उसकै विवर्त[11] हो ।
न त आदि, न अन्त वास्तव,
भ्रम हो गैह विकल्प-वैभव[12] ॥३१॥

उदयास्त[13] हुँदो छ गैहको,
स्थिति यस्तै छ दिनेश[14] सम्मको ।
नियमै छ अशेष विश्वमा,
अगि सर्ग[15], प्रतिसर्ग[16] अन्तमा ॥३२॥

१. अस्थि, मांस आदि सात धातु । २. जीवस्वरूप हाँस । ३. अन्नमय कोश वा ढुकुटी ।
४. कालरूप चोर । ५. मेघको मुजुरा । ६. स्वप्नको तरङ्ग । ७. क्षणमा नाश हुने ।
८. चैतन्यको समुद्र । ९. मूल अवस्था । १०. परम चैतन्यरूप । ११. आभास । १२. नाना
वस्तुको कल्पना । १३. उदय र अस्त । १४. सूर्य । १५. सृष्टि । १६. लय ।

जुन पूज्य भगीरथादिको
रजत-स्तम्भ[1] खडा छ कीर्तिको ।
सब ती वश कालका भए,
कसको मिल्छ पता, कता गए ॥३३॥

परिवर्तन[2] काल-चक्रको,
तुलना लिन्छ कुलालचक्र[3] को ।
बुध अज्ञ[4] समान घुम्दछन्
कमिला झैं जसमाथि कोटियन् ॥३४॥

स्थिति एक छ आदि अन्तको
सब रङ्क[5] क्षितिपाल[6] सम्मको ।
जब निश्चित म्याद पुग्दछ
तब छोडी हिँडिहाल्नुपर्दछ ॥३५॥

गृह, देह, कुटुम्ब, सन्तति,
सब याहीँतक हुन् भएजति ।
परको पथलाइ साँवल
बल हो, निर्मल धर्म केवल ॥३६॥

अब ताप धपाइ धैर्यले,
वशमा राखि विपक्ष[7] वीर्यले ।
निज राज्य सम्हाल्नुपर्दछ,
दुनियाँलाइ उज्याल्नुपर्दछ" ॥३७॥

गुरुको यसरी प्रबोधन[8]
स्थिर पारी अब रामको मन ।
अति भित्र पसी वसीरह्यो,
अपशोचीपन आँशु भै बह्यो ॥३८॥

भरतादिको विनय-

सब देह नुहाइ आँसुमा,
शिर घुप्लुक्क नुहाइ पाउमा ।
भरत क्षण मौनमा रहे,
अनि यो गद्‌गद शब्दले भने ॥३९॥

---

१. चाँदीको खम्भा । २. घुमाउ । ३. कुमालेको चक्का । ४. ज्ञानी-अज्ञानी । ५. कङ्गाल
६. राजा । ७. वैरी । ८. सम्झाउनु ।

"करुणामय ! दीन-वत्सल[1] !
प्रभु ! दाज्यू ! भवदीप[2] उज्ज्वल !
म अनाथ, अनाथ-नाथ[3]मा
शरणापन्न[4] छु भक्तिसाथमा ॥४०॥

रति छैन कसूर भक्तको
भमरो हुँ प्रभु-पाद-पद्मको ।
अति-निन्दित जन्मबाट यो
दृढ मालिन्य ममा खडा भयो ॥४१॥

जहरी लहरामहाँ फलैं,
तर तापानल[5]मा परी जलैं ।
विषको पनि शुद्धि आँचमा
गरिँदा सङ्‌ग्रह हुन्छ जाँचमा ॥४२॥

ज्वर दाहक[6] भै उठ्यो ममा
मुर्छिँदा दुर्घटना त्रिदोष[7]मा ।
अब दृष्टि परी सुधा[8] सरी
घटना-दोष हरोस सबै थरी ॥४३॥

यस पापमय प्रसङ्गको
मल धोइ सब अन्तरङ्गको ।
शुचि भै करुणा-तरङ्गमा,
हुन पाउँ स्थिर अन्तरङ्गमा ॥४४॥

म हुँ पूर्ण अजान बालक,
जननी स्त्री-जन हुन् अनायक ।
सब दोषविषे रही क्षमा
करुणा होस् अनिमेष[9] भक्तमा ॥४५॥

पितृ-पीठ[10] गराइ शोभन,
अब रक्षा गरिऊन् प्रजा-जन ।
प्रभुको गरि पाद-सेवन[11],
स्थिर राखौँ सुख-शान्तिमा मन" ॥४६॥

---

१. दु:खीउपर प्रेमी । २. संसारका उज्ज्वल बत्ती । ३. अनाथका नाथ । ४. शरणमा परेको । ५. सन्तापरूप आगो । ६. सन्निपात जस्तो दाह गर्ने । ७. तीन दोष भएको वा तीन जनाको दोष भएको । ८. अमृत जस्तो । ९. आँखा नचिम्लिने । १०. बाबुको गद्दी । ११. पाउको सेवा ।

यति विन्ति गरेर राममा,
भरत प्राण सुकाइ तापमा ।
पद-पङ्कज अश्रु-धार[1]ले
धुन थाले, अति दीनभावले ॥४७॥

मलिनानन[2] केकयी, अरू
जननी, मन्त्रिगण, प्रजाहरू ।
सबले पुरमा फिराउन
भरमौदूर भने पुनःपुनः[3] ॥४८॥

रामको अटल निष्ठा–

सब यो सुनि बोध[4], सान्त्वना[5]
परितापीपन, दीन-याचना ।
मनको दृढ भाव रामले
गरियो स्पष्ट, अमूल्य वाक्यले ॥४९॥

"भवमा सुख दुःख पर्दछ,
मनको संयम[6]बाट टर्दछ ।
सबले हुनुपर्छ निर्मल,
यसमा मुल छ धर्म केवल ॥५०॥

किन कामुक[7] हुँ अनित्यको,
स्थिति तोडी कुल-धर्म सत्यको ।
तनले मनले नहोस् क्षत,
शुभ आदर्श परम्परा-व्रत ॥५१॥

निगमागम[8] दिव्य वेद हो,
पितृको वाक्य मनुष्य-वेद हो ।
यिनको अटल प्रमा[9] अहो !
स्थिर लोक-द्वय[10]को सुधार हो ॥५२॥

जुन शब्दमय प्रदीप[11]को
द्युति[12]मा हुन्छ रुचि त्रिलोकको ।
यदि निभ्न गयो भने त्यही,
कति होला व्यवहारमा सही ॥५३॥

---

१. आँसुको धारा २. मलिन मुख । ३. बारबार । ४. सम्झाउनु । ५. फुल्याउनु । ६. रोकावट । ७. इच्छा गर्ने । ८. वेद-शास्त्र । ९. प्रामाण्य । १०. दुई लोक । ११. वत्ती । १२. प्रकाश ।

मिलि पारद-तुल्य[1] साँच[2]मा
लिइ पक्का पुटपाक[3] आँचमा ।
परिशुद्ध सुवर्ण बन्दछ,
यसको सद्गुण[4] लोक भन्दछ ॥५४॥

अरु अङ्गहरू अनेक छन्,
सब मौकाअनुसार चल्दछन् ।
रसना[5] मुख एक एक छन्,
लिन सत्य-व्रत एक, योग्य छन् ॥५५॥

परमेश्वर वेदशास्त्रमा,
स्फुट[6] छन् व्यापक सत्य-रूपमा ।
उनकै अवहेलना गरी,
तरिएला भव-सिन्धु[7] के गरी ॥५६॥

यतिका जनको मनोरथ,
अहिले पूर्ण गराउने पथ ।
लिन यो असमर्थता ममा,
सबमा प्रार्थना गर्दछ क्षमा" ॥५७॥

सुनि निश्चल सूक्ति रामको,
गुनियो गौरव सत्य-धामको ।
मलिनो मुखबाट गैहले,
बहिन्याए दिल धन्यवादले ॥५८॥

भरतको प्रत्यावर्तन–

दृढ भाव समान रामको,
स्थिर लोक-स्थिति निम्ति कामको ।
प्रतिरूपक[8] पादुका[9] लिई
अब फर्के भरतादि टोलिई ॥५९॥

(स्रग्धरा)

दाज्यू जस्तै तपस्वी जटिल[10] मुनि बनी, स्थान छोडी पुरीको,
नन्दिग्राम-प्रजा[11]मा मिलित हुन गई वास रोजी कुटीको ।
पूजी प्यारो खराउ क्षितिपति-पद[12]मा, रामको भावनाले,
भ्राता[13]आदर्श[14] जस्ता विमल भरतले राज्यको कार्य थाले ॥६०॥

---

१. पारो जस्तो । २. सत्य । ३. गुम्स्याएर पकाउनु । ४. असल गुण । ५. जिब्रो । ६. स्पष्ट । ७. संसार-समुद्र । ८. सट्टा । ९. खराउ । १०. लट्टाधारी । ११. नन्दिग्रामका प्रजा । १२. राजसिंहासन । १३. भाइ । १४. ऐना ।

(हरिणी)

अरु पर हुने इच्छा राखी, तपोवन अत्रिको
पुगि, नुही, लिई आशीर्वादोपदेश[1] महर्षिको ।
अगि पछि गरी सीता भ्रातासँगै रघुनायक,
खुश हुनुभयो भारी झाडी पसी वन दण्डक ॥६१॥

इति राम-प्रबोधन पञ्चम सर्ग

•

१. आशीर्वाद र उपदेश ।

षष्ठ सर्ग

(मालिनी)

शारदी शोभा-

जटिल तरुलताले जेलिनाले छहारी
घन गरि मन हर्ने दण्डकारण्य भारी ।
बखत पनि थियो त्यो छाइ शोभा शरत्को,
तखत अति परेको हर्षलाई जगत्को ॥१॥

शरदृतु जब आयो, वृष्टिले छुट्टि पायो
गगन झलमलायो, मेघ-माला बिलायो ।
जल विमल[1] गरायो, गैह हीलो हरायो,
रवि-किरण[2] बढायो, पद्ममा श्री चढायो ॥२॥

हरिण[3] तृण उगाली चर्दछन् गल्लि-गल्ली,
मधुप[4] मधु सँगाली झुल्दछन् वल्लि-वल्ली ।
ढुसुढुसु उँधमण्टो लाइ उड्छन् मजूर,
मुसुमुसु गरि भन्छन् हाँस हाँहाँ हजूर ॥३॥

जब जब रवि पुग्छन् व्योमको मध्य सीमा
तब तब पशु पक्षी झुम्म हुन्छन् नदीमा ।
चटक चटक जस्तै गर्दछन् खेल-कूद,
पटक पटक पानी छर्दछन् बूँद बूँद ॥४॥

गरम समय बल्दा, मेघको धूप पोती
मलिन भइ दबेका तारकाकार[5] मोती ।
दलिइ दलिइ वर्षा-धारमा धोइनाले,
झलल भइ शरत्को रातमा बल्न थाले ॥५॥

१. निर्मल । २. सूर्यको किरण । ३. मृग । ४. मौरी । ५. तारारूप ।

कमल कुमुद[1] पालो बाँधि, जागा भएर,
हरबखत सरः-श्री[2]लाई रक्षा गरेर ।
कमल र कमला[3]को बन्धु-शैली जनाई,
दिनदिन दिनलागे सूचना लोकलाई ॥६॥

पवन मगन-मस्ती गानको तान खोली,
कुसुम-रस सुगन्धी चूर्णको बोकि झोली ।
वरिपरि फिरि गर्छन् नित्य फेरी प्रभाती,
भ्रमर कदर गर्छन् प्रेममा भाँति-भाँति ॥७॥

मधुकर[4]हरु मीठो नाद ओम्कार गाई,
कणकण फलफूल क्षीर जो मिल्छ खाई ।
दिनभर घुमि गर्छन् वृक्ष-विश्राम याया-
वर[5] मुनि बुनि, लिन्नन् देहमा मोह माया ॥८॥

भ्रमर मलिन, गर्दै तीक्ष्ण हुङ्कार धेर,
दलदल हुल बाँधी कुञ्जभित्रै पसेर ।
दिइ तरल[6] लतामा लात आघात नाना,
अहह ! सहज लुट्छन् कोश[7] खोली खजाना ॥९॥

बल-जफत कलीला कोपिलामाथि गर्छन्
भनि वदन हँसीलो पारि, लोभ्याइ रुन् रुन् ।
सरसिज फगुवाले रङ्गिचङ्गी गराई,
निशिभर[8]दल बाँधी[9] थुन्दछन् भृङ्ग[10]लाई ॥१०॥

टहटह चहकीलो जूनमा बल्छ रात,
लहलह लहरामा फूल छन् जात-जात ।
तह-तह नभमा छन् तित्तिरी मेघ-लेखा[11],
रह रह पनि सुक्तै बन्दछन् नीर-रेखा[12] ॥११॥

ऋषि-मुनि-जन बस्ने स्थानको आस-पास,
मगमग भइ दिन्छन् धेर नीवार[13] बास ।
अरुण-मुख[14] सुगाका ताँति ती मञ्जरीमा,
झिलिमिलि चुदँरीको कान दिन्छन् मही[15]मा ॥१२॥

१. राति फुल्ने कमल । २. तलाउको शोभा वा सम्पत्ति । ३. लक्ष्मी । ४. मौरी
५. फिरन्त । ६. चञ्चल । ७. ढुकुटी वा कोपिला । ८. रातभर । ९. खुम्चिएर वा जमा
बाँधेर । १०. भ्रमर । ११. तित्तिरिपङ्क्ती, बादलका धर्सा । १२. पानीका रेखाजस्ता
१३. नाभोधान । १४. लालमुख भएका । १५. पृथिवी ।

पञ्चवटी-प्रवेश–

हरतरह शरत्ले लोकको चित्त हर्‍यो,
नयन दिल रसाई उफ्रने दाउ गर्‍यो ।
वन समय दुवै भो रामलाई पियारो,
अति घन पनि लाग्यो चारतर्फै उघारो ॥१३॥

रुचि रुचिर शरत्को भावनासाथ रोजी,
अरु पर पर पस्ता मार्गमा जोरि खोजी ।
रघुवरसँग भिड्ने आइलाग्यो विराध,
निहत[1] भइ तुरुन्त स्थान पायो अगाध[2] ॥१४॥

परतिर शरभङ्ग ब्रह्मवादी[3] अगस्ति-
प्रभृति मुनिहरूको देखिँदा रम्य बस्ती ।
हर-तरह यहीं हो बालिने शान्ति-दीप
भनि मन बहलायो रामको, सो समीप ॥१५॥

वट विटप फिँजाई झ्याम्म छन् उच्च पञ्च[4],
विरल[5] मुनि-कुटी छन् दूरमा निष्प्रपञ्च[6] ।
वनबिच रहनामा त्यो जनस्थान[7] भारी
उचित भनि यहाँ भो पर्ण-शाला[8] तयारी ॥१६॥

रामाश्रम–

वरिपरि तरु-माला[9] बारको टम्म घारो,
डहरसँग मिलेको भित्र पस्ने तगारो ।
समथर यसभित्र स्थान एकान्त न्यानो,
यसबिच रचिएको पर्णशाला छ सानो ॥१७॥

दुइतिर मृग-छाला ओछिएका पिँढीमा,
उपल[10] गडिरहेको भित्र पस्ने सिँढीमा ।
फल-दल[11], जल-तुम्बी[12], राखिएका शिलामा,
धनु शर-भरि[13] ठोक्रा टाँगिएका किलामा ॥१८॥

१. मारिई । २. गहिरो खाडल वा परत्र । ३. ब्रह्मज्ञानी । ४. पाँच । ५. फाटफुट ।
६. शान्त । ७. पञ्चवटी । ८. छाप्रो । ९. रूखको लहर । १०. ढुङ्गा । ११. फलसमेतको
पात । १२. पानीको तुम्बी । १३. बाण भरी भएका ।

मृदु किसलय शय्या[1] भित्र सोही कुटीमा,
वसन[2] तिलक-बट्टा[3] साथ टाँगी खुटीमा ।
अलिकति फल फूल स्वच्छ ढक्की, दुनामा,
अलि पर गवुवामा राखिएको छ सामा ॥१९॥

वरिपरि, लहराले छोपिएको छ छाना,
छिरबिर भइ बुट्टा बन्दछन् गुच्छ नाना ।
मगमग भइ चल्दा बास चारै दिशामा,
भ्रमर गुनगुनाई घुम्दछन् यो जगामा ॥२०॥

यस उटज समीपै अग्नि-शाला छ अर्को,
धप-धप गुइँठाको अग्नि बल्दो छ चर्को ।
परतिर समिधा छन् थुप्रिएका कुनामा,
ध्वज-सम[४] भइ उठ्छन् धूमका ताँति लामा ॥२१॥

हरबखत लिपेको आँगन स्वच्छ पारी,
अगलबगल भारी फूलले गम्म धारी ।
रुखमुनि छ शिलाको उच्च विश्राम-वेदी[५],
अलि पर छ छरीतो कुञ्ज सन्ताप-भेदी[६] ॥२२॥

वटुक बटुलिएमा वेदको साम-नाद[७],
ऋषि मुनि भरिएमा चल्छ अध्यात्मवाद[८] ।
अरु समय निराला शून्य एकान्त कान्त,
अति सुखद थियो त्यो आश्रम स्थान शान्त ॥२३॥

अलि परतिर भारी धर्म-धारा सरीको,
जल कल-कल गर्दै बग्छ गोदावरीको ।
पवन रस-कणाको भारले मन्द मन्द
बहि, हरदम ताजा राख्छ आनन्द-कन्द ॥२४॥

गहन वन छ चारैतर्फ छाई छहारी,
अभय हरिण चर्छन् चौदिशामा चहारी ।
मधुर रव सुनिन्छन् चित्त हारी चराका,
प्रकृति सफल हुन्छिन् शिल्प[९]ले कल्पनाका ॥२५॥

१. कोमल पालुवाको विछ्याउना । २. वस्त्र । ३. टीकाको बट्टा । ४. ध्वजाजस्तै ।
५. विश्राम गर्ने चौतारो । ६. सन्ताप हर्ने । ७. सामवेदको ध्वनि । ८. आत्मविचार ।
९. कालिगडी ।

मृगहरु तृण दूबो टिप्तछन् कप्प कप्प,
सिरिक पनि भएमा टप्तछन् टप्प टप्प ।
पर पर पुगि अड्छन् भूमिमा थप्प थप्प,
अलिकति बल पर्दा हाँप्तछन् हप्प हप्प ॥२६॥

सरर सरि रसीला चल्दछन् मन्द हावा,
खरर गरि दगुर्छन् झुण्डका झुण्ड छावा ।
घरर घुरि बनैया गर्दछन् वीर दावा,
हरर हरिण गर्छन् भीतिले धेर धावा ॥२७॥

वन बिचबिच होला स्थानमा छन् तलाउ,
रजतमय[१] छरीता बन्दछन् हंस नाउ ।
भ्रमर रस लिनामा हेर्दछन् धेर दाउ,
चपल[२] कमल छल्दै गर्दछन् श्री-बचाउ[३] ॥२८॥

परपर पहराका पङ्क्ति उक्लीरहेका,
छरछर छहराका धार कुर्लीरहेका ।
सरसर लहराका पुञ्ज हल्लीरहेका,
खरखर दहरा भै घाँस उर्लीरहेका ॥२९॥

तलतल कुहिराले छोपिएका नदीमा,
मलमल बदलीले ढाकिएका चुलीमा ।
झलझल चहकाई घाममा मध्य-सीमा[४],
पलपल दिल हर्छन् शैल-माला[५] खुशीमा ॥३०॥

दिनचर्या–

पर पर गइ गर्दा भाइ दाज्यू शिकार,
थर-थर भइ बस्ने जानकी होशियार ।
खुस भइ पति फिर्दा स्वच्छ पारी मुहार,
अब टहलिनुहुन्थ्यो साथ गर्दै विहार ॥३१॥

वर पर कति पर्थे बाघ भालू पसारा,
तर तरु-तल सीतालाइ लाग्थे पियारा ।
वन-बसति[६] बनोस् जे बन्छ योध्या अयोध्या[७],
हृदयबिच त जाहाँ राम त्याहीं अयोध्या ॥३२॥

१. चाँदीको । २. चञ्चल । ३. शोभारूप सम्पत्तिको बचाउ । ४. बीचको भाग ।
५. पहाडका ताँती । ६. वनको वास । ७. युद्ध हुने वा नहुने ।

वन उपवन[1] जस्तै हर्षकारी[2] पुरीको,
जल पनि सरयूको तुल्य गोदावरीको ।
उटज[3] महल जस्तै लाग्दथ्यो नित्य नीको,
कदर सहचरी[4]को तुल्य हुन्थ्यो मृगीको ॥३३॥

जिउभर वन-माला फूल भर्दै सिँगारी,
वरिपरि मृग पक्षी हाँसको झुण्ड पारी ।
पतिसित बसि सीता त्यो कुटीको शिलामा,
मुठिमुठि दिनुहुन्थ्यो घाँस नीवार सामा[5] ॥३४॥

विषय छ मन हर्ने दृश्यले पूर्ण देश,
समय पनि शरत्को, हर्ष गर्ने विशेष ।
ठहरिन गइ सीता-रामलाई उघारो,
सब दिन, दिनभन्दा रात हुन्थ्यो पियारो ॥३५॥

स्मित[6] थपिथपि चढ्दै चाँदनीको सिँढीमा,
मृदु गुनगुन सीतासाथ गर्दा पिँढीमा ।
हर-तरह उज्यालो रात भो रामलाई
सरस तरु लताले ताल दिन्थे मिलाई ॥३६॥

बगरभर शिलाका मञ्च[7] गोदावरीको,
उपर झुलिरहेको चाँदनी चाँदनीको ।
झलमल यसमा छन् कोटि तारा सितारा,
तल कल-कल गाई नाच्तथे नीर-धारा ॥३७॥

विजन वन, उज्यालो रात, गोदावरीको,
तट, वट-तरु-मूल[8], स्वच्छता चाँदनीको ।
मृदु कुसुमहरूको वासना वारपार,
कति सुखद भयो हो प्रेम भर्ने विहार ॥३८॥

हर-तरह सुविस्ता राम सीता दुवैमा,
हुनु उचित छ भन्दै चित्त लाई यसैमा ।
क्षण पनि नगुमाई भाइ लागीरहन्थे,
निशि-भर पहराको निम्ति जागीरहन्थे ॥३९॥

१. बगैँचा । २. हर्ष गराउने । ३. कुटी । ४. सखी । ५. नाभ्रो धान । ६. मुस्कान । ७. पत्थरका चट्टान । ८. वट-वृक्षको फेद ।

हेमन्त-समय–

समय बदलिँदै गो, याम अर्कै उदायो,
शरदृतु पर भाग्यो, शीत हेमन्त आयो ।
रवि-किरण मधूरो बन्न लाग्यो पियारो,
तरु शिखरहरूमा पर्न लाग्यो तुषारो ॥४०॥

सरसिज[1] ठिगुराए, मेघले गर्भ छाए
कुसुमहरु बिलाए, अग्निले मान पाए ।
जल जड कहलाए शीत-बाधा[2] बढाए,
वन-पवन[3] फिराए, चाल भिन्नै चलाए ॥४१॥

शूर्पणखादि-दमन–

मृदु कुसुम कलीमा सुद्ध देखिन्छ काँटा,
विशद[4] शशि-कला[5]मा गाभिएको छ टाटा ।
ऋषि मुनि तप गर्ने त्यो जनस्थान भेक,
विकट कुटिल पापी घुम्दथे एक एक ॥४२॥

अबल युवक[6] देखी, चित्त पारेर तोभा,
सहन नसकि सीता-भाग्य-सौभाग्य-शोभा[7] ।
छल गरि बहुरूपी राक्षसी भ्रू[8] नचाई,
नकलझकल पार्दै रामको सामु आई ॥४३॥

उचित भनि इशारा दाइले भाइपट्टि,
छलसहित दिँदामा, भाइले दाइपट्टि ।
घुमि घुमि बहुलाई त्यो जसै, छाँटकाँट
गरिदिइ नकटी नै पारिई भाइबाट ॥४४॥

स्फुट गरि नख नाङ्ले, केशको पाश दाम्ले,
थुतुनु विकट साङ्ले, देहको रङ्ग काम्ले ।
रगत भल बगाई "हाइ ! बाबा ! नि आमा !"
भनि पर दगुरी त्यो, पाइला पारि लामा ॥४५॥

खबर खरहरूले पाउँदा दुर्दशाको,
फल दिन भरपूरै जोशमा क्रूरताको ।

१. कमल । २. जाडाको बाधा । ३. वनको हावा । ४. निर्मल । ५. चन्द्रमाको कला । ६. तरुण । ७. सीताको भाग्य र सौभाग्यको शोभा । ८. आँखीभौं ।

सलह–दल सरी भै, आँधिको भान पारी,
अभिमुख हुन आयो, राक्षसी फौज भारी ॥४६॥

जतन गरि वधूको भाइ जिम्मा कुटीमा,
ठट भइ, धनु ठोक्कासाथ युद्ध–स्थलीमा ।
अगि–सरि रघुवीर व्यग्र भै वीरतामा,
रिपुसित बल जोडी, लाग्नुभो तौलनामा ॥४७॥

शर, लगुड, घुयैंत्रा, शूल, बर्छा र फर्सा,
तरु, विटप[1] शिला[2]को पारि चौतर्फ वर्षा ।
विकट रिपुहरूले चौदिशावाट ढाके,
प्रलय–समयलाई खातिरी गर्न डाके ॥४८॥

भ्रुकुटि विकट पारी, काण्ड–कोदण्ड[3] जोडी,
रघुकुल–सविता[4]ले दुष्टको गर्व तोडी ।
झटपट दृढताले गर्नुभो हुण्डहाण्ड,
प्रलय–समयले झैं घोर संहार–काण्ड ॥४९॥

रुधिर[5] रिपुहरूको पाद्य, नैवेद्य रुण्ड[6],
ध्वज भुज–शत[7] गर्दै, माल्य बेगिन्ति मुण्ड ।
अविचल रघुवंशी सिंहको वीर–चर्या[8],
वरिपरि हुन लाग्यो उग्र–चण्डी–सपर्या[9] ॥५०॥

त्रिशिर र खर आदि ध्वस्त पारी अदैन्य[10]
सलह–दल जलाई चौध हज्जार सैन्य ।
अवध–नव–युवा[11]को तेज यो बल्न थाल्यो,
विजय–यश तपस्वी–ग्राम[12]मा गूँजिहाल्यो ॥५१॥

विजय लिइ फिरेका नाथको गाथलाई
नयन–नलिन–माला[13] दूरदेखिन् चढाई ।
अधिक कदर गर्दा द्वारमा जानकीले
मुनि–जन मिलि गाए वीर–गाथा[14] खुशीले ॥५२॥

---

१. रूखको हाँगा । २. पत्थर । ३. धनु वाण । ४. रघुकुलका सूर्य । ५. रगत । ६. धड । ७. सयौं हात । ८. वीरता । ९. उग्रचण्डीको पूजा । १०. उत्साहसाथ । ११. अवध कुमार । १२. तपस्वीको गाउँ । १३. नेत्र–कमलको माला । १४. वीर–गान ।

मारीच–वध–

सुनि गति बहिनीको, जातिको नाश, लङ्का–
पति अब अति जाग्यो चित्तमा मानि शङ्का ।
छल बलसँग वैरी रामको हानिलाई
हठसहित मिलायो बन्धु मारीचलाई ॥५३॥

सँग लिइ बहुरूपी धूर्त मारीचलाई
कनक–मृग[1] बनाई तेजिलो रङ्ग लाई ।
वरिपरि दगुरायो त्यो जनस्थान आई
दशमुख गम गर्थ्यो गुप्त भै दाउलाई ॥५४॥

टलक टलक टल्की, शोभिँदा स्वर्ण–रङ्ग[2],
झलक झलक झल्की, दौडने त्यो कुरङ्ग ।
झुलुक झुलुक निस्की अल्पिँदै आतुरीमा,
पुलुक पुलुक गर्दै हेर्न लाग्यो कुटीमा ॥५५॥

नव हरिण सुनौला तेजिला देखिँदामा,
लिन मनसुब ज्यादै जानकीको हुँदामा ।
हर–तरह हुनाले प्रेरणा रामलाई,
अब नगइभएन, प्रेमको मानलाई ॥५६॥

"हरिण अति अनौठा जाल पो हो कि, हेर,
हरदम रहनू है" भाइलाई भनेर ।
शर धनु लिइ झट्टै राम लाग्दा पछाडि,
मृग टपटप टप्तै उड्न लाग्यो अगाडि ॥५७॥

पर पर पुगि थाक्यो, भेटियो जाल जानी,
सहज रघु–युवाले मारियो वाण हानी ।
गजपसित करायो दुष्ट त्यो "हाइ ! भाइ !
अहह ! अब मरैं हा ! हा ! प्रिये !" शब्द छाई ॥५८॥

वन वन फिजिँदा त्यो आर्त–वाणी[3] ननीको,
अशनि[4] सरह बज्र्यो कानमा जानकीको ।
बहुत हडबडाई वेगमा वेदनाको,
विकल हुनुभयो झन् मुस्लिँदा भित्र राँको ॥५९॥

---

१. सुनको मृग । २. सुनौला रङ्ग । ३. पीडाका शब्द । ४. वज्र ।

"बिलकुल छल हो यो दुष्टको, छैन शङ्का,
प्रभुउपर कसैको पर्न सक्तैन डङ्का" ।
भनि मन नडगाई भाइ निश्चिन्त बन्दा,
थरथर भइ सीता काँप्नुभो, मानि धन्दा ॥६०॥

"ध्वनि विकलपनाको, नाथको हो, बचाऊ
किन बिहक बसेको, लौन दौडेर जाऊ ।
रतिभर पनि कस्तो दाइको छैन माया,
हरि ! हरि ! कसरी यो बच्न सक्नेछ काया[1]" ॥६१॥

यति अति कटु[2] सीता-वाक्यले छेडिँदामा,
रहन नसकि निस्के लक्ष्मण व्यग्रतामा[3] ।
वन घुमि-घुमि दाज्यूलाइ सानन्द पाए,
मलिन वदन धोई, आँसुले, हर्ष छाए ॥६२॥

"बिहक हडबडाई फाल हालेर आयौ,
छलकपट नसम्झी, पीर सित्तैं बढायौ" ।
यति कहनुभएमा, यो भनें "भाउज्यूको
हृदय धमिलिँदामा बस्न मानें ननीको" ॥६३॥

"हिंड हिंड दगुरौं लौ, धेर टाढा छ बाटो
कपटसहित फेर्ला दुष्टले आज साटो" ।
भनी, तुलबुलिएको चित्तलाई सम्हाली,
फटफट गरि फड्की, दौड्नुभो फाल-हाली ॥६४॥

(मन्दाक्रान्ता)

लामो बाटो विकट वनको, त्यो कुटी निःसहाय[4]
नाना शङ्का कुजनहरुको, धेर भो अन्तराय[5] ।
लक्खन् फेरा मन पुगिसक्यो, पाइला झन् बढाई,
दौड्दै जाँदा पनि भुटभुटी बढ्नगो रामलाई ॥६५॥

इति पञ्चवटी-निवास षष्ठ सर्ग

•

१. शरीर वा धर्म । २. कडा । ३. व्यग्र भएर । ४. सहायक नभएको । ५. विघ्न ।

सप्तम सर्ग

(मन्दाक्रान्ता)

रावणको दुष्टता–

स्वार्थ त्यागी गहन वनमा शान्तिले दुःख झेली
बस्ने न्यायी रघुपतिविषे, बेसरी जाल खेली ।
धर्म-द्रोही दशमुख यहाँ रीस फेरूँ भनेर,
सीता हर्ने कपट-घटना[1] गर्न लाग्यो लुकेर ॥१॥

सत्य-प्रेमी, नय विनयले तेजिला सच्चरित्र,
गर्ने दुःखी उपर करुणा राम कस्ता पवित्र ।
यस्तालाई पनि नसहने गर्वले, दुश्चरित्र[2],
कस्तो उल्लू दशवदन यो, क्रौर्यको पूर्ण चित्र ॥२॥

आत्मा एकै सकल जनको, एक हो मूल-तत्त्व,
जस्तै होओस्- शुभ अशुभ भै भिन्न छन् चित्त-सत्त्व[3] ।
बिम्बग्राही हृदयपट[4]मा वासनाका विभेद,
रङ्गीचङ्गी रसहरु भरी, गर्दछन् चित्र-भेद ॥३॥

एकै मूल-प्रकृति[5] पनि हो एक हो जन्म रूप,
उस्तै हुन्छन् सुजन कुजन, स्पष्ट एक स्वरूप ।
जोडी हेर्दा, शुभ र अशुभ स्वार्थको ली विभेद,
देख्ता-देख्तै सुकृत कुकृत[6] व्यक्त[7] देखिन्छ भेद ॥४॥

प्यारा हुन्छन् सुजन भव[8]मा हंस झैं शुद्ध-पक्ष[9]
शान्त, प्रेमी शुभ चलनले नित्य आनन्द-दक्ष[10] ।

१. कपटको खेल । २. खराब चरित्र भएको । ३. अन्तःकरण । ४. हृदयरूप कपडा । ५. मूलकारण । ६. पुण्य पाप वा सु-कु-ले गरेको । ७. स्पष्ट । ८. संसार । ९. असल पक्ष लिने वा सेतो पखेटा हुने । १०. आनन्द दिन सिपालु ।

खारा हुन्छन् कुजन सबमा, काक झैं कृष्ण-पक्ष[1],
द्रोही, द्वेषी कटु वचनले गैह पार्ने विपक्ष ॥५॥

हुन्छन् सच्चा मलय-तरु[2] झैं शिष्ट लोकोपकारी,
घोटी घोटी निज तनु दिने बासना तापहारी ।
हुन्छन् कच्चा विष-तरु[3] सरी दुष्ट, पार्ने विचेत
बाधा गर्ने, भय पनि दिने प्राण हर्ने समेत ॥६॥

शान्ति प्रेमीपन सुजनता हुन्छ धेरै भिजेको,
भ्रान्ति द्वेषीपन कुजनमा हुन्छ भित्रै बिग्रेको ।
आत्मा, बन्धु, प्रिय, पर, रिपु, भ्रष्ट, एकै जनाई,
लिप्छन् भित्री अमृत विषले, ती सबै लोकलाई ॥७॥

आभा छाया, अमृत जहर, ज्योति गाढान्धकार
मैत्री[4] हिंसा, दिवस, रजनी[5], ज्ञान अज्ञान-भार ।
राग द्वेष, प्रकृति विकृति, स्वस्थता व्याधि[6], यस्तै
मिल्नाले भो, शुभ अशुभको लोक यो चीत्रजस्तै ॥८॥

काम क्रोधप्रभृति दलको दुर्ग[7] दुर्भेद्य फोडी,
लोभ द्वेष प्रवल रिपुका वर्गको स्थान तोडी ।
हानी तीखो धृति-शर महामोहको मर्मभेदी,
ज्ञानी चढ्छन् दृढ विजयले, शान्ति-संमान-वेदी[8] ॥९॥

गर्वद्वेषादिक जहरिलो तीक्ष्ण औजार जोडी,
धर्म ज्ञानप्रभृति चपरी लोष्ट पाषाण[9] फोडी ।
जाली उल्लू दशवदनले, जाल जो गर्न लाग्यो,
आफैं खस्ने अधिक गहिरो, खाडलै खन्न लाग्यो ॥१०॥

सीता-हरण–

पायो मौका, वन पसिदिंदा ती दुवै धीर वीर,
आयो जाली दशमुख त्यहाँ दौडँदै तीर तीर ।
खोल्यो योगी शकल कपटी, दण्ड झोली लिएर,
बोल्यो बोली अलख, उभिई आश्रम-द्वारनेर ॥११॥

१. मैलो पक्ष लिने वा कालो पखेटा हुने । २. चन्दन-वृक्ष । ३. विष-वृक्ष । ४. मित्रता । ५. दिन-रात । ६. रोग । ७. किल्ला । ८. शान्ति र सम्मानको चौकी । ९. खोस्टो ढुङ्गाहरू ।

सीता निस्की झटपट कुटीबाट भिक्षा लिएर,
"लेऊ बाबा" भनि अगि सरी, जानुभो द्वारनेर ।
हाँस्तै बोल्यो दशमुख विषोद्गार[1] झैं दुष्प्रकाश[2]
बोली घोली मधु-रस घन स्नेहमा एकनास ॥१२॥

"प्यारी ! मान स्मर-परवश[3], प्रेम माग्ने भिखारी,
भारी देवासुरहरु जिती मस्त ऐश्वर्यधारी ।
लङ्का-सम्राट् म हुँ, दश दिशा त्रस्त पार्ने यथार्थ,
शङ्का छोडी गर वरणले, गाढ आशा कृतार्थ ॥१३॥

छोडी वास्ता नगर, नगर त्यागि कान्तारचारी[4]
दुःखी राज्य-च्युत, अविनयी[5] राममा के छ भारी ।
यस्तो चढ्दो वय छ कलिलो रूप कस्तो रसीलो,
देह-ज्योत्स्ना[6] कति चहकिलो, छैन लोग्ने गतीलो ॥१४॥

सेवा गर्छु प्रणत शिरले, पट्ट-रानी बनाई,
लाऊ कर्के नजर, भुजले गम्म जेली मलाई ।
प्यारी ! तिम्रो अधर-मधुको स्वाद पाई अमन्द,
मौलाओस् यो विकल दिलको शुष्क आनन्द-कन्द" ॥१५॥

सीताले यो अति जहरिलो, वज्रजस्तो कठोर,
बोली सुन्दा झटपट थुनी कान, काँपी अघोर ।
धोका खाई परतिर हटी, अग्नि झैं नेत्र पारी,
त्रास-क्रोध-प्रतिकृति[7] भई, भन्नुभो यो उपारी ॥१६॥

"जाली ! उल्लू ! अधम ! पर जा, गर्छु धिक्कार धेर
एक्ली साध्वी[8] तिर जहरिलो दृष्टि दिन्छस् छलेर ।
सम्झी आगो छुन नसकिने, भारती वीर-नारी,
होला मेरो नजर विषले लेपिएको कटारी ॥१७॥

जोगा उल्लू ! झटपट हटी ज्यान लागे पियारो,
छोप्लास् आँखा अब तँ कसरी, जाल पारेर छारो ।
भागी जा जा, रघुपति अति क्रोधका खानि जानी,
नत्र ज्वालामय नजरमा बन्न जालास् खरानी" ॥१८॥

१. विष उकेलेझैं । २. प्रकाश गर्न नसकिने । ३. कामको वश । ४. वनमा हिँड्ने । ५. उत । ६. शरीरको चाँदनीजस्तो चमक । ७. भय र क्रोधको मूर्ति बनेर । ८. पतिव्रता ।

गाली खाई दशवदन[1]ले झोक्किइ शान्ति रोकी,
हा हा पार्दै विकट वपु[2]ले जानकीलाइ बोकी ।
फुर्ती साथै सुदृढ रथमा हालि दौडाइहाल्यो,
हेर्दै हेर्दै वरपर, बडो वेगले उड्न थाल्यो ॥१९॥

हत्याराको वश भइ चरी व्याधको जालमा झैं,
मूर्छा पर्दै विकल सफरी[3] धीवरी[4] पाशमा झैं ।
सीता, धोई नयन-जल[5]ले, लागि चौतर्फ हेर्न,
काहीं केही शरण नहुँदा, लाग्नुभो शोक गर्न ॥२०॥

"जानी मानी शरण चरणै, नाथका साथ आएँ,
मात्रा मात्रा सरस करुणा-स्रोत[6]मा भिज्न पाएँ ।
हा ! हा काहाँ अलप हुनुभो भाग्यका दिव्य तारा,
अन्धाधुन्धै सब दश दिशा देख्न लागें अँध्यारा ॥२१॥

यस्तो आपत् अवरुट पर्‍यो, दुष्टको जाल कस्तो,
कस्तो ज्यादै अदय अबलामाथि दुर्दैव यस्तो ।
केले होला, विमुख ठहरे देवतासम्म सारा,
को भावी भै विजन वनमा सुन्छ मेरो पुकारा" ॥२२॥

खाई दैवी झपट थुनियो विश्वको कान टम्म,
अल्पीहाल्यो गगनविच त्यो कङ्कला-शब्दसम्म ।
संसार-श्री रघु जनकका वंशको दीव्य दीप
निभ्नै लाग्यो डगमग हुँदा आँधि आई समीप ॥२३॥

लङ्का-नयन–

जाँदा जाँदै वनबिच कुनै गृध्रले दृश्य देखी,
ठुङ्दाठुङ्दै रथ धुलिपिठी पारियो झारि सेखी ।
भिड्दा भिड्दा प्रबल खल[7]को चोटले ती जटायु,
चित्ता खाई तलतिर गिरे, बाँकि भो अन्त्य आयु ॥२४॥

धोका खाई झटपट लिई खेचरी चाल, शङ्का
गर्दा गर्दै, दशमुख पुग्यो सिन्धुको पारि लङ्का ।
भारी घेरा वरिपरि गरी राक्षसीको, अशोक-
बारीमाहाँ थुनि, कुल-वधूलाइ पार्‍यो सशोक[8] ॥२५॥

---

१. रावण । २. शरीर । ३. माछी । ४. माछीको । ५. आँसु । ६. करुणाको प्रवाह । ७. दुष
८. शोकसहित ।

सम्झीसम्झी पलपलमहाँ राम ! हा राम ! भन्दै,
कल्पी कल्पी, क्षण युग सरी मानि एकेक गन्दै ।
ढल्दा सीता छिन छिनमहाँ मोहले भै बेहोश
दिन्थ्यो चर्को कचकच गरी राक्षसी-वर्ग होश ॥२६॥

लड्दै पड्दै जति जति चढ्यो, कष्टको त्यो पहाड,
बढ्दै जान्थ्यो दमक दमको, आँसुको धार गाढ ।
उक्ल्यो ओर्ल्यो कति कति अडी घर्सँदै बार बार
सीतालाई भर भइरह्यो आशको एक तार ॥२७॥

दिन्थ्यो बाधा हरतरहले रावण त्रास-कारी[1]
हुन्थ्यो कैल्हे मृदुवचनले सामुमा साम-चारी[2] ।
गर्थ्यो कैल्हे विकट मुखले भर्त्सना, खूप जागी,
थाक्यो पूरा असफल भई, युक्ति केही नलागी ॥२८॥

आगो लागोस्, वरिपरि बहोस् कष्टको भेल भारी,
डग्थे कैल्हे भरत-कुलका पूज्य आदर्श नारी ।
धैर्य श्रद्धा अटल महिमासायको कम्प-शून्य,
कस्तो शोभा अति दृढ सती-धर्म[3]को, धन्य ! धन्य ॥२९॥

साधी रस्ता यम नियमको चित्त एकाग्र पारी,
चढ्दै जाँदा श्रवण मनन ध्यानको मार्ग भारी ।
आत्मा रामात्मक[4] दृढ हुँदा, जानकीको प्रयोग,
के भन्ने हो जनक-कुलको योग हो वा वियोग ॥३०॥

रामको व्याकुलता–

फर्की आई खरखर गरी, रामले त्यो कुटीमा
देख्ता रित्तो, थर थर हुँदै, भित्र बारी पिँढीमा ।
फिक्री गर्दै सरसर घुमी, खोजमा जानकीको,
जाहाँताहीं खबर बुझियो, छैन पत्ता कहींको ॥३१॥

सोध्दा सारा उटज-तरु[5]ले मौन-मुद्रा जनाए,
घोसे मुन्टो विरस लहरा झाँगले सम्म लाए ।
स्याँ स्याँ गर्दै कमल-कुलले हात हल्लाइहाले,
चारा छोडी हरिण-गण[6]ले टोलिई हेर्न थाले ॥३२॥

---

१. तर्साउने । २. फुल्याउने । ३. पतिव्रता धर्म । ४. रामस्वरूप । ५. कुटीका वृक्ष ।
६. मृगहरू ।

बोली निस्क्यो छलछल यही, खालि गोदावरीको,
काँपे केरा गहभर गरी आँसु, मानी ननीको ।
हूँ हूँ गर्दै भ्रमर-कुलले शोक ज्यादै मनाए,
काँ काँ गर्दै ढनमन हुँदै हाँस धेरै कराए ॥३३॥

घुम्दै हेर्दा गहन वनमा, रामले आत्तिएर,
फिक्री लाग्यो, विकल दिलमा पीर भो धेर धेर ।
बाधा बढ्दा अब विरहको, फैलियो अन्धकार,
एकै लागे सब दश दिशा, शून्य भै वारपार ॥३४॥

छाती उर्ल्यो खुलबुल चल्यो, धीरता दूर भाग्यो,
चिन्ता उर्ल्यो, तुलबुल बढ्यो, पीर चौपट्ट लाग्यो ।
ज्वाला दन्क्यो, हृदय भुटियो आँसुसम्मन् सुकायो
होशै रुस्क्यो, रुटपट भयो, कष्ट उद्गार[1] आयो ॥३५॥

"हा ! हा ! डाहा दिइ हृदयको हार काहाँ हरायो,
संसार-श्री[2] गुम हुन गयो, शान्ति-धारा बिलायो ।
प्रेमी साथी अलप हुनगो, अस्त भो भव्य तारा,
हाहा पारी सहज हरियो प्राण सर्वस्व सारा ॥३६॥

हा ! हा ! कस्तो अवरुट विपत् पर्न आयो घनेरो,
काहाँ के भो विकट वनमा ज्यानको ज्यान मेरो ।
दुःखी सुक्खा दिल विरहको आँचमा बल्न थाल्यो,
यो ज्वालाले तन मन सबै आँसु पारी पगाल्यो ॥३७॥

छोपी आभा[3] वदन-विधुको[4], दुःखको मेघमाहाँ,
छाई छाया घन तिमिरको, छौ प्रिये ! हाइ ! काहाँ ।
को जालीको परवश भई, कष्ट भोगीरहीछौ,
बल्दो मुस्लो नव विरहको के गरी लौ सहन्छ्यौ ॥३८॥

सम्झी सम्झी हृदय-तलमा, रामले ताप गर्दा,
कल्पी कल्पी नयनपुटको बन्द पारेर पर्दा ।
सन्नाटाको घन तिमिरमा मौन-मुद्रा उदायो,
बेहोशी भो, क्षण भर अडी अर्धचैतन्य[5] आयो ॥३९॥

---

१. बोली । २. संसारकी लक्ष्मी । ३. कान्ति । ४. चन्द्र । ५. आधा होश ।

रामको धैर्य–

सारा प्रेमी जन, धन, पुरी, देश, साम्राज्यसम्म,
त्यागी हिँड्ने मनभरि थियो धैर्यको भार टम्म ।
हल्लाएथ्यो क्षणभर नयाँ स्रोतले शक्तिसम्म,
आफ्नै सत्ता लिइ अडिनगो भित्र गाम्भीर्य गम्म ॥४०॥

छायाजस्ती चिर-सहचरी[1] प्रेयसी[2] अल्पिँदामा,
माया लागी करुण-लहरी उर्लंदै आउँदामा ।
संसारीको हृदय नडगी वज्रको भै रहन्न
सक्ला यस्तै दृढ सकसमा धैर्यको बाँध बन्न ॥४१॥

दैवी लीला-वश भइ सबै लोकमा उत्रँदामा,
जारी राख्छन् प्रकृति-विकृति-स्रोत[3] छोटा र लामा ।
केले जान्थ्यो विधि-नियममा देखिने वस्तु-सत्ता[4],
सानो मात्रातक गरिदिने हुन्छ पूरा महत्ता[5]॥४२॥

देखी दाज्यू विकल मनमा, धैर्यमा ल्याउनाको,
बाटो हेर्दा, रुन अगि सरे, भाइ रुन् छोडि डाँको ।
उल्टो धेरै भर दिनुपर्‍यो, दाइले भाइलाई,
आर्को हेरी पनि लिनुपर्‍यो, रामले धैर्यलाई ॥४३॥

रुन् रुन् यप्ता विरह-लहरी, आँसुका धेर धार,
उर्लीहाल्ने भव-जलधि[6]की देखिने हुन्न पार ।
जानी, सम्झी सब, हृदयमा भार बोकेर कुस्त,
खोज्दै जाने दृढ गरि, दुवै हिँड्नुभो सुस्त सुस्त ॥४४॥

जटायु र कबन्धको सद्गति–

जाँदा जाँदा पर पर जसै देखिए गृध भारी,
इन्तू-चिन्तू-रहित बहुतै रक्तको धार झारी ।
बाटो छेकी रथ शर धनु ध्वस्त भै छिन्न भिन्न,
लङ्का-स्वामी दशवदनका पाइए चिह्न चिन्न ॥४५॥

"मैले मारें अगि खरहरू, फेरि मारीच आयो,
मौका पारी विजन वनमा खूप धोका दिलायो ।

---

१. चिरकालकी साथी । २. प्यारी । ३. प्रकृति र विकृतिको प्रवाह । ४. वस्तुको स्थिति ।
५. महिमा । ६. संसाररूपी समुद्र ।

देखें याहाँ रथ शरहरू चिह्न यी रावणीय[1],
सारा जाली अधम त्यसकै जाल हो निन्दनीय[2] ॥४६॥

सुन्दा चर्को रथ-गडगड, क्रोधले हुम्मिएछन्,
गर्दा भारी गडबड यहाँ, गृध यी काटिएछन् ।"
भन्दै, सम्झी गुण हृदयमा, रामले मानि शोक,
आगो लाई जल पनि दिंदा, ती चढे दिव्यलोक ॥४७॥

गोता खाई विरह-रहमा शान्ति विश्राम छाडी,
जाँदा जाँदा पर पर पुगी देखियो क्रौञ्च-झाडी ।
आई लाग्यो विकट-वदन[3] स्वाङ्ग बाई कबन्ध,
त्यो द्रोहीको पनि हुन गयो ज्यान हर्ने प्रबन्ध ॥४८॥

छोडी पापी वपु, हत भई रामका बाहुबाट
पाई आफ्नो सुगति[4] अगिको, तेजिलो पारि छाँट ।
उक्लीहाल्यो परम पदमा शाप-निर्मुक्त[5] आत्मा,
दुःखीलाई हरतरहले शान्ति दिन्छन् महात्मा ॥४९॥

(पृथ्वी)

शबरी-सङ्गम-

जपी जनक-नन्दिनी[6] अझ अगाडि बढ्दै गई,
यताउति फिराउँदा नजर, खोज गर्दै गई ।
भएन फल फूलको रस अरण्य[7] आनन्दको,
जलेपछि कसो गरी नव मुना उठोस् कन्दको ॥५०॥

यती वनमहाँ मिलिन् विमल भक्तिको कान्तिमा,
प्रसिद्ध शवरी, सदा सरस आत्म-विश्रान्तिमा ।
सरोवर[8] सरी थिइन् सुकृत शान्ति आरामको,
विशेष तिनले गरिन् कदर वन्दना रामको ॥५१॥

पम्पा प्राप्ति-

पऱ्यो नजरमा त्यहाँ पछि विशाल पम्पा-सर
पवित्र जल, पद्मका लहर हंसले सुन्दर ।
झलक्क भइ सम्झिए, विमल जानकीको मन,
प्रफुल्ल नयन-प्रभा[9] चरणको विलासीपन ॥५२॥

१. रावणका । २. निन्दा गरिने । ३. डरलाग्दो मुख ४. असल गति । ५. शापबाट छुटेको । ६. सीता । ७. वन । ८. तलाउ । ९. नेत्रको कान्ति ।

रिझाइ बहलाउने सब कला थियो दैवको,
सबै सहज उल्टियो, स्थिति नयाँ हुँदा रामको ।
जमीन रस शोषिँदै, हुन गए कडा उषर,
सुबीज पनि के दिनन् लहलहाउँदा अङ्कुर ॥५३॥

त्यसै पनि जलाउने हृदयलाई पम्पा थियो,
प्रभा नव वसन्तको थप भए सरी देखियो ।
घृताहुति[1] हुँदै थियो विरहको कडा आँचमा,
अडचो फगत रामको हृदय धैर्यको जाँचमा ॥५४॥

इति सीता हरण-सप्तम सर्ग

•

१. घिउको आहुति ।

देखें याहाँ रथ शरहरू चिह्न यी रावणीय[1],
सारा जाली अधम त्यसकै जाल हो निन्दनीय[2] ॥४६॥

सुन्दा चर्को रथ-गडगड, क्रोधले हुम्मिएछन्,
गर्दा भारी गडबड यहाँ, गृध्र यी काटिएछन् ।"
भन्दै, सम्झी गुण हृदयमा, रामले मानि शोक,
आगो लाई जल पनि दिँदा, ती चढे दिव्यलोक ॥४७॥

गोता खाई विरह-रहमा शान्ति विश्राम छाडी,
जाँदा जाँदा पर पर पुगी देखियो क्रौञ्च-झाडी ।
आई लाग्यो विकट-वदन[3] स्वाङ्ग बाई कबन्ध,
त्यो द्रोहीको पनि हुन गयो ज्यान हर्ने प्रबन्ध ॥४८॥

छोडी पापी वपु, हत भई रामका बाहुबाट
पाई आफ्नो सुगति[4] अगिको, तेजिलो पारि छाँट ।
उक्लीहाल्यो परम पदमा शाप-निर्मुक्त[5] आत्मा,
दुःखीलाई हरतरहले शान्ति दिन्छन् महात्मा ॥४९॥

(पृथ्वी)

शबरी-सङ्गम-

जपी जनक-नन्दिनी[6] अरु अगाडि बढ्दै गई,
यताउति फिराउँदा नजर, खोज गर्दै गई ।
भएन फल फूलको रस अरण्य[7] आनन्दको,
जलेपछि कसो गरी नव मुना उठोस् कन्दको ॥५०॥

यती वनमहाँ मिलिन् विमल भक्तिको कान्तिमा,
प्रसिद्ध शवरी, सदा सरस आत्म-विश्रान्तिमा ।
सरोवर[8] सरी थिइन् सुकृत शान्ति आरामको,
विशेष तिनले गरिन् कदर वन्दना रामको ॥५१॥

पम्पा प्राप्ति-

पर्‍यो नजरमा त्यहाँ पछि विशाल पम्पा-सर
पवित्र जल, पद्मका लहर हंसले सुन्दर ।
झलक्क भइ सम्झिए, विमल जानकीको मन,
प्रफुल्ल नयन-प्रभा[9] चरणको विलासीपन ॥५२॥

१. रावणका । २. निन्दा गरिने । ३. डरलाग्दो मुख ४. असल गति । ५. शापबा
छुटेको । ६. सीता । ७. वन । ८. तलाउ । ९. नेत्रको कान्ति ।

रिझाइ बहलाउने सब कला थियो दैवको,
सबै सहज उल्टियो, स्थिति नयाँ हुँदा रामको ।
जमीन रस शोषिँदै, हुन गए कडा उषर,
सुबीज पनि के दिनन् लहलहाउँदा अङ्कुर ॥५३॥

त्यसै पनि जलाउने हृदयलाई पम्पा थियो,
प्रभा नव वसन्तको थप भए सरी देखियो ।
घृताहुति[1] हुँदै थियो विरहको कडा आँचमा,
अड्यो फगत रामको हृदय धैर्यको जाँचमा ॥५४॥

इति सीता हरण-सप्तम सर्ग

१. घिउको आहुति ।

अष्टम सर्ग

(द्रुतविलम्बित)

वसन्त ऋतु–

उदय भो अब सन्त वसन्तको,
प्रकट भो छवि चित्र विचित्रको ।
कम भयो बल शीतल शीतको
रुचिर भो अनि सर्ग निसर्ग[1]को ॥१॥

सब हिमाल हिमालयका खुले,
नव सरोज सरोजल[2]मा फुले ।
अब पलाश पलाशमहाँ चढे,
तब अशोक अशोक भई बढे ॥२॥

न अब शीतल शीत लटक्क छन्
न खर आतप आँत पगाल्दछन् ।
न नव बादल वा दल बाँध्दछन्,
न त विपल्लव[3] पल्लव पाउँछन् ॥३॥

दमनमा मनमाफिक फूलले
बकुलका कुलका खुश चालले ।
भुवन[4]मा वनमा सुषमा शयो,
शिशिरको सिरको पर भैगयो ॥४॥

मधु भए सहका सहकारमा,
अलि घुमे दलका दल काममा ।
अधिक आदरका दरकारमा,
मह भरे भलका भल कालमा ॥५॥

१. प्रकृतिको सृष्टि । २. तलाउको जल । ३. विपत्तिको लेश पनि । ४. लोक ।

खर तुषार-तुषाग्नि[1] बिलाउँदा,
सब लता बल तागतमा हुँदा ।
हुन गयो नग यो जन-रञ्जन[2],
दर मिलेर मिले वन नन्दन ॥६॥

कदर आदर आदि वसन्तको
खुप गरी, पगरी दिइ पुष्पको
मुकुल[3]का कुल काननमा फुले,
वन-लता नल ताल सबै खुले ॥७॥

अब रसाल रसालस[4] देखिए,
सब मुना नमुना नव शोभिए ।
पिक[5] जमात जमा तरुमा थिए,
स्वर-सुधार[6] सुधा-रसले लिए ॥८॥

तुहिन[7]को दबि ढङ्ग विढङ्ग भो
कुसुमको छवि रङ्ग विरङ्ग भो ।
चहकिलो नव हाल बहाल भो;
भ्रमरको पनि हाल निहाल भो ॥९॥

न कुसुमाकर[8]का करकापले,
न कमलाकर[9]का कर-काण्ड[10]ले
बरु दिवाकर[11]का कर-कार्य[12]ले
सब हिमाकार[13]का करका[14] गले ॥१०॥

गजब भो, जब भो ऋतु-राज यो,
समयको मयको तुलना भयो ।
प्रकृतिको कृति[15]को महिमा बढ्यो,
निसिपको सिपको सुषमा चढ्यो ॥११॥

समय उत्सवको सबको भयो,
प्रकट भो जन-रञ्जन रङ्ग यो ।

१. तुषारोरूपी भुसको आगो । २. जनलाई आनन्द गर्ने । ३. कोपिला । ४. रसले लट्ठ । ५. कोइली । ६. स्वरको सुधार । ७. हिम । ८. वसन्त । ९. तलाउ । १०. हातजस्तो कमलको डाँठ । ११. सूर्य । १२. किरणको काम । १३. हिमालय । १४. असिना । १५. काम ।

उदित भो मधुरो मधु[१] रोवमा,
विदित भो गतिलो गति लोकमा ॥१२॥

कमल-कोमल-कोश[२] फुलाउँदै,
मलयको लयको गुन गाउँदै ।
दिल हरी लहरी-सम वायु फन्
नव-सुधा[३] वसुधाभर छाउँछन् ॥१३॥

हृदय-चन्दन[४] चन्दनले भरी,
सकल-नन्दन[५] नन्दनकै सरी ।
पवन दक्षिण[६] दक्षिणको चल्यो,
फलमल-फण[७] लक्षण भै बल्यो ॥१४॥

कुसुमको मधुमा मधु-मास[८]मा
लठ भई भ्रमर भ्रम-रङ्गमा ।
गरि कुलेलम ठेलमठेल छन्,
हृदय-रञ्जन[९] गुञ्जन गुन्दछन् ॥१५॥

घुमी-घुमी लहरी लहरी परी,
सबतिरै भमरी भमरी सरी ।
खुस भए पहरा पहरा चरी,
रस लिंदै लहरा लहरा भरी ॥१६॥

वसन[१०] केसर केसर-वर्णको,
पहिरि माधव[११]मा धव-रूप[१२]को ।
अलि हुँदा, रसदार सरोज[१३]मा
घर जमाइ रमाइरहिन् रमा[१४]॥१७॥

विकृत[१५] रङ्ग तरङ्गमहाँ धुँदै,
शिर नुहाइ नुहाइ सुहाउँदै ।
कमलको दलको दर जो चढ्यो,
सरस रोव सरोवरमा बढ्यो ॥१८॥

---

१. मह । २. कमलको कोमल कोपिला । ३. नयाँ अमृत । ४. हृदयलाई आनन्द गर्ने। ५. सवलाई आनन्द गर्ने । ६. अनुकूल । ७. राम्रो अवसरको लक्षण । ८. वसन्त। ९. हृदयलाई आनन्द गर्ने । १०. वस्त्र । ११. वसन्त । १२. पतिस्वरूप । १३. कमल। १४. लक्ष्मी । १५. विग्रेको ।

महकको हकको महिमा भरी,
पवनको वनको रसमा परी ।
रसिकको सिकको फुलना सरी,
ठहरियो हरियो वन-वल्लरी ॥१९॥

सुमनको मनको जपना चढी,
कदरको दर कोकिलको बढी ।
प्रिय सरी यसरी मधु-मास यो,
सरसको रसको घरजै भयो ॥२०॥

महकँदा खुप राग परागको,
वन ठहर्छ सु-बास सुबासको ।
स्तवक[१]का नव हार वहारका
हुर-गए रस-मस्त समस्त[२]का ॥२१॥

सहरिया हरिया वन चौरमा,
सब स-रोब सरोवर तीर[३]मा
सुपथको पथ कोमल पार्दछन्,
मन नवीन नवीन गराउँछन् ॥२२॥

प्रसव भो सब भोग-विलासको,
भवन भो वन भोज-विशेषको ।
सरस भो रस भोर-विहार[४]को,
रकम भो कम भोक पियासको ॥२३॥

रुचिर यो चिर-योग विलासको,
स्थिर सभा रस-भाव-विकासको ।
विभवको भवको नव कोश हो,
मधुर साधु रसाकर[५] हो अहो ! ॥२४॥

रस-कला सकलागम-सार[६] हो,
वर सभा रस-भाव-विहार[७] हो ।
रसिकता सिकता-च्युत[८] नीर हो,
रसविषे स-विशेष वसन्त हो ॥२५॥

---

१. गुच्छा । २. सबै । ३. तलाउको किनार । ४. विहानको सफर । ५. रसको खानी । ६. सवका शास्त्रका सार । ७. रस र भावको विहार । ८. वालुवावाट चुहेको पानी ।

प्रिय हुँदा छवि भाव विभासको,
कदरसाथ विशेष विशेषको ।
गुण कथी सब साल-व-सालका,
कहलिए कवि देश विदेशका ॥२६॥

वासन्तिक बाधा–

तर सु-गौरव[1] गौर वसन्तको,
नभइ खातिर खातिर रामको ।
अति विशङ्कट[2] सङ्कटमाथि यो
हृदय दुर्घट दुर्घटना थियो ॥२७॥

नव विभाव-विभा[3] ऋतुराजको,
विभव भै भव-भैरव-दृश्य[4]को ।
अशनिले शनिले क्षत आँतको
सुख लियो, खलियो भइ आँचको ॥२८॥

मन सुधीर सुधी[5] रघुनाथको,
पनि, अधीर अधीर प्रकारको ।
गरि, अपूर्व अपूर्व विलाप यो,
अनुजलाइ जलाइदिने भयो ॥२९॥

"अहह ! दैव सदैव सताउँदै,
विषम हाल बहाल बनाउँदै ।
विरहलाइ बलाइ बढाउँछ,
किन मलाइ जलाइ जगाउँछ ॥३०॥

कितव[6] सन्त वसन्त उदाउँदा,
पिक चरा छिचरा छिनमा हुँदा ।
विकृत रङ्ग तरङ्ग सरी भन्यो,
मन हरेस हरे ! सहजै गन्यो ॥३१॥

सरस तीव्र सती-व्रत दीक्षिता[7]
सहचरी विचरी विधि-वञ्चिता ।
कुन दिशा विदिशा बिचमा हुनिन्
कति गुहार गुहा-रवमा भरिन् ॥३२॥

---

१. ठूलो महिमा । २. ठूलो । ३. नयाँ विभावको चमक । ४. संसाररूप भयङ्कर दृश्य । ५. बुद्धिमान् । ६. धूर्त । ७. कडा पतिव्रतको नियममा रहेकी ।

सुनयना नयना-कृति[1] अल्पियो,
सुरदना-रदनाङ्कुर[2] लोपियो ।
सुवदना-वदनामृत[3] पोखियो,
सुगमना-गमनाङ्कन[4] छोपियो ॥३३॥

अवश[5] दैव सँदै रिपु[6] झैँ हुँदा,
शमनका मनका हरिए बुँदा ।
डबलियो बलियो गरि वेदना,
बदलियो, दलियो सब चेतना ॥३४॥

इवि परी विपरीत सरी हुँदै,
विधि उपाधि उपाधि बढाउँदै ।
हृदय निर्दय नित्य उजार्दछ,
क्षय सरी यसरी किन पार्दछ ॥३५॥

अरि सरी रिस-रीति ममा लिई,
कुजन काज-न-काम हुँदै गई ।
कु-विधि[7] यो विधि यो मन घोच्तछ,
चुक सरी कसरी विष ठोस्तछ ॥३६॥

विवश[8]को वश को हुन सक्तछ,
सकसको कस को धुन सक्तछ ।
अगमको गम को लिन सक्तछ,
अबलको बल को दिन सक्तछ ॥३७॥

छवि[9] कला-विकला मधु-मास[10]मा
हवि पला-विपला गरि आँचमा ।
मन बनी नवनीत[11] विलीन भो,
जिउ खडा उखडान जमीन भो ॥३८॥

विरस भो रस-भोग वसन्तको
सफल भो फल-भोग कु-कालको ।
विरहको रहको तहमा गडे,
विकट उत्सुक उत्कट भै लडे ॥३९॥

---

१. राम्रो नेत्र हुने, सीताका नेत्रको आकार । २. राम्रा दाँत हुने सीताका दाँतरूप अङ्कुर । ३. सुमुखी सीताका मुखको अमृत । ४. राम्रो हिँडाइ हुने सीताको पाइलाको छाप । ५. वश नहुने । ६. शत्रु । ७. खराब दैव । ८. दुष्ट । ९. कान्ति । १०. वसन्त । ११. नौनी ।

प्रकृतिको कृति[1], कोकिलको रव[2],
विषम भो, सम भो विषको अब ।
खुशपना सपना हुनगो हरे !
प्रलयका लयका घटना परे ॥४०॥

पिक बढाइ बढाइ वसन्तको,
मगजलाइ जलाइ वियुक्त[3]को ।
गरि उहूहु उहूहु गिज्याउँछन्,
विरसलाई सलाइ दिलाउँछन् ॥४१॥

पवन हेर-न हेर विषालु छन्,
जिउ खरङ्ग खरङ्ग बनाउँछन् ।
मन झसङ्ग झसङ्ग गराउँछन्,
अशुभ रङ्ग भरङ्ग दिलाउँछन् ॥४२॥

बकुलका कुल काल-समान छन्,
कदमका दमका दिल थिच्तछन् ।
भ्रमर पामर पाप बढाउँछन्,
कमलमा मल मालिस गर्दछन् ॥४३॥

नकलको कल कोकिल गर्दछन्,
सकलको कलको बिउ छर्दछन् ।
विनयको नयको क्षय पार्दछन्,
नियमको यमको[4] अगि सार्दछन् ॥४४॥

दमनले मन लेथ्नु गराउँछ,
कमलले मल-लेप दिलाउँछ ।
बकुलको कुल कोप बढाउँछ,
रस-कली[5] सकली विष छाउँछ ॥४५॥

अनल[6] झैँ नल[7] झैँ नव पालुवा,
कमलिनी मलिनी, रज[8] बालुवा ।
कदम बेदम वेग बढाउने,
हुन गयो नग यो दिल फाउने ॥४६॥

१. काम । २. कोइलीको शब्द । ३. वियोगी । ४. यमका नियम । ५. रसिलो कोपिला।
६. आगो । ७. नर्कटहरू । ८. पराग ।

जहरिलो हरिलो भरिलो वन
बिरसिलो रसिलो हँसिलोपन ।
ठहरियो, हरियो सब चेतन,
खलबलाइ बलाइसक्यो मन ॥४७॥

विषयको सय कोश विदूरमा,
म वनमा वन-मानुष-मध्यमा ।
दबिरही विरही स्थितिको बही,
कथिरहूँ, स्थिर हूँ कसरी सही ॥४८॥

विषयमा सयमा सय शून्यता,
विभवमा भवमा पनि तुच्छता ।
अचलमा चलमा पनि दुष्टता,
अब सहूँ, वश हूँ कसरी म ता ॥४९॥

विछुटका खटका खनिँदै थिए,
थप विकार वि-कारण[1] वैरिए ।
सहन सक्तिनँ, शक्ति-विहीन हुँ,
कति अजीब अजीब भई रहूँ ॥५०॥

(पृथ्वी)

अधीर भइ रामले विरहको व्ययामाथि यो,
विलाप गरि, पीरको लहर तीरमा पोखियो ।
प्रभा नव वसन्तको चहकिलो त्यहाँ जो थियो,
उरःक्षत[2]विषे सबै लवण-चूर्ण[3] झैँ मानियो ॥५१॥

घृताहुति वसन्तले थपिदिँदा रडाको उठ्यो,
असह्य विरहाग्नि[4]को दनदनाइ राँको छुट्यो ।
रँगाइ मुख धूमले नयन-वारि[5] वर्षाइयो,
मृदु-प्रकृति[6] भाइको हृदयसुद्ध पिल्स्याइयो ॥५२॥

वानर-सङ्गम–

सम्हालि दिल रामले मथर पारि शोक-व्यथा,
घुमी-घुमि चलाइयो सब यथार्थ पम्पा-कथा ।

१. विनाकारण । २. छातीको घाउ । ३. नुनको धूलो । ४. विरहको आगो । ५. आँसु ।
६. कोमल स्वभावका ।

यताउति मिले त्यहाँ, उचित जङ्गली देशका,
विरूप नर वानराकृति हुँदा त्यही नामका ॥५३॥

नयाँ पुरुष देखिँदा अधिक तेजिला सुन्दर,
प्रसन्नमुख मारुति-प्रभृति[1]ले गरे आदर ।
समागम अपूर्व भो, नर र वानर-श्रेष्ठको,
परस्पर कुरा चल्यो कुशल मङ्गल प्रेमको ॥५४॥

(हरिणी)

कपि-खलकका स्वामी सुग्रीवका प्रिय सेवक-
हरुसँग हुँदा वार्ता संवाद आदर-लायक ।
उभय दल[2]को दुःखावस्थाविषे शुभ भावना-
सहित हुन गो मित्र-प्राप्ति-प्रसङ्ग[3] सु-साधना ॥५५॥

इति वसन्तस्थिति अष्टम सर्ग

•

१. हनुमान् आदि । २. दुवैतर्फ । ३. मित्रसँग भेटको अवसर ।

नवम सर्ग

(प्रहर्षिणी)

मित्र-लाभ-

के होला सुखकर मित्रलाभ जस्तो,
को होला अरु हृदयावलम्ब[1] यस्तो ।
प्रेमीको दिल दिलसाथ जोडिँदामा,
आत्माको बल डबलिन्छ एकतामा ॥१॥

आकाश-स्थिति[2] पनि मित्रको प्रकाश
पृथ्वीमा जति छ सबै छ सु-प्रकाश ।
आसन्न[3] प्रियतम[4] दोस्तको प्रभाव,
आत्मामा हरदम दिन्छ पूर्णभाव ॥२॥

सत्सङ्ग क्षणभर शुद्ध साधुतामा,
साधुत्व-स्थिति[5] मनको विशुद्धतामा ।
शुद्धान्तःकरण[6] पवित्र मित्रतामा
सन्मैत्री परिणत हुन्छ एकतामा ॥३॥

विश्रान्ति क्षण पनि लिन्न चित्त-वृत्ति,
चल्दैछ क्रमिक थरी थरी प्रवृत्ति ।
भेटेमा हिलमिलको, मिलाइ छाती
स्वच्छन्दीपन मनको रहन्न थाती ॥४॥

प्रेमीको नजर परस्पर प्रभामा
मिल्नाले, डबल भएर फैलिँदामा ।
कर्तव्य-क्रमतक हुन्छ राफसाफ,
टाढाको पथ पनि देखिनेछ साफ ॥५॥

१. मनको आधार । २. आकाशमा रहेका । ३. नजीकका । ४. अति पियारा । ५. साधुपना हुनु । ६. शुद्ध अन्तःकरण ।

आत्माको रस दुइतर्फ नेत्रबाट
उत्रेमा, मिलि जब बन्छ पुण्य घाट ।
संसारी दिल यस तीर्थमा नुहाई,
उक्लन्छन् शुभ सुख-धाम, शुद्धि पाई ॥६॥

सन्तापानलमय आँचमा परेर
पग्लेको दिल, जल-तुल्य घोलिएर ।
साँचोमा प्रिय जनको, मिली ढलेर,
तद्रूपाकृति[१] लिन लाउँदैन बेर ॥७॥

लिन्छन् हो सम सुख दुःखको प्रभाव
पर्दामा, सहृदयले अभेद-भाव ।
मिल्नाले जल जलको उही स्वभाव,
जो जस्तो पनि मिलि, लिन्छ एक-भाव ॥८॥

साथीको सम-रस[२] भेटबाट चित्त
पग्लेमा मिलि-जुलि एकता निमित्त ।
दोतर्फा विनिमय[३] भावको गरेर
बस्नेछ स्थिर सुख शान्तिमा मिलेर ॥९॥

सुग्रीव-सङ्गम र मित्रता–

पम्पाको तटबिच पाहुना प्रभावान्,
देख्दामा अगि सरि फूर्तिला हनूमान् ।
फक्रेको कमल समान नेत्र पारी
श्रद्धाले सहित नुहे भुजा पसारी ॥१०॥

बोली भो मधु-रस, पाद्य नेत्र-नीर
पुष्प-स्रक्[४] स्मित, नत[५] पीठ भो शरीर ।
पूजा भो अतिथिमहाँ यही तुरुन्त,
चाहा भो परिचय[६] पाउँदा अनन्त ॥११॥

सुग्रीव प्रभु कपि-वर्गका प्रधान,
श्रीराम प्रवर नर प्रभा-निधान ।
दोहोरा परिचयलाइ वायु-पुत्र[७]
उत्कण्ठा सहित बने सुयोग-सूत्र[८] ॥१२॥

१. सो रूपको आकार। २. एक रस भएको। ३. सट्टापट्टा। ४. फूलको माला। ५. नुहेको। ६. जानपहिचान। ७. हनुमान्। ८. राम्रो भेट गराउने सूत्र जस्ता।

राज्य-श्री मद बलले लुटी, पियारी
ताराको हरण गरी, निराश पारी ।
बालीले सकस दिँदा, निवास छाडी,
सुग्रीव स्थिति गरि बस्तथे पहाडी ॥१३॥

सुग्रीव प्रणत[१] भई सरे अगाडि,
श्रीराम प्रमुदित[२] बढ्नुभो अगाडि ।
आश्लेष[३] प्रणय-विनम्र[४] अङ्ग जोडी
गर्दामा, मिलित भयो अपूर्व जोडी ॥१४॥

पैल्हे नै नजर अनि स्मित-प्रसङ्ग,
बाहाँको युगल तुरुन्त फेरि अङ्ग ।
मिल्नाले, फरक रहेन कत्ति केही,
देखिन्थे द्विगुण-समान[५] एक देही ॥१५॥

बोलीको मृदु-खर-भाव[६]को प्रकार,
एकै भो हुन गइ गद्‌गदावतार[७] ।
गर्दामा दुइ मिलि अङ्कमाल गाढा,
रोमाञ्चङ्कुर[८] बिचमा भएन काँढा ॥१६॥

राज्य-श्री-विकल[९] भई चिर-प्रवासी[१०]
भार्याले रहित सहायताभिलाषी[११] ।
उस्तै भै मिलित नरेन्द्र वानरेन्द्र,
देखिन्थे समरसको अभिन्न केन्द्र ॥१७॥

दोहोरै हृदयमहाँ बलीरहेको
साक्षी भो दहन[१२] खडा रहीरहेको ।
सम्बन्ध क्षणभरको दुवै जनामा
चाँडै भो परिणत गाढ मित्रतामा ॥१८॥

जोरिन्छन् जलन हुँदा फलामसम्म
बन्दैछन् जल जल एकरूप टम्म ।
यो दैवी मिलन शुभानुकूल हेरी,
लाए ती नर-कपि-राजले मितेरी ॥१९॥

१. नम्र । २. खुशी भई । ३. आलिङ्गन । ४. प्रेमले नम्र । ५. डबलिएको जस्तो । ६. कोमल र कडापन । ७. भकभकाउँदो । ८. रोमाञ्चको अङ्कुर । ९. राज्यलक्ष्मीले रहित । १०. धेरै दिनको परदेशी । ११. सहायता चाहने । १२. अग्नि ।

निःश्वासानिल[1], नयनाम्बु[2] शून्य-सत्त्व[3],
तापाग्नि[4], स्थल वनभूमि, पञ्च तत्त्व ।
साक्षी ली उदित पवित्र मित्रभाव,
बन्ने भो परिणतिमा अभिन्न भाव ॥२०॥

बालीको वध गरि राज्य-दानलाई,
सीताको खबर लिई मिलानलाई ।
गर्दामा अटल परस्परै कबोल
मैत्रीमा विनिमय झैं भयो अमोल ॥२१॥

मैत्रीले बहन गयो रस-प्रवाह,
छातीको स्थगित, भयो प्रचण्ड दाह ।
बाधा भो हृदयविषे थियो दुरन्त,
आधा भो दुइतिर बाँडिँदा तुरन्त ॥२२॥

सीताका निज गहनाहरू खसेको,
बाटामा टिपि कपि-राजले दिएको ।
छातीमा लिइ अपशोच साथ राम,
टोलाई, क्षण भर भुल्नुभो तमाम ॥२३॥

बालीले विजय गरी प्रशंसनीय[5],
फ्याँकेको विपुल शरीर दुन्दुभीय[6] ।
देखाई कपि-वरले अचम्म पारी,
सम्झाए बल उनको अपार भारी ॥२४॥

बालीको प्रबल बल, प्रचण्ड राप,
सुन्दामा रघु-वरले चढाइ चाप[7] ।
हिर्काई दृढ शर, सप्त-ताल-पङ्क्ति[8]
छेडेर स्फुट गरियो अपूर्व शक्ति ॥२५॥

बाधाले मन विकलै थियो तथापि
लुक्तैन स्थिति दृढ वीरको कदापि ।
कस्तूरी, जति पनि छोपियोस् सुवास
चौतर्फै हरदम गर्दछ प्रकाश ॥२६॥

---

१. श्वास-वायु । २. नेत्रजल । ३. शून्य अन्तःकरण वा आकाश । ४. तापको आगो ।
५. प्रशंसा लायक । ६. दुन्दुभिको । ७. धनु । ८. सात ताल-वृक्षको पङ्क्ति ।

पाएर क्षणभरमा पत्यार पूरा,
सुग्रीव प्रबल सहाय पाइ शूरा ।
बालीको दमनविषे गरी विचार,
आफू नै प्रहरण[1]मा भए तयार ॥२७॥

निष्कम्प प्रियतम वीर पाइ आड,
सुग्रीव स्थिर भइ मान्न शूर-चाड ।
निष्किन्धा नजिक गएर गर्जनाले,
बालीको मन रणतर्फ खिच्न थाले ॥२८॥

निस्के ती भिडिन गदा लिएर बाली,
सुग्रीव ज्वलित बने बजाइ ताली ।
यी वीर-द्वय[2] भिडियो नियुद्ध[3] गर्न,
संसारार्णव[4] पनि वार-पार गर्न ॥२९॥

दोतर्फा भिडन हुँदा गदा गदाको,
झिल्काको लहर चल्यो, उठाइ राँको ।
फैलिन्थ्यो चट-चट शब्द चौदिशामा,
गर्जन्थे पट-पट वीर शूरतामा ॥३०॥

उद्दण्ड प्रबल अखण्ड वीर चर्का,
ती जोडा कपि-भट, चण्ड मुण्ड अर्का ।
झण्डा झैं सहज उठाइ लोह-दण्ड[5]
गम्कन्थे गरि रण-ताण्डव[6] प्रचण्ड ॥३१॥

पट्काई पट-पट शब्द बारबार,
वर्षन्थे फट-फट दण्डका प्रहार ।
चट्काई चट-चट अग्निका फिलिङ्गा,
उफ्रन्थे भट-भट तेजिला तिलिङ्गा ॥३२॥

देखाए दुइ कपिले, अजोड तोड
पर्नाले, भिडिइ समान जोड-तोड ।
हड्डीको पनि कति ठाउँ जोड-तोड,
गर्ने भो प्रहरणको अजोड तोड ॥३३॥

---

१. युद्ध । २. दुई वीर । ३. बाहुयुद्ध । ४. संसार समुद्र । ५. फलामे डन्डा । ६. लडाईंको उद्धत नाच ।

दोहोरै बिच-बिचमा, थकाइ मार्थे,
जोशीलो वचन छुरी समान पार्थे ।
विश्राम क्षणभरको अमूल्य ठान्थे,
मौकाको गम गरि, दाउ पारि हान्थे ॥३४॥

वैरीको नव-बल-तुल्य[1] रामलाई,
बालीले परतिर देखि झन्झनाई ।
लल्कारे 'अगि सर, के लुकी रहन्छौ,
लाछी भै किन अपकीर्तिमा बहन्छौ' ॥३५॥

वाग्बाण-क्षत[2] भइ शत्रु-बाट भित्र,
देखेर प्रबल विपक्ष, लस्त मित्र ।
आह्वान[3] ग्रहण गरेर नीतिसाथ,
सामुन्ने भिडिनुभयो अनाथ-नाथ ॥३६॥

वैरीको अति खँदिलो गदा छलेर,
दौडेको शर रघुवीरको उडेर ।
बालीको उर[4] बलले गरेर पार,
मोटायो अधिक पिएर रक्त-धार[5] ॥३७॥

तेजीलो दशमुख[6] सम्मको घमण्ड,
तोडेथे, अगि जसले दिएर दण्ड ।
ती बाली पनि रघुवीरको अगाडि,
काहाँ हो अलप भए शरीर छाडी ॥३८॥

ढल्दामा रुधिर-नदी बहाइ बाली
सेखीको मल कस बेसरी पखाली ।
फैलाई क्षितिभर रामको बयान,
उक्ले श्री लिन, सुर-राज[7]को समान ॥३९॥

सुग्रीवलाई राज्य-लाभ–

मौलायो सरस भएर फेरि तारा-
सुग्रीव-प्रणय-लता[8], लिई सहारा ।
फैलायो सुखमय पालुवा र फूल
देखायो समय महोत्सवानुकूल[9] ॥४०॥

१. नयाँ बल जस्ता । २. वचनरूपी बाणले घाइते । ३. ललकार । ४. छाती । ५. रगतको धारा । ६. रावण । ७. इन्द्र । ८. तारा-सुग्रीवको प्रेमलता । ९. महोत्सव लायक ।

जम्मा भै कपिदल चारतर्फ सारा
नाचे, यो नव सुखका बहाइ धारा ।
गर्जाए सकल दिशा भरी नगारा,
फैलाए जय जय नादका पुकारा ॥४१॥

बालीको दमन गराइ सिंहनादी,
सुग्रीव प्रिय-सखलाइ राज-गादी ।
प्रेमीका परवश रामले दिँदामा
किष्किन्धाभर भरिए बयान लामा ॥४२॥

पैल्हेका कपि रवि देखि रुष्ट अस्त,
किष्किन्धा क्षणभर भो झुकेर लस्त ।
ताराका पति नव भै उदाउनाले
चौतर्फा मधुर विकास बढ्न थाले ॥४३॥

ऋतुपरिवर्तन–

सन्तापानलबिच[1] पिल्सिएर राम,
बस्तामा अझ थपियो प्रचण्ड घाम ।
गर्मीको समय समेत पोलिएर,
खोज्दै गो जलधर[2]लाइ आत्तिएर ॥४४॥

वर्षाको अवसरले वन-प्रवास
रोक्तामा, उचित भयो गुहा-निवास[3] ।
दुःखीमा दिन नसकी कुनै सहारा
रोयो झन् गगन गिराइ अश्रु-धारा ॥४५॥

एकान्त-स्थिति गिरिमा गरी, परीक्षा
गर्दामा, रघुपतिको वियोग-दीक्षा[4]
वर्षाको अवभृथ-पूर्ति[5]को प्रतीक्षा[6]
गर्ने भो, वर-परको हुँदा समीक्षा[7] ॥४६॥

हट्तै गो अहित सरी घनान्ध-वृष्टि[8],
बढ्दै गो प्रिय हित शारदीय दृष्टि[9] ।
सुक्तै गो सबतिर मार्गको जमीन,
खुल्दै गो नभ पनि मेघले विहीन ॥४७॥

१. सन्तापको आगोमा । २. मेघ । ३. गुफाको वास । ४. वियोगको नियम । ५. यज्ञान्तको स्नान । ६. पर्खनु । ७. विचार । ८. घोर वादलको वर्षा । ९. शरत्को दृष्टि ।

वर्षाको उदय असार भै बिलायो,
केका[1]को कचकच कानमा हरायो ।
टाढाको सफर गरेर हंस फर्के,
सन्देश स्थिर सुखको जनाइ सर्के ॥४८॥

वानरप्रेषण–

यात्राको अवसर योग्य आउँदामा,
चिन्ताले तुलबुल राममा हुँदामा ।
सुग्रीव, प्रिय-सखको अधीरताले
खोजीमा तनमन लाइ, लाग्न थाले ॥४९॥

बालीका सुत[2] अनि वायुपुत्रलाई
आज्ञा दी, दलबलसाथ खोजलाई ।
फूर्तीला कपिहरु काममा लगाए,
चौतर्फै चतुर थरी थरी पठाए ॥५०॥

प्रत्येक स्थल वन, शैल[3]मा चहारी,
तेजीलो नजर, विचार, कान पारी ।
खोज्दामा, असफल भै, पता नलागी,
फर्केका जति कपि, ठानिए अभागी ॥५१॥

हनुमान्को साहस–

केलाई कण कण दक्षिण प्रदेश,
हेर्दै गै सकल रुना रुना विशेष ।
निष्कम्प-व्रत[4] पवनात्मजादि[5] वीर,
खोज्दैमा सहज पुगे समुद्र-तीर ॥५२॥

पुग्दामा तटतक सुद्ध मेदिनी[6]को,
छायामा पनि नपुगेर जानकीको ।
सुस्केरा कपि-दलले उरालिहाले,
धक्कामा जलधि-तरङ्ग झन् उमाले ॥५३॥

सम्पाति स्थपति-समान[7] जाति-वृद्ध,
लङ्काको अभिमुख फर्कि एक गृध्र ।

१. मयूरको बोली । २. अङ्गद । ३. पहाड । ४. अटल । ५. हनुमान् आदि । ६. पृथ्वी । ७. थकाली ।

दिन्थे जो तट-तरु[1]मा चढी इशारा,
झल्क्यो त्यो, मनबिच दैवको सहारा ॥५४॥

"सीताका प्रिय गहनाहरू त्यही हो,
वैरीको द्रुतगति[2]को दिशा यही हो ।
पक्का हो निहत जटायुको प्रसङ्ग
लङ्का हो दशमुख वीर-नाट्य-रङ्ग[3] ॥५५॥

सम्पाति प्रमुख[4] जटायु-तुल्य यी छन्,
लङ्काको अभिमुख भै निशान दिन्छन् ।
तीखो भै परपर पुग्छ गृध्र-दृष्टि,
गर्छन् यी वचन विना[5] विवेक-सृष्टि ॥५६॥

के गर्ने, अब कसरी समुद्र तर्ने,
को हर्ने तुलबुल, को अगाडि सर्ने ।"
यस्तो भो खलबल गैहले पुलुक्क
हेर्दामा, पवनज[6] भैगए फुरुक्क ॥५७॥

फुक्र्याए कपि-दलले बढाइँ गर्दै,
वर्षाए स्तुति पनि धन्यवाद भर्दै ।
घुक्र्याए अगि अगिको प्रभाव गन्दै,
तर्साए "परिणति[7] नत्र सम्झ" भन्दै ॥५८॥

साराले भर गरि घेरिँदा प्रभावान्,
फूर्तीलो मुख लिइ सोझिए हनूमान् ।
जोशीलो रुधिर भरी नसा नसामा,
उत्साही नजर दिए दिशा दिशामा ॥५९॥

घोटेमा मलयज[8]को सुवास बढ्छ
ठोसेमा अनलविषे[9] प्रकाश चढ्छ ।
गोडेमा नव बिरुवा विकास लिन्छ,
सोचेमा गुण-जलले निकास लिन्छ ॥६०॥

आत्माको बल यति भन्न छैन शक्ति,
मौकामा विकसित हुन्छ पूर्ण शक्ति ।

१. किनारको रूख । २. दौड । ३. रावण नाच्ने रङ्गभूमि । ४. प्रधान । ५. नबोलेर । ६. हनुमान् । ७. परिणाम । ८. श्रीखण्ड । ९. आगोमा ।

देखिन्छन् अगि वट-बीज[1] बिन्दुरूप,
सो हुन्छन् पछि त महातरु-स्वरूप[2] ॥६१॥

(पृथ्वी)

प्रसिद्ध अति साहसी प्रबल अञ्जनी-नन्दन[3],
प्रफुल्ल-मुख देखिँदा खुश भयो सबैको मन ।
फुरुङ्ग बनि गैहले हृदयभित्र आशा भरे,
अपार उपकारको गुन लिई प्रशंसा गरे ॥६२॥

जुरुक्क उठि मारुति, स्थिर भएर ताली दिए,
ठटाइ दुइ बाहुले जघन[4], वीर-शोभा लिए ।
समस्त कपि-वर्ग[5]ले पवन-पुत्र[6]को पीठमा,
भरे लहर धापको, दिल चढाउँदै जोशमा ॥६३॥

(स्रग्धरा)

कार्यं वा साधयामि[7]-प्रतिपल मनमा रामको नाम गर्दै,
देहं वा पातयामि[8]-प्रियतम जनको काममा आज भन्दै ।
आत्मामा जोश ठोसी, अगम उदधिको पारमा पुग्न घोर,
उक्ले बुर्लुक्क उफ्री तट-गिरि-शिर[9]मा साहसी कर्मवीर ॥६४॥

इति सुग्रीव-सङ्गम नवम सर्ग

•

१. वरको बीउ । २. ठूलो वृक्षरूप । ३. हनुमान् । ४. जाँघ । ५. वानरसमूह । ६. हनुमान् । ७. कि काम सिद्ध गर्छु । ८. कि शरीर लडाउँछु । ९. किनारको पहाडको टाउको ।

दशम सर्ग

(गीति)

उत्साह र साहस-

अति साहसी हनूमान्,
उत्साह सहाय ली पहाड चढे ।
सागरको पार हुने,
उमेद गाढा गरी अगाडि बढे ॥१॥

उत्साह साहसीको
गन्दछ चारै दिशा नदी-वार
ऊँचो गगन अटाली
पर्वत ढिस्को समुद्र कासार[1] ॥२॥

आँधि चलोस्, मार्ग जलोस्,
वज्र परोस्, मुशल-धार होस् वृष्टि ।
गम्भीर सागर डगोस्,
रत्तिभर डग्दैन धीरको दृष्टि ॥३॥

भव-सागर[2]मा उत्री
पुरूषार्थ-द्वीप[3]को गरी रक्षा ।
दुर्भेद्य भई उमेदी
लिन्छन् जङ्गी जहाजको कक्षा ॥४॥

भारी भव-सागरमा
जीव कुनै दिव्य-शक्तिमान्[4] हुन्छन् ।
शैल सरी उन्नत भै
जो कोशन् दूरसम्म शोभिन्छन् ॥५॥

१. तलाउ । २. संसाररूप समुद्र । ३. पुरुषार्थरूप टापु । ४. दिव्य शक्ति हुने ।

जाँगरको धावामा
    दिनकर, रजनीश, तारका सारा ।
झल्कन्छन् गगन भरी
    हरदम तमको हटाउँदै धारा ॥६॥

समुद्र-प्लवन-

लङ्का-तट लक्ष्य गरी
    फुङ्कार-समीर[1]ले भरी तीर ।
डङ्का पिटाइ बलको
    हुङ्कार गरी उठे महावीर ॥७॥

झम्पा उठाइ भारी
    कम्पाई तीर-शैलको शिखर ।
चम्पाको पादप झैं
    पम्पा-भट[2] बेसरी उठे उपर ॥८॥

दिनकर-करको स्तर[3]मा,
    टलपल टल्केर पिङ्गल प्लवग[4] ।
पञ्चानन[5] झैं गर्जी,
    दिग्गजलाई गराउँथे सजग ॥९॥

शिशुपनदेखिन्[6] वनमा,
    घोकेको कूद-फाँदको खेल ।
यो जाँचको समयमा,
    देखाए स्फूर्तिले सकुञ्जेल ॥१०॥

मुस्लो हो उल्काको,
    किंवा वीरत्व[7]को बडो गोला ।
सर्कसका नट-भट वा,
    दर्शकहरूले भनेहुनन् होला ॥११॥

टप टप टप्की नभमा,
    बिचमा गोडा चपक्क खुम्च्याई ।
शाखा-मृग[8]को गतिले
    पर पर पुग्दै गए, आवाज दिंदै ॥१२॥

---

१. वायु । २. पम्पाका वीर हनुमान् । ३. सूर्यका किरणको पत्र । ४. कैला वानर । ५. सिंह । ६. बालककालदेखि । ७. वीरता । ८. वानर ।

स्वागत गर्थे शिरले,
    सामुद्रिक शैल[1] देखिँदै बिचमा ।
सागर चरण पखाल्थे,
    मारुत पङ्खा चलाउँथे पथमा ॥१३॥

पल पल ललबल गर्दै,
    तरङ्गहरू देहमा लठारिन्थे ।
गम्भीर वीर-वरको,
    धक्का खाई तल पछारिन्थे ॥१४॥

विकट बडो मुख बाई,
    भुमरीको रूपमा खडा सुरसा ।
छीटो छीटोपनले
    जिल्ल तुल्याई लतारिई सहसा ॥१५॥

सागरका भेलहरू,
    कुस्ती खेल्थे भिडी क्षणमा ।
लागेन कसै पत्ता,
    लत्ता खाई बिलाउँथे कणमा ॥१६॥

भेलहरूसँग भिडिँदै
    विजय लिई धैर्य वीर्य साहसले ।
पार पुगी सागरको,
    लङ्का-पुर[2]मा पसे बडो रसले ॥१७॥

सीता-दर्शन-

वरिपरि घुम्दै खोज्दा,
    सीतालाई अशोक-कानन[3]मा ।
प्राकारभित्र देखे,
    तरुको तलमा सशोक-आनन[4]मा ॥१८॥

वरिपरि निशाचरी[5]को
    घेरा, बिचरी चरी सरी बिचमा ।
रमणी-मणि भारतकी,
    देखे, सुख दुःख दोहरा रसमा ॥१९॥

---

१. समुद्रभित्रका पहाड । २. लङ्का-सहर । ३. अशोक वन । ४. अपशोची मुख । ५. राक्षसी ।

"हा राम । राम ।" मुखमा,
भक्कानो साथ आँसुको लहरी ।
भारतको रूप[1]-कला
परिचयं दिन्थे[2] वितर्क दूर गरी ॥२०॥

हनूमत्सीता-संवाद-

ओल्टा कोल्टा लागे,
त्रिजटा विकटाहरू भयो बेस ।
रूखमा लुकेर कपि[3]ले
भने गुनगुनाई-राम-सन्देश ॥२१॥

सीता रुसङ्ग हुनुभो,
सुन्दा, देख्ता अचम्मको कोही ।
थर थर हुनुभो सम्झी,
"जालीको बाबु हो उही द्रोही ॥२२॥

राक्षस होइन को हो,
निद्रा नहुँदा कसो भनूँ सपना ।
छल होला जालीको,
कि त हो सङ्कल्प-कल्पना[4] बिपना" ॥२३॥

तर्क वितर्क अनेकन,
गर्दै, भर्दै अधीर[5] निःश्वास ।
आँखा चपक्क चिम्ली,
हुनुभो बेहोश, उर्लंदा त्रास ॥२४॥

क्षण भर अधीर कपिले,
तुरुन्त सोचेर यो उपाय लिए ।
श्रीराम-नाम-मुद्रा[6],
सीताको बाहुमा चढाइदिए ॥२५॥

पाएर बाहुलीको,
मुद्रा-स्पर्श[7] प्रशस्त होश भई ।
सीताको नजर पऱ्यो,
विनम्र कपिले भने अगाडि गई ॥२६॥

१. सौन्दर्य । २. चिनाइदिन्थे । ३. हनुमान् । ४. मनको कल्पना । ५. चञ्चल । ६. राम-नाम छापको औँठी । ७. औँठीको स्पर्श ।

"म हुँ सेवक रघुपतिको,
खोज्दै आएँ समुद्र पार गरी ।
शुभ भाग्यले दिलायो,
दर्शन, वर्षाई हर्षको लहरी ॥२७॥

म हुँ सामान्य हनूमान्
अधिपति[1] छन् गैह्र माथि सुग्रीव ।
राम र उनको मैत्री[2]
बन्न गएको छ धैर्यको जीव ॥२८॥

रहमा डुबी विरहको,
आतस सङ्कष्टको बनी गेह ।
आशा-तन्तु[3] समाई
अडी रहेको छ रामको देह ॥२९॥

यो रामको निशाना
औँठी, होस् पूर्वरङ्ग सङ्गमको ।
अक्षर आश्वासनमा
रहुन्, दिलाएर रङ्ग मङ्गलको ॥३०॥

दैवी तूफान हुँदा
उर्लेको घोर दुःख-सागर[4]मा ।
ढलपल फितलो डुङ्गी
सोझिन लाग्यो, सम्हालिँदै तटमा ॥३१॥

धैर्य रहोस् अरु केही,
उत्री अविलम्ब[5] वीर राघवले ।
रिपु-कुलको ध्वंस गरी
लक्ष्मी पाउनुहुनेछ गौरवले" ॥३२॥

यस्तो वचनामृत[6]मा
चुर्लुम्म नुहाउँदै शुभाशा[7]ले ।
शिरमा लिएर औँठी,
राख्नुभयो हृदयभित्र सीताले ॥३३॥

१. मालिक । २. मितेरी । ३. आशाको त्यान्द्रो । ४. दुःखको समुद्र । ५. चाँडै । ६. वचनरूप अमृत । ७.शुभ आशाले ।

श्रवण विचार ध्यान
  द्वारा नामाक्षरात्मक[1] ब्रह्म ।
साक्षात् हुँदा उहाँले,
  गर्नुभयो पूर्ण, मौनको कर्म ॥३४॥

"स्वामिन् । अनाथ-नाथ ।
  प्रिय नाम जपेर गर्दथें भजन ।
नाम प्रत्यक्ष गरें,
  सफल हुनन् माथमा थिनै नयन ॥३५॥

माला श्वास फिराई,
  गर्दीछु प्राणनाथको भजन ।
गणना पूर्ण नहुन्जेल,
  बन्द नहून् ध्यान-मग्न यी नयन ॥३६॥

प्रभु-पदको छापामा,
  अवयव हर-एक नम्र बन्दो छ ।
दुर्बल दिलभित्र पसी,
  रजको कण कण[2] समेत गन्दो छ ॥३७॥

हे वीर । भद्र पुरुष ।
  क्षण पनि बन्दोछ दीर्घतम[3] कल्प ।
सन्देशले रसाई,
  पारोस् अविकल्प[4] नाथ-सङ्कल्प[5] ॥३८॥

अब वीर । छुट्ट पुग्नु,
  दुष्पार क्षार-सिन्धु[6]को पारि ।
अबला मलाई राख्नु,
  उपकार-क्षीरसिन्धु[7]को वारि ॥३९॥

प्रतिनिधि[8] बनेर शिरको,
  चूडामणि पाउमा परोस् शरण" ।
भन्दै थर थर करले
  दिनुभो नुही रत्न सम्झँदै चरण ॥४०॥

---

१. नाउँको अक्षररूप शब्दब्रह्म । २. पाउका धूलो । ३. अति लामो । ४. पक्का ।
५. नाथको मनको सङ्कल्प । ६. क्षार-समुद्र । ७. उपकाररूप क्षीर-समुद्र । ८. सट्टा ।

लङ्का-विध्वंस-

बन्धन गरेर निस्की,
  भ्रू-लतिका[1]मा उडाइ थेर मुना ।
कपि-वीरले विचारे,
  लङ्का-विध्वंसको दिने नमुना ॥४१॥

वरिपरि घुमी उखेले
  कोमल बिरुवा समेत वृक्ष लता ।
क्षणमा उजार पार्दा
  अशोक-वनिका उडी भयो विपता ॥४२॥

महल शत-चूर्ण पारे
  राक्षस-गणका अधीश रावणको ।
प्राकार[2]हरू उधारे,
  ध्वंस गरे उच्च बाह्य तोरण[3]को ॥४३॥

मुक्काले लात्तीले,
  जेले होस् दण्ड लोष्ठ मुद्गर[4]ले
हानी, फोरी, फाली,
  विरूप पारे जतासुकै बलले ॥४४॥

छैनन् बुर्जा काहीं,
  दण्ड समेतै उखेलियो झण्डा ।
पर्खाल छैन काहीं,
  राज-प्रासाद[5]को फुटयो भण्डा ॥४५॥

छिनमा मुलुक्क मुल्की,
  उफ्री बुर्लुक्क तोडमा बलको ।
कपि-भट[6]ले देखाए,
  व्यायाम-कला[7] अपूर्व भारतको ॥४६॥

मार्न समात्न दगुर्थ्यो,
  राक्षस सेना हजार दाउ गरी ।
उल्टो उही पिटिन्थ्यो,
  पर्दा मुक्का प्रहारको लहरी ॥४७॥

---

१. आँखीभौंरूप लहरा । २. पर्खाल । ३. बाहिरी मूल ढोका । ४. मुङ्ग्रो । ५. राजदरबारको ।
६. वीर बानर । ७. कसरतको खेल ।

दलका दल राक्षसका,
   खाइ महावीर[1]को कडा मार ।
भागे, गिरे, कति मरे,
   खाए दलमुख[2] समेतले हार ॥४८॥

लङ्का-दहन–

छल बल-सहित पठायो,
   रावणले पुत्र इन्द्रजित्‌लाई ।
छलले बलले बाँधी,
   लग्यो महावीरलाइ घिच्याई ॥४९॥

रावणको आज्ञाले,
   लुगा लठारेर तेल खन्याई ।
हाइ ! हनूमान्‌लाई,
   आगो लाए, जलाउनालाई ॥५०॥

हर-हर बल्दो मुस्लो
   सरी लठारो घिसारि यी वीर ।
घर घर घुम्दै आगो
   लाउन लागे, अहो ! महाधीर ॥५१॥

दनदन दन्कन थाल्यो,
   लङ्का-नगरी बढाउँदै राँको ।
घननन घन्कन लाग्यो,
   आकाशभरी अतासको डाँको ॥५२॥

प्रत्यक्ष धूम्रकेतु[3]–
   ज्वाला-माला[4] जताततै फिर्दा ।
डढ्न लाग्न लाग्यो,
   डढ्दै भत्केर बस्तिको गिर्दा ॥५३॥

हाहाकार उदायो,
   चिल्लाबिल्ली हुँदा सबै धरमा ।
युग युगसम्मन् रहने,
   कालो झण्डा फुन्यो पुरीभरमा ॥५४॥

---

१. हनुमान् । २. फौजका मुख्य । ३. पुच्छ्रेतारा । ४. ज्वालाको ताँती ।

रावणको मुख कालो
   धूवाँले छोपिंदा बढी कालो
चिन्ताले झन् कालो,
   भयो महाकाल ऊँ अहो ! कालो ॥५५॥

हनूमान्‌को प्रत्यागमन–

लङ्का-पुरी सुनौला,
   डढाइ पारी अङ्गारको रास ।
फर्के झट्ट हनूमान्,
   रावण फेर्दैरह्यो महाश्वास[1] ॥५६॥

सागर तरेर चिन्ता–
   कुल[2] दललाई प्रसन्न पारेर ।
धक्काधार नमानी,
   किष्किन्धामा पुगे कराएर ॥५७॥

लाल-शरीर हनूमान्
   बाटाको वेगबाट झन् लाल ।
आगाको गोला ऊँ,
   हाजीर भए, लिई नयाँ हाल ॥५८॥

सविनय[3] कर-युग[4] जोडी,
   शिरले छोएर रामको पाउ ।
उभिई, प्रसन्न-मुखले
   देखाए कार्य-सिद्धिको भाउ ॥५९॥

हाल बताइ चढाए,
   सीता-सीमन्त-रत्न[5], पाउ परी ।
निःश्वास साथ प्रभुमा,
   उर्ले स्मृति, शोक, आकाशका लहरी ॥६०॥

एक क्षण मौन गरी,
   फेरि सम्हालेर पूर्व संस्कार[6] ।
श्रीरामले दिनुभयो,
   मारुतिमा प्रेम-दृष्टि[7] सत्कार ॥६१॥

---

१. सुस्केरा । २. चिन्ताले आकुल । ३. नम्र भएर । ४. दुई हात । ५. शिरको रत्न ।
६. पुरानो संस्कार । ७. प्रेमको दृष्टि ।

(मत्तमयूर)

लङ्का-यात्रा-प्रबन्ध-

पत्ता पाई लाग्नुभयो श्रीरघुनाथ
लङ्का-यात्रातर्फ बडो विक्रमसाथ।
सुग्रीवादि व्यग्र[1] भए वानर सर्व,
तोड्नालाई रावणको दुच्छर गर्व ॥६२॥

जम्मा पारी वीरहरूको दल भारी
शिक्षा गर्दै अस्त्रहरूले ठट पारी।
लङ्कातर्फ क्रोध भरी दृष्टि उघारी,
यात्रालाई गर्नुभयो पूर्ण तयारी ॥६३॥

टंकारसाथ गइ लंकामहाँ, क्षुधित[2] कंकादिको प्रिय गरी,
कंकाल, भीषण करंकावली, रुधिर-पंकादिले सब भरी।
शंका-विवर्जित कलंकावतार-सम[3] लंकाधिराज शठको,
ठंकार तोडिदिन, ङंकारपूर्ण अब डंका बज्यो गमनको ॥६४॥

इति लङ्का-विध्वंस दशम सर्ग

१. तत्पर। २. भोका। ३. कलङ्कको अवतार जस्तो।

एकादश सर्ग

(शार्दूलविक्रीडित)

रावणको अधर्मप्रकृति-

वेदोद्गार[1] गरेर पुण्य-पथको निर्माणका कारण
ब्रह्माका सुत ती पुलस्त्य ऋषिको सन्तान भै रावण।
कृत्याकृत्य-विवेक मातृ-कुलको संस्कारले ओर्लंदा,
धर्माधर्म-विचार-हीन हुनगो दुर्भावनाले सदा ॥१॥

दैवी भाव र आसुरी विषयको सङ्घर्षमा आखिर,
जो चर्को छ, उही ठहर्छ बलियो, देखापरी बाहिर।
यस्तै सात्त्विक तामस प्रकृतिको उत्कर्षले मानिस,
प्रत्यक्षै कहलाउँछन् भुवनमा यो देव, यो राक्षस ॥२॥

ठूलादेखि लिएर रङ्कतकको संसार आधार हो,
कोही उज्ज्वल बन्दछन्, मलिन भै कोही रहन्छन् अहो !
धर्माधर्म हुँदा निदान यसमा, हुन्छन् यिनै लक्षण,
ज्ञानाज्ञान दुवै प्रधान यिनका हुन् मूलका कारण ॥३॥

कर्माकर्म-विकर्म-भेद[2] तमले छोपेर धोका दिँदा,
धर्माधर्म-विवेक-शून्य[3] हठले स्वच्छन्द बाटो लिँदा।
शुद्धाचार-विचार[4] तर्फ नगई पल्टन्छ कच्चा मति
सारासार-विभेदमा[5] स्खलित भै खाइन्छ गोता अति ॥४॥

अन्धो लोचन, कान पट्ट बहिरो, निस्पट्टो लाटो अनि,
लूलो हात, विकर्म चर्म, लगँडो गोडा रहोस् तापनि।

१. वेदको प्रकाश। २. कर्तव्य कर्म, अकर्तव्य अकर्म, विरुद्ध कर्म-विकर्मको भेद अज्ञानले ढाकेर। ३. धर्म-अधर्मको विवेकले रहित। ४. शुद्ध आचरणको विचार। ५. सार-असारको भेदमा चुकेर।

धर्म-ज्ञानमय प्रकाश-लहरी झल्के चिदाकाश[1]मा,
सत्यासत्य रुना रुना स्फुट हुँदा, उत्रिन्छ संसारमा ॥५॥

तेजी इन्द्रिय अश्व, दुर्विषयको चिप्लो र टेडो पथ,
एकोहो फितलो लगाम मनको, काया निकम्मा रथ ।
काम क्रोध गभीर भीर पहिरो दायाँ र बायाँतिर,
पुग्ने पार कसो गरी भर-विना सद्धर्मको आखिर ॥६॥

छैन स्पष्ट पता, न ता छ अगुवा, ऊँचो र नीचो पथ,
अन्धाधुन्ध छ अन्धकार, न कुनै मिल्ने सवारी रथ ।
भन्छन् यो घनघोर दुर्ग[2] वनको पारै रहन्छन् हरि,
धर्मालोक[3] छ विश्वका पथिक[4]को आधार सर्वोपरि ॥७॥

दिन्नन् धर्म अधर्म, यो म हुँ भनी केही इशारा कहीं,
इच्छा माफिक कर्म-बीच जनले रोप्छन् खुशीमा रही ।
बन्छन् अङ्कुर ती सुधा र विषका, हाली जरा आँतमा,
दिन्छन् आखिरमा शुभाशुभ फल प्रत्यक्ष संसारमा ॥८॥

झर्छन् निर्झर झैं अधर्म, बहुतै छीटो छरितो गरी,
उत्रन्छन् गम साथ धर्म, बहँदै गम्भीर धारा सरी ।
जस्तो होस् पहिलो प्रकाश यिनको, चाँडो ढिलो आखिर,
फुर्छन् स्वर्णमय[5] ध्वजा विजयका, सद्धर्मकै खातिर ॥९॥

"आफ्नो धारण भैरहन्छ जसले, धारिन्छ जो लोकले,
सोही धर्म" भनी निरूपण गरे प्राचीन तत्त्वज्ञ[6]ले, ।
यस्तो वंश-परम्परागत[7] भई सर्वाङ्गमा सङ्गत[8],
आत्मा झैं निज धर्म मेटिन गए, बन्नेछ को उन्नत ॥१०॥

छन् साधारण[9] धर्म सर्वग कुनै, छन् भिन्न भिन्नै कुनै,
छन् सामान्य विशेष रूप दुइले यावन्त अर्कै उनै ।
दोहोरै निज धर्ममा दृढ भई जो बन्दछन् रक्षक,
ती हुन् मानिसबाट देवपदमा शोभाउने लायक ॥११॥

त्यागी उन्नत[10] जाति वंश गृहको गम्भीर दैवी प्रभा,
लागी अस्थिर आसुरी चमकमा, फैलाउँदै दुष्प्रभा ।

१. अन्तःकरणको चैतन्याकाश । २. दुर्गम । ३. धर्मको उज्यालो । ४. यात्री । ५. सुनौला । ६. पुराना तत्त्वज्ञानी । ७. वंशको परम्परावाट आएको । ८. मिलेको । ९. सर्वसाधारण । १०. उच्च ।

उल्लू रावण पूजनीय जननी[1] नारीविषे लोभियो,
यो जक्खू विष-वृक्षको फल यहीं मिल्ने छटा देखियो ॥१२॥

ब्रह्माको कुल-सन्तति, व्रत अहो चर्को शिवाराधन[2],
लङ्का स्वर्णपुरी निवास, भुवन-व्यापी कडा शासन ।
भारी वैभव पूर्ण, रावणमहाँ के कम्ति भन्ने थियो,
राग द्वेष तुषाग्नि[3]मा अब सबै सल्काइने देखियो ॥१३॥

विजय-यात्रा–

सेखी रावण दुष्टको धुलिपिठी चाँडै गरी, आखिर
सीताको विरह-व्यथा-शमन[4]ले उद्धारको खातिर ।
यात्रा राघवको चल्यो विजयका उत्साहको साथमा
निस्की वानर-वाहिनी[5] पनि सबै, साथी बने नायमा ॥१४॥

सुग्रीवाङ्गद आदि सैन्यपति[6]को गम्भीर आदेशमा
उर्लन्थे कपि-वर्ग[7] गर्व मदले उफ्रेर आवेशमा ।
गर्जन्थ्यो गगन प्रशस्त नगरा कर्णालको घोषले,
थर्कन्थिन् पृथिवी असङ्ख्य दल[8]का टङ्कारको जोशले ॥१५॥

फूर्तीलो गतिसाथ दक्षिण दिशा पूरा निशाना गरी,
भारी रोब रबाफले सकलको छाती उराल्ने गरी ।
जाँदा गैह पुगेर शीघ्र गतिले भू-भागको अन्त[9]मा,
रोकी वेग, खडा भएर फिंजिए अम्भोधि[10]को तीरमा ॥१६॥

सामुद्रिक प्रतिबन्ध–

लङ्का पुग्न अपार साहस गरी ती उर्लने वानर
देखी तुङ्ग[11]तरङ्गले सकलको सातो लिने सागर[12] ।
कोही मार्ग नदेखिँदा समरमा प्रस्थान[13]को खातिर,
सुस्केरा गरि तीरमा अकडिए व्यामोहले आखिर ॥१७॥

छेके भेल खडा गरी जलधिले, प्राकारको चालमा,
थाले गर्जन तीरमा कपिहरू, तर्साउने तालमा ।
जोडा चित्-जड वाहिनी-पति यहाँ स्पर्द्धा[14] गरी जोडिए,
दोस्रोमाथि चढी परस्पर दुवै भिड्ने सरी देखिए ॥१८॥

१. मातासमान । २. शिवको आराधना । ३. भूसको आगो । ४. वियोगको पीडाशान्ति । ५. सेना । ६. सेनापति । ७. वानर समूह । ८. फौज । ९. पृथिवीको छेउ । १०. समुद्र । ११. ऊँचो । १२. समुद्र । १३. युद्ध-यात्रा । १४. ईखाईख ।

सेतु-निर्माण–

लङ्का पुग्न अपार सागर तरी के युक्ति गर्ने भनी
शङ्का उठ्न गयो र धैर्य बलको मानी भरोसा अनि ।
गर्दा चिन्तन इष्टदेव शिवको, श्रद्धा गरी रामले,
भारी साहसको छटा प्रकट भो बाटो दिँदा दैवले ॥१९॥

लागेथ्यो अब कृष्ण पक्ष, दिनले फेरो लिने खेलमा,
घट्तै सागर नम्र भो, हृदयका खुट्का खुले भेलमा ।
थुम्का स्पष्ट भए जलस्थ गिरि[१]का ती जीव जैँ मूलको
देखी, चिन्तित राममा स्फुरण भो निर्माणमा[२] पूलको ॥२०॥

पाई आशय साहसी प्लवग[३]ले फोरी पहाडी टिला,
बोकी ल्याइ खसाइ, खाइहरुमा भर्दै गडाए शिला ।
पुर्दै आइ गभीर भागहरुमा चट्टान हालीदिए,
त्यो उच्चावच दीर्घ गर्भ-गिरिको श्रेणी[४] उचालीदिए ॥२१॥

थुम्का जैँ कति उच्च भागहरुमा चट्टान ती मिल्दथे,
भस्कन्थे, कति दब्दथे, जलधिका कल्लोल[५]मा हिल्दथे ।
फुर्तीला दल ती हताश नभई झन् झन् बढी भर्दथे,
सेखी सागरको दबाइ, जलमा बाटो हुने गर्दथे ॥२२॥

खाई हार अगाध[६] सागर पनि व्यामोहमा पर्दथ्यो,
सच्चा साहसको अगाडि कसको गम्भीरता अड्दथ्यो ।
द्वीप द्वीप[७] समेत जोडिन गई माला बनी मिल्दथे,
ती सामुद्रिक-शैल-शृङ्ग[८]हरुका थुम्का थुँगा बन्दथे ॥२३॥

पारै सम्म कतार गर्भ-गिरि[९]को, पाषाण[१०]ले गोडियो,
लङ्काको तट भारतीय तट[११]मा मिल्ने गरी जोडियो ।
तेजीला नल नील आदि कपिको कालीगडी देखियो,
स्थायी गौरव रामको जलधि[१२]मा रेखा सरी लेखियो ॥२४॥

यस्तो अद्भुत सेतु[१३] भो, सुयशको माला सरी कल्पना,
श्रद्धाले यसमा सुमेरु-सम[१४] भो रामेश्वर-स्थापना ।

१. पानीभित्रका पहाड । २. बनाउनमा । ३. वानर । ४. अग्लाहोचा लामा भित्री पहाडको ताँती । ५. समुद्रको भेल । ६. गहिरो । ७. टापु । ८. समुद्रका पहाडका टाकुरा । ९. भित्री पहाड । १०. पत्थर । ११. भारतको किनारा । १२. समुद्र । १३. पुल । १४. सुमेरुजस्तो ।

भेटी श्रीफल[१] अर्पिए, सगरका सन्तानको शिल्प[२]मा,
फर्कन्थे तटमा प्रसाद-सम[३] भै ती पुण्य-सङ्कल्पमा ॥२५॥

समुद्र-पारगमन–

ऊचा सिन्धु-तरङ्ग साथ भिडिँदै उत्साहमा,
टप्तै केवल टप्प टप्प, बिचमा चट्टान चट्टानमा ।
लागी पार असङ्ख्य वानरहरू, त्यो सेतुको मार्गले,
लङ्काको तटमा टमाटम भए, फुल्दै बडो गर्वले ॥२६॥

लङ्काको नजिकै सुबेल-गिरिको चौगिर्द किल्ला थियो,
जो विस्तीर्ण हुँदा, समुद्र-तटको प्राकार जैँ देखियो ।
तोडी दुर्ग, पसेर सैनिकहरू व्यूह-क्रिया[४]मा थिए,
सारा रक्षक राक्षसादिहरुको सातो उडाईदिए ॥२७॥

विभीषणको ग्रहण–

दाज्यू रावणको कुचाल कुलको संहार-कारी हुँदा,
सच्चा नीति र धर्मका वचनले, पसेर सम्झाउँदा ।
उल्टो शत्रु सरी निकालिन गई लङ्का-पुरी बाहिर
आए रामकहाँ विभीषण नुही आधारको खातिर ॥२८॥

जाँची नैतिक दृष्टि[५]ले हृदयका पक्का हितैषी[६] यिनी
हुन् भन्ने दृढता लिएर मनमा, सच्चाइ पूरा चिनी ।
राख्ता मित्र-समान[७] मान करुणा भारी गरी रामले
साथी भै अगुवा विभीषण बने भिज्दै गई स्नेहले ॥२९॥

सेनाको बल, अस्त्र-शस्त्र महिमा, व्यूहादिको प्रक्रिया[८],
जो छन् गुप्त रहस्यसम्म, सबको ज्ञाता नयाँ भेदिया ।
भैयादै रिपुको, हुँदा शरणमा, सङ्ग्राममा कामको
बाटो धेर खुला भयो, विजयको उत्साहमा रामको ॥३०॥

अङ्गदको दूतकर्म–

"सम्झाऊ अरु, धर्म-नीति नडगोस्" आज्ञा हुँदा रामको,
पक्का दूत बनेर अङ्गद पुगे, प्रासाद[९] लङ्केशको ।
देखे राक्षस-राजको महल त्यो, किल्ला सरी दुर्गम,
चर्को रोब रबाफ, चारतिरको वीर-प्रभा-सङ्गम[१०] ॥३१॥

१. नरिवल । २. सागरमा । ३. प्रसाद जस्तो । ४. सेनाको रचना । ५. नीतिको विचार । ६. हित चाहने । ७. मित्रजस्तै । ८. सेना विन्यासको रीत । ९. दरबार । १०. वीर-शोभाको भेला ।

भारी वीर कुबेरका अनुजको ऐश्वर्य इच्छा भरी,
लक्खन् राक्षसको जमात, जगतै थर्काउने बेसरी ।
देख्ता नेत्र दुवै भए तिरिमिरी, रत्न-प्रभा[1]मा परी,
छाती ढक्क भयो, जुरुङ्ग जिउ भो सेना-विभा[2]ले गरी ॥३२॥

बोले रावणको अगाडि अकडी "पौलस्त्य के चाल यो,
यो आवेश अशेष[3] देश कुलको संहार गर्ने भयो ।
आऊ कोमल रामका शरणमा, पसेर माग क्षमा,
होऊ अस्थिर, जानकी चरणमा सुम्पेर आनन्दमा" ॥३३॥

सुन्दैमा यतिमात्र, रावण अति क्रोधाग्नि[4]ले राँकिँदै,
लम्की "भुस्कुटलाइ पार्छु चटनी"– भन्दै उठ्यो झोक्किँदै,
ठानी तुच्छ, तुरुन्त पाशहरुले कस्ने इशारा दियो,
तेजी अङ्गदको रबाफ मुखको, मुस्लो सरी देखियो ॥३४॥

"देख्लास् उल्लु, अधर्मको फल मिलोस्, होला इतिश्री[5] "अब"
भन्दै दुश्मनलाई तीक्ष्ण[6] मुखले जिस्क्याइ निस्के तब ।
घेरे राक्षसले सबैतिर जसै, मुक्का दिंदै झोकले,
आए रामकहाँ कपीन्द्र[7] सहजै, जिल्ल्याउँदै जोशले ॥३५॥

वैरी रावणको भएभर सबै वृत्तान्त, सिद्धान्तको
फाटो, अङ्गदले निवेदन गरे पादाब्ज[8]मा रामको ।
सुन्दा हाल, उपाय खालि रिपुको दण्डै हुँदा आखिर
रामाज्ञा[9] लिइ, फैलियो समरको हुङ्कार चारैतिर ॥३६॥

राम-रावण युद्ध–

भेरी दुन्दुभि शङ्ख वाद्य[10]हरुको थर्काउने नादले,
घन्काई नभ, हाँकिए समरमा सेनाहरू रामले ।
निस्क्यो राक्षस-वर्ग गर्व-मदमा उम्लेर भेलै सरी,
दोहोरै भिडिए, रणाङ्गण[11]महाँ संहार-वेदी गरी ॥३७॥

भेरी दुन्दुभि आदि[12]को ध्वनि भरी आकाश थर्काउँथे,
तेजीला हतियारको झिलिमिली चौतर्फ फर्काउँथे ।
जोशीलो गरि गर्जन-स्वर[13], जगत् गुञ्जाइ चर्काउँथे,
दोहोरै दल युद्धको तमकले त्रैलोक्य थर्काउँथे ॥३८॥

---

१. रत्नको झिलिमिली । २. फौजको रवाफ । ३. सारा । ४. क्रोधको आगो । ५. समाप्ति । ६. तीखो । ७. अङ्गद । ८. चरण-कमल । ९. रामको आज्ञा । १०. बाजा । ११. लडाईंको मैदान । १२. नगरा ढोलहरू । १३. गर्जाइ, आवाज ।

फर्सा, तोमर, शूल, मुद्गर, गदा, भाला, कटारी, छुरी,
कैयन् भीषण शस्त्रअस्त्रहरुको पर्रा छुट्यो आसुरी ।
शूरा वानर खड्ग, बाण, परशु, च्याप्सा, शिला, वृक्षको
गर्थे चोट विपक्षमाथि[1], बलियो रक्षा गरी पक्षको[2] ॥३९॥

गम्कन्थे प्रतिवीर[3] गर्जन गरी, मानो घटा मेघका,
चट्कन्थे बिजुली बराबर भई सङ्घर्ष[4] शस्त्रास्त्रको ।
वर्षन्थे शरका असङ्ख्य लहरी, धारा सरी नीर[5]का
तर्सन्थे सब, देखिँदा प्रलयको संहार-नीहारिका[6] ॥४०॥

लड्थे षण्ड मुषन्ड जण्ड, मदका झुण्डा सरी हुण्डरी,
रक्षो-मण्डल[7], खण्ड खण्ड दलले चौखण्ड घेरा गरी ।
हुन्थ्यो राघवको प्रचण्ड खँदिलो दोर्दण्ड[8]को वास्तव,
तोड्ने शत्रु-घमण्ड, हण्डर दिंदै, कोदण्डको ताण्डव[9] ॥४१॥

गर्थे कट्टर ती भट प्रतिभट[10], प्रारम्भ सङ्घट्ट[11]को,
काटाकाट हुँदा चटाचट चल्यो, संहार चौपट्टको ।
गिर्थे दुष्टहरू बिछट्ट पिटिई शस्त्रास्त्रको चोटमा,
मर्थे दाँत किटी भटाभट गरी, निश्चेष्ट भै कष्टमा ॥४२॥

लक्खन् राक्षस वक्षको रुधिर[12]ले क्षोणी[13] भिजाई लडे,
चट्टै छुट्टिइ रुण्ड मुण्ड[14], जिमिमा लड्दै बिछट्टै सडे ।
अन्धाधुन्ध खराब गन्ध भरियो, युद्ध-स्थली रङ्गियो,
कैयन् जम्बुक[15] कङ्क गृध्रहरुको भोजै सरी देखियो ॥४३॥

हुन्थे सोतर राम लक्ष्मण मिली ठुन्क्याउँदा राक्षस,
सुग्रीवाङ्गद-मारुति[16] प्रभृतिको यस्तै थियो साहस ।
कस्तै दुस्तर होस् अरण्यभरमा जञ्जाल वृक्षादिको,
भस्मीभूत अवश्य हुन्छ सहसा, फेला परे अग्निको ॥४४॥

सारा अङ्ग छिया छिया हुन गए, धारा बह्यो रक्तको,
मूर्छाबाट मिल्यो निमेषभरको विश्राम सङ्ग्रामको ।
मारी दुर्जन कुम्भकर्ण रणमा, श्रीरामको फैलियो,
भारी गौरव इन्द्रजित् वध गरी सौमित्रिले पाइयो ॥४५॥

---

१. शत्रुमा । २. आफ्नातर्फको । ३. शत्रु वीर । ४. घमासान । ५. पानी । ६. प्रलयको कुहिरो ७. राक्षस-दल । ८. बाहुदण्ड । ९. धनुको नृत्य । १०. वीर शत्रु, वीर । ११. ठोकाठोक । १२. छातीको रगत । १३. पृथिवी । १४. धड, टाउका । १५. स्याल । १६. हनुमान् ।

दाहे, धम्मरधूस फूस, नकटे, चेप्टे, जगल्टे, अरू
जो जो राक्षसमा थिए दलमुखी प्रख्यात शूराहरू ।
सारा घुस्मुटिएर राम-दलका शस्त्रास्त्रका धारमा,
पारे रावणलाइ शोक शकको दुणार दोधारमा ॥४६॥

उत्र्यो अद्‌भुत सम्भ्रम[1] भृकुटिको उद्‌भ्रान्त चेष्टा भरी,
अभ्र-व्यूह-समान[2] रावण, दिँदै दुर्दृष्टि विद्युत् सरी ।
गर्जी तीक्ष्ण असङ्ख्य बाण-गणले छोपेर सारा दिशा,
फैलायो प्रतिपक्ष राम-दलमा आतङ्क वर्षा-निशा[3] ॥४७॥

एकैनास दशै दिशा घुमि घुमी, वर्षा गरी बाणले
छोप्ने, रावणलाइ, सम्मुख सदा देखेर प्रत्येकले ।
जानी बीस भुजा हुने दशमुख व्यापार नामोचित[4],
हाहाकार गरेर वानरहरू तर्सेर पर्थे चित ॥४८॥

गड्क्यो रावणको पटापट महाहङ्कार-हुङ्कारको
जोडा, राघवको चटाचट धनुष्टङ्कार ठङ्कारको ।
अन्धाधुन्ध कबन्ध[5]-ताण्डव खुल्यो ढाकी रण-प्राङ्गण,
हेर्थे मुण्डहरू उछिट्टिइ हुँदै बाणाग्रका कंकण ॥४९॥

क्रोध-व्याप्त भुजङ्गको भ्रम भरी[6] भड्काउने रावण,
त्राही त्राहि गराइ राम रणमा गर्ने युगान्त-क्षण ।
दोतर्फा घमसान घोर घटना संहारको देखियो,
यस्तो युद्ध भयो न ता पछि हुने होला भनी लेखियो ॥५०॥

रावण-वध–

क्रोधान्ध प्रतिपक्ष गोमन गरी[7] फुङ्कारको वेगमा,
लप्की राघव-बाणले जहरिलो डङ्का दिई वक्षमा ।
पूर्ण प्राण पिएर, कज्जल-शिला-चट्टान[8]को चालमा,
ढाल्यो रावणलाइ विन्ध्य-गिरि झैँ[9] गल्र्याम्म मैदानमा ॥५१॥

हुन्थे कम्पित[10] गैह लोक, जसको, ज्वाला सरी दृष्टिमा,
घुम्थे राक्षस आड पाइ जसको थर्काउँदै सृष्टिमा ।

१. हडबडी साथ आँखीभौंको रन्थनिएको चेष्टा । २. बादलको थुप्रो जस्तो । ३. आतसको वर्खे रात । ४. नामअनुसारको काम । ५. मुड्कट्टाको नाच बाणको टुप्पामा उनिएर अकाशिएका टाउकाले देखे । ६. रिसले चूर सर्पको भ्रान्ति गराई । ७. रिसले रन्थनिएर आइलागेको गोमन जस्तो । ८. गाजलको पहाडको चट्टान । ९. विन्ध्य पर्वत जस्तै । १०. थरथर ।

सोही सोतर भै लड्यो धरिणी[1]मा, दुर्दृश्य अर्कै भयो,
हाहाकार विदीर्ण[2] भीषण भयो बीभत्स[3] संसार यो ॥५२॥

बाहाँ रावणको महाबल यहाँ साहाय्य[4] गर्ने छँदा,
आहा मानि, जहाँ जहाँ पनि थियो चाहा र डाहा सदा ।
हाहा पारि, तुहाइ हालत, यही स्वाहा तबाहा भयो,
हाहा ! हाल बहाल भो, करुणको, बेहाल हाला भयो ॥५३॥

हावाको भरमा छ बुद्‌बुद[5] सरी निःसार संसार यो,
पत्ता छैन कहीं कुनै सकसको, काहाँ बिलायो गयो ।
त्यत्रो राक्षस-सिंह रावण पनि स्वाहा भयो, लुप्त भो,
हाहाकार गराइ देश कुलमा हा ! हा ! कहाँ गुप्त भो ॥५४॥

आठौँ रक्त-समुद्र[6] उम्रन गयो क्षाराब्धिको पासमा[7],
लक्खन् खण्डित रुण्ड मुण्ड भरिए जीवात भै गर्भमा ।
बोसो मासु गिदीहरू हुँडलिई, होलो बनी फाँडियो,
सारा अङ्ग जुरुङ्ग धैर्य फितलो पार्ने अवस्था थियो ॥५५॥

कोही घायल छन्, कुनै छटपटी गर्छन् कुनै त्रस्त छन्,
कोही जीवन-हीन छन्, अनि कुनै मूर्छा परी लस्त छन् ।
कोही अन्तिम सासको सकसमा कल्पेर चिच्च्याउँछन्,
कोहीलाइ शृगाल गृध्र[8]हरुले च्यापेर घिच्च्याउँछन् ॥५६॥

देखी लास, कुटुम्ब बन्धु जनता दुःखाब्धिमा गड्दये,
बाल स्त्री परिवार-वर्ग शवका मूर्छा परी लड्दये ।
शोकालाप विलाप[9]ले दश दिशा ढाक्यो, भरोसा गयो,
लङ्का स्वर्ण-पुरी[10]श्मशानमय भो हा ! हा ! तबाहा भयो ॥५७॥

बाँचेका जति जो थिए, दश दिशा भागे सबै राक्षस,
लङ्का व्याप्त गरेर फैलिन गयो सङ्कष्टको आतस ।
कीलोत्पाटन[11] झैँ हुँदा जहरिलो त्रैलोक्यका शूलको[12],
सारा वानरले जय-ध्वनि गरी वर्षा गरे फूलको ॥५८॥

१. पृथिवी । २. छियाछिया । ३. घिनलाग्दो । ४. सहायता । ५. पानीको फोका । ६. रगतको समुद्र । ७. क्षार-समुद्रनेर । ८. स्याल, गिद्ध । ९. शोकको आलापविलापले । १०. सुनौला सहर । ११. कीलो उखेलेझैं । १२. तीन लोक घोच्ने त्रिशूल ।

दाह्रे, धम्मरधूस कूस, नकटे, चेप्टे, जगल्टे, अरू
जो जो राक्षसमा थिए दलमुखी प्रख्यात शूराहरू ।
सारा घुस्मुटिएर राम-दलका शस्त्रास्त्रका धारमा,
पारे रावणलाइ शोक शकको दुण्यार दोधारमा ॥४६॥

उब्ज्यो अद्‌भुत सम्भ्रम[1] भृकुटिको उद्‌भ्रान्त चेष्टा भरी,
अभ्र-व्यूह-समान[2] रावण, दिँदै दुर्दृष्टि विद्युत् सरी ।
गर्जी तीक्ष्ण असङ्ख्य बाण-गणले छोपेर सारा दिशा,
फैलायो प्रतिपक्ष राम-दलमा आतङ्क वर्षा-निशा[3] ॥४७॥

एकैनास दशै दिशा घुमि घुमी, वर्षा गरी बाणले
छोप्ने, रावणलाइ, सम्मुख सदा देखेर प्रत्येकले ।
जानी बीस भुजा हुने दशमुख व्यापार नामोचित[4],
हाहाकार गरेर वानरहरू तर्सेर पर्थे चित ॥४८॥

गड्क्यो रावणको पटापट महाहङ्कार-हुङ्कारको
जोडा, राघवको चटाचट धनुष्टङ्कार ठङ्कारको ।
अन्धाधुन्ध कबन्ध[5]-ताण्डव खुल्यो ढाकी रण-प्राङ्गण,
हेर्थे मुण्डहरू उछिट्टिइ हुँदै बाणाग्रका कंकण ॥४९॥

क्रोध-व्याप्त भुजङ्गको भ्रम भरी[6] भड्‌काउने रावण,
त्राही त्राहि गराइ राम रणमा गर्ने युगान्त-क्षण ।
दोतर्फा घमसान घोर घटना संहारको देखियो,
यस्तो युद्ध भयो न ता पछि हुने होला भनी लेखियो ॥५०॥

रावण-वध-

क्रोधान्ध प्रतिपक्ष गोमन गरी[7] फुङ्कारको वेगमा,
लप्की राघव-बाणले जहरिलो डङ्का दिई वक्षमा ।
पूर्ण प्राण पिएर, कज्जल-शिला-चट्टान[8]को चालमा,
ढाल्यो रावणलाइ विन्ध्य-गिरि झैँ[9] गल्र्याम्म मैदानमा ॥५१॥

हुन्थे कम्पित[10] गैह्र लोक, जसको, ज्वाला सरी दृष्टिमा,
घुम्थे राक्षस आड पाइ जसको थर्काउँदै सृष्टिमा ।

---

१. हडबडी साथ आँखीभौंको रन्थनिएको चेष्टा । २. बादलको थुप्रो जस्तो । ३. आतसको वर्खे रात । ४. नामअनुसारको काम । ५. मुड्‌कट्टाको नाच बाणको टुप्पामा उनिएर अकाशिएका टाउकाले देखे । ६. रिसले चूर सर्पको भ्रान्ति गराई । ७. रिसले रन्थनिएर आइलागेको गोमन जस्तो । ८. गाजलको पहाडको चट्टान । ९. विन्ध्य पर्वत जस्तै । १०. थरथर ।

सोही सोतर भै लड्यो धरिणी[1]मा, दुर्दृश्य अर्कै भयो,
हाहाकार विदीर्ण[2] भीषण भयो बीभत्स[3] संसार यो ॥५२॥

बाह्रौं रावणको महाबल यहीं साहाय्य[4] गर्ने छँदा,
आहा मानि, जहाँ जहाँ पनि थियो वाहा र डाहा सदा ।
हाहा पारि, तुहाड हाल्नत, यही स्वाहा तबाहा भयो,
हाहा ! हाल बहाल भो, करुणको, बेहाल हाला भयो ॥५३॥

हावाको भरमा छ बुद्‌बुद[5] सरी निःसार संसार यो,
पत्ता छैन कहीं कुनै सकसको, काहीं बिलायो गयो ।
त्यत्रो राक्षस-सिंह रावण पनि स्वाहा भयो, लुप्त भो,
हाहाकार गराइ देश कुलमा हा ! हा ! कहाँ गुप्त भो ॥५४॥

आठौं रक्त-समुद्र[6] उम्रन गयो क्षाराब्धिको पासमा[7],
लक्खन् खण्डित रुण्ड मुण्ड भरिए जीवात भै गर्भमा ।
बोसो मासु गिदीहरू हुँडलिई, होल्तो बनी फाँडियो,
सारा अङ्ग जुरुङ्ग धैर्य फितलो पार्ने अवस्था थियो ॥५५॥

कोही घायल छन्, कुनै छटपटी गर्छन् कुनै त्रस्त छन्,
कोही जीवन-हीन छन्, अनि कुनै मूर्छा परी लस्त छन् ।
कोही अन्तिम सासको सकसमा कल्पेर चिच्च्याउँछन्,
कोहीलाइ शृगाल गृध्र[8]हरुले च्यापेर घिच्च्याउँछन् ॥५६॥

देखी लास, कुटुम्ब बन्धु जनता दुःखाब्धिमा गड्‌दये,
बाल स्त्री परिवार-वर्ग शवका मूर्छा परी लड्‌दये ।
शोकालाप विलाप[9]ले दश दिशा ढाक्यो, भरोसा गयो,
लङ्का स्वर्ण-पुरी[10] श्मशानमय भो हा ! हा ! तबाहा भयो ॥५७॥

बाँचेका जति जो थिए, दश दिशा भागे सबै राक्षस,
लङ्का व्याप्त गरेर फैलिन गयो सङ्कष्टको आतस ।
कीलोत्पाटन[11] झैँ हुँदा जहरिलो त्रैलोक्यका शूलको[12],
सारा वानरले जय-ध्वनि गरी वर्षा गरे फूलको ॥५८॥

---

१. पृथिवी । २. छियाछिया । ३. घिनलाग्दो । ४. सहायता । ५. पानीको फोका । ६. रगतको समुद्र । ७. क्षार-समुद्रनेर । ८. स्याल, गिद्ध । ९. शोकको आलापविलापले । १०. सुनौला सहर । ११. कीलो उखेलेझैं । १२. तीन लोक घोच्ने त्रिशूल ।

सीताको भेट र आश्वासन–

ठूलो दुश्मनको घनो घन-घटा[1] फाँडेर बाधा तरी,
निस्की उज्ज्वल रामचन्द्र, दिलको शान्त्यर्थ[2] चाँडो गरी।
तापाक्रान्त दिनान्तकी कुमुदिनी जस्तै विरूपानन[3]
सीता सामु गई, प्रकाश हुनुभो, बक्सी खुशी-दर्शन ॥५९॥

चिन्ता-व्याकुल[4] दीन हीन मलिनी लट्टा परी केशमा,
चिन्नै मुस्किल, पिल्सिई विरहको उच्छ्वास निःश्वासमा।
सीताले सपना भयो कि बिपना, नाना गरी तर्कना,
घुप्लुकै परि गर्नुभो चरणमा, प्राणेश[5]को वन्दना ॥६०॥

भक्कानो उठि, घुँक्क घुँक्क हुनगो, धारा बह्यो आँसुको,
पादाम्भोज भिजे, सुके लहरले दीर्घोष्ण निःश्वास[6]को !
"देखाऊ मुख-चन्द्र निर्मल गरी, छोडीसक्यो राहुले,
सीता हेर" भनी उठाउनुभयो श्रीरामले बाहुले ॥६१॥

खारी खास गरी सतीव्रत[7] कडा सन्तापको आँचमा,
सीतालाइ पवित्र निर्मल बुझी, आचारको जाँचमा।
अङ्गीकार विचार साथ गरियो, निश्चिन्त भै रामले,
साक्षी भै अनुमोदनाबल[8] दिए ती राक्षसीसम्मले ॥६२॥

"प्राणधार ! अनाथ-नाथ ! हृदय-स्वामिन् ! दया-सागर !
दासीमाथि दया रह्यो, अब टऱ्यो दुर्दैवको अन्तर।
लागेँ पार, कृपा अपार रहँदा, सङ्कष्ट-धारा तरी,
पाएँ पाउ, रहूँ रजःकण[9] सरी निश्चिन्त सेवा गरी" ॥६३॥

सीताको यति बिन्ति भक्ति भरिलो सुन्दा भिजी प्रेमले,
तानी हात दुवै, लिई हृदयमा, सम्झाइयो रामले।
"प्यारी ! क्लेश[10] नमान लेश पनि, यो तूफान हो दैवको,
संसारोदधि[11]मा धराधर सरी डग्दैन धी धीरको ॥६४॥

चिन्ता-रत्न[12] निमित्त सागर मथेँ उत्साह-साहाय्यले,
पन्साएँ बलले विपक्ष-लहरी[13], सम्पूर्ण आशा फले।

१. बादलको झुण्ड। २. शान्ति खातिर। ३. सूर्य-तापले वैलाएको वेलुका पखकी कुमुदिनीझैं मलिन मुखकी। ४. चिन्ताले आकुल। ५. प्राणेश्वर। ६. लामो तातो सुस्केरा। ७. पतिव्रत। ८. मञ्जुरीको बल। ९. पाउको धूलाको कणझैं। १०. दुःख। ११. संसार-समुद्र। १२. चिताएको रत्न। १३. विरोधी।

फैलाई हृदय-प्रकाश यसले, नाना अलङ्कार[1]को
शोभा माथ गरी, नयाँ रुचि भरोस् सौभाग्य-शृङ्गारको ॥६५॥

पाई निर्मल काल दूर रहलिन् के चन्द्रकी चाँदनी,
फुट्टा बस्न हुनेछ शक्ति कसको, काया र छाया बनी।
पद्मापद्म[3] मिली सरोवरविषे गर्छन् सदा रम्यता[4]
आधा अङ्ग दिँदैन काम, दुइको एकत्व[5]हो पूर्णता ॥६६॥

यो रामानन चन्द्र[6]को अमृतले मालिन्य सर्वाङ्गको
धोई उज्ज्वल बन्नुभो जनकजा, लट्टा फुक्यो केशको।
सीता-राम उषा-दिवाकर[7] सरी देखेर रोमाञ्चले,
माला-रूप कदम्बका स्तबक[8] भै पूजा गरे लोकले ॥६७॥

विभीषण-राज्य–

सारालाइ बुझाइ, कर्म-बलको कालोचित[9] ज्ञानले,
संस्कारादि गराइ, शान्ति-रसका धारा भरी रामले।
मैला दाग सबै विभीषणहरूद्वारा सफा पारियो,
लङ्काको प्रभु-पीठ[10]मित्र-मणि[11]ले शोभाउने मानियो ॥६८॥

(वसन्ततिलका)

"सद्धर्मको भर गरी, गर राजपाट,"
भन्ने दिएर शुभ शिक्षण[12] रामबाट।
बक्स्यो पदानत विभीषणलाइ टीका,
बढ्दै गए विजय उत्सवका तरीका ॥६९॥

इति रावणवध एकादश सर्ग

•

१. गहना। २. चमक। ३. लक्ष्मी र कमल। ४. सौन्दर्य। ५. एक हुनु। ६. रामको मुख रूप चन्द्र। ७. उषा र सूर्य। ८. कदमका गुच्छा भई। ९. काल माफिक। १०. राज-सिंहासन। ११. विभीषण। १२. शिक्षा।

द्वादश सर्ग

(मत्तमयूर)

विजयानन्द–

लङ्का-स्वामी राक्षसका नायक[1] आदि,
किष्किन्धाका नाथ[2] हनूमान्हरू आदि ।
साराले यो उत्सवको हर्ष जगाए,
नाची गाई यो विजया-नन्द[3] मनाए ॥१॥

त्यागी देखून् भूतल यो अस्थिर रद्दी,
रागी लेखून् मोज मजाको, स्थिर गद्दी ।
ज्ञानी ठान्छन् ईश्वरको खेल विचित्र,
मानी मान्छन् गौरवको खेल पवित्र ॥२॥

साना ठूला मध्यम यावन्त-तलाका,
ताना बाना सुन्दर आनन्द-कलाका ।
संसारीको चित्त उघारी, वश पारी,
हुन्छन् भारी, गौरव-कारी[4] श्रम-हारी[5] ॥३॥

कोही ज्ञानानन्द पिई मस्त रहन्छन्,
कोही ज्ञानानन्द लिई व्यस्त रहन्छन् ।
कोही योगानन्दमहाँ मग्न रहन्छन्
कोही भोगानन्दमहाँ लग्न रहन्छन् ॥४॥

होऊन् नानानन्दहरू धेर थरीका,
ऊचा नीचा मध्यम गाढा अनि फीका ।
वीर-श्री[6]मा साथ दिने कीर्ति-निदान[7],
होला अर्को के विजयानन्द-समान ॥५॥

१. विभीषण । २. सुग्रीव । ३. विजयको आनन्द । ४. महत्त्व गर्ने । ५. थकाइ हर्ने ।
६. वीरको लक्ष्मी । ७. यसको मूल कारण ।

नाचून् गाऊन् मस्त भई जीव अनेक,
ओजस्वी[1]ले उज्ज्वल पार्छन् नर-लोक ।
लक्खन् लीखा-तुल्य रहून् टिल्पिल तारा,
हर्छन् चन्द्रादित्य[2] दिशाको तम[3] सारा ॥६॥

भारी भारी काम गरी निर्मल नौला,
पार्छन् जो जो सज्जन संसार सुनौला ।
कल्प-स्थायी[4] हुन्छ यिनैको यश-आत्मा[5],
यस्तैलाई मङ्गल दिन्छन् परमात्मा ॥७॥

गर्दै पूरा माहसको बाहु सहारा
उत्साहीले नन्दन[6] पार्छन् भव सारा ।
निःस्वार्थीको खातिर झल्कोस् अति खारा,
उद्योगीमा वर्षिरहेछन् मधु-धारा ॥८॥

स्वर्ण-श्री[7] हो धीरहरूको विनय-श्री,
रत्न-श्री[8] हो वीरहरूको विजय-श्री ।
यस्तै भारी भूषणले उज्ज्वल लोक,
चाहा गर्छन् गैह्र उमेदि नर-लोक ॥९॥

नाघी सारा उज्ज्वल कक्षा विषयीको,
उल्लास- श्री[9] उठ्तछ सच्चा विजयीको ।
ऊँचो खम्भामाथि उठी कीर्ति-पताका,
शोभा भर्दै फुर्छ कुनासम्म दिशाका ॥१०॥

सच्चा पक्का भारतका उज्ज्वल वीर
देखी, लेखी चित्र-शिला[10]मा रघुवीर ।
ठूला साना लोक सबैले जय गाए,
नाची गाई यो विजयानन्द मनाए ॥११॥

रामको विमान-यात्रा–

पूरा पारी राघवले गैह्र मुराद,
लङ्कासम्मन् व्याप्त गराई जय-नाद ।

१. तेजस्वी । २. चन्द्र सूर्य । ३. अन्धकार । ४. कल्पसम्म रहने । ५. यशस्वरूप आत्मा ।
६. नन्दन बगैंचा । ७. सुनौला शोभा । ८. रत्नको शोभा । ९. प्रकाशको शोभा ।
१०. चित्र लेख्ने पत्थर ।

पुग्ने आफ्नो भ्याव हुनाले निज वेश,
  फिर्ने इच्छा गर्नुभयो, भो सब बेस ॥१२॥

दार्मा ब्राम्हा भाइ पियारी प्रिय मित्र,
  पम्पा-लङ्काधीश[1] हनुमान्‌हरु भित्र ।
साथै राखी पुष्पकमा आदरसाथ,
  यात्रालाई चढ्नुभयो श्रीरघुनाथ ॥१३॥

टाढा दृष्टि, प्रोज्ज्वल बुद्धि, स्थिर रीति,
  गाढा मैत्री, निर्मल विद्या, शुभ नीति ।
यस्ता धेरै सद्‌गुणको गौरवसाथ,
  दिव्य-श्री[2]ले शोभिनुभो झन् रघुनाथ ॥१४॥

ऊँचो पार्दै राघवको कीर्ति-जयन्ती[3]
  आभा भर्दै सौर विभाबाट वसन्ती ।
वीर-श्रीको रोब उकाल्दै अति माथि
  कावा खाई पुष्पक उक्ल्यो नभमाथि ॥१५॥

नाना रत्न स्वर्णहरू[4]ले अति चित्र,
  शोभाधारी पुष्पक त्यो बाहिर भित्र ।
झल्की झल्की छोटकरी स्वर्ग-समान,
  ग्याली पिट्थ्यो भारतको वीर-बयान ॥१६॥

रङ्गी-चङ्गी पङ्ख फिंजारेर पताका,
  झुम्का थुङ्गा उज्ज्वल पारेर शिखा[5]का ।
लाई दैवी शिल्प-कला[6]माथि गजूर,
  नाच्दै उड्ने पुष्पक भो मत्तमयूर ॥१७॥

भारी चूडा-रत्न[7] सरी देव-परीको,
  बल्दो चल्दो दीपक झैं स्वर्ग-पुरीको ।
देख्ता तेजी पुष्पकको ज्योति सरेको,
  ठान्थे सारा दर्शक तारा दगुरेको ॥१८॥

उर्ली उर्ली स्वागत अम्भोनिधि[8] गर्थे,
  कुर्ली कुर्ली आदर अम्भोधर[9] भर्थे ।

१. पम्पापति सुग्रीव, लङ्कापति विभीषण । २. स्वर्गको शोभा । ३. कीर्तिको विजयोत्सव । ४. सुन आदि । ५. टुप्पो । ६. कालिगडी । ७. शिरको मणि । ८. समुद्र । ९. मेघ ।

कैल्है ओर्ली पुष्पक झुन्थ्यो तल भेल,
  कैल्है उक्ली टिल्पिल हुन्थ्यो गरि खेल ॥१९॥

जाँची जाँची खेचर[1]को उच्च उडान,
  भाँची भाँची बादलको गर्व गुमान ।
ढाँची ढाँची चाल बढाल्दै भरपूर,
  माची माची पुष्पक पुग्थ्यो अति दूर ॥२०॥

पाई प्यारो काख, सम्हालेर कहाली,
  फुल्दै सीता, मन्दिरको दृश्य निकाली ।
हेर्दाहेर्दै हाँस्नुभयो, देखि जुहारी,
  खेल्ने ढब्बू सागर[2]को कसत भारी ॥२१॥

वीर-श्रीको देख्नुभयो उज्ज्वल केतु[3],
  पक्का लङ्का भारत जोड्ने नव-सेतु[4] ।
जो पानीले टल्पल भै घाम निराला,
  लाग्दा, बन्थ्यो सागरको हीरक-माला[5] ॥२२॥

देखी दैवी शिल्प[6] सरी दृश्य अनेक,
  सोध्दा, स्वामीबाट हटाएर उदेक ।
हुन्थ्यो सारा वर्णन आनन्द उराल्ने,
  बन्थ्यो कर्ण-छिद्र[7] सुधाको रस हाल्ने ॥२३॥

देखे पत्रैपत्र परेका तट-रङ्ग[8],
  जाहाँ नाच्थे सागरका नीर-तरङ्ग[9] ।
कालो नीलो जङ्गल झाडी पर पार,
  रङ्गीचङ्गी फूलहरूले गुलजार ॥२४॥

हेर्दाहेर्दै सागरका उन्नत भेल,
  गर्दा गर्दै बादल-मालासँग मेल ।
फुल्दाफुल्दै पुष्पक-यात्री[10] सब वीर,
  सर्दा सर्दै पुग्न गए भारत-तीर ॥२५॥

देखी देखी जानिसकेको पनि ठाउँ,
  टाढादेखिन् देखिन लागेर उनाउ ।

१. आकाशचारी । २. समुद्र । ३. ध्वजाजस्तो । ४. नयाँ पुल । ५. हीराको माला । ६. कालिगडी । ७. कानको प्वाल । ८. किनाररूप रङ्गभूमि । ९. पानीमा तरङ्ग । १०. पुष्पकका यात्री ।

"ओहो ! केही ! कुन्नि कहाँ हो" हुन लाग्यो ।
पानी रेती चिन्न विलम्बै हुन आयो ॥२६॥

नीलो सारी सागर, धर्के तट चोलो,
खोला नाला कम्मरबन्दी चहकीलो ।
ढाका-बुट्टे चादर पारी वन भारी,
देख्थे यात्री पल्टिरहेको क्षिति-नारी[1] ॥२७॥

ऊँचा ऊँचा बन्न गए पुष्पक-चारी[2],
होचा होचा भान भए भूतल-चारी[3] ।
उक्ली ओर्ली खेल गरी धेर, विमान
सानो ठूलो पारिरहन्थ्यो क्षितिमान[4] ॥२८॥

भरद्वाजाश्रम-प्राप्ति-

किष्किन्धाको दण्डजको पञ्चवटीको,
सीमा नाघी, कौतुक हेर्दै अटवीको[5] ।
आँखा पर्दा सङ्गम[6]मा देव-नदीको,
उत्रे यात्री सामु भरद्वाज-कुटीको ॥२९॥

नम्र प्रेमी राघवलाई ऋषिबाट,
वर्षे आशीर्वाद रसीलो दिलबाट ।
सुन्दा दुष्ट-ध्वंस-कथा[7] हर्ष बढाइँ
माने स्थायी[8] ती मुनिले हर्ष-बढाई ॥३०॥

पूरा पारी राघवले यी वनवास,
इच्छा राख्ता जान अयोध्यातिर खास ।
आज्ञा पाई सूचन गर्ने प्रभुबाट,
याहाँबाटै मारुति[9] दौडे अगिबाट ॥३१॥

भरतादिको-प्रत्युद्गमन-

पाई ठण्डा हाल सुधा-स्नान-समान[10],
नन्दिग्रामी[11] भाइ रमाए लिन जान ।
हावा साथै हाल पुरीमा फिँजिनाले,
नाची सारा लोक मिली आउन थाले ॥३२॥

---

१. पृथिवीरूप स्त्री । २. पुष्पकका यात्री । ३. पृथिवीमा रहने । ४. पृथिवीको नाप । ५. जङ्गलको अनौठो दृश्य । ६. त्रिवेणी । ७. दुष्टलाई नाश गरेको वृत्तान्त । ८. रहिरहने । ९. हनुमान् । १०. अमृतले नुहाएझैं । ११. नन्दिग्राममा बस्ने ।

माता मन्त्री बान्धव रैती गुरु आदि,
सारा बोरै घुट्ट पिई हाल रसादि ।
लामो लामो श्वास घटचो, आँत रसायो,
उत्कण्ठाको बाढ बढचो, धैर्य उदायो ॥३३॥

आशा पग्ली पातलिएको जमिहाल्यो,
सुक्खा आँखा छेउ कुलासम्म रसायो ।
भित्री मुस्लो थामिइ सेलाउन लाग्यो,
जाग्रत् हो वा स्वप्न यही तर्क उदायो ॥३४॥

चाँडो चाँडो पाउ उठाए, अगवानी
गर्नालाई लोचन[1] टाढातक तानी ।
हो हो गर्दै आइपुग्यो दिव्य विमान,
आशाभन्दा बढ्न गयो विस्मय-मान[2] ॥३५॥

आत्मीय-समागम-

उत्री सीता रामहरूले सबलाई,
मान श्रद्धा गर्नुभयो, देह नुहाई ।
स्नेही प्रेमी आदि सबै आदर पाई,
आनन्दैमा मगन भए, आँसु बहाई ॥३६॥

भित्री इच्छा मातृहरूले तहलाई,
आनन्दाश्रु-स्रोत[3] लगातार बहाई ।
धोई सारा अङ्गहरू स्वच्छ[4] गरेर,
ज्योत्स्ना[5] छर्के शारद-शोभा[6]लिइ धेर ॥३७॥

"आओ प्राणाधार ! खुशी भो अब दैव,
कल्पी कल्पी चौध बितायौँ युग दैव"[7] ।
भन्दै माता तीन जनाले, कर लाई,
ताने सीता राम सुमित्रा-सुत[8]लाई ॥३८॥

वैरी मारी शान्ति दिलाई ऋषिलाई,
धर्मद्वारा तुष्ट गराई सुर[9]लाई ।
मानी आज्ञा पैतृक[10], तीनै ऋणबाट,
उत्रेकाले आदर वर्ष्यो गुरुबाट ॥३९॥

---

१. आँखा । २. आश्चर्यको नापो । ३. आनन्दको आँसुको प्रवाह । ४. निर्मल । ५. चन्द्रिका । ६. शरत्को शोभा । ७. देवताको युग । ८. लक्ष्मण । ९. देवता । १०. बाबुको ।

कैकेयीका आत्मज[1]ले पाउ समाई,
धोए धेरै बेर नुही आँसु बहाई ।
कौशल्याका नन्दन[2]ले बाहु बढाई,
आफूनेरै तान्नुभयो प्रेम जनाई ॥४०॥

गर्दा दाज्यू भाइ मिली भेट मिलाप,
आँखाले नै शान्त गरायो परिताप ।
गर्दा गाढालिङ्गन[3] रोमाञ्च हुनाले
भित्री इच्छा अङ्कुर भै निस्कन थाले ॥४१॥

"भज्दा भज्दा नाथ ! भयो पूर्ण मुराद,
पाएँ साक्षात्कार[4] निदिध्यासन[5] बाद ।
बढ्दै आयो अन्तिम कक्षा दृढ योग,
होओस् स्थायी[6]लाभ यसैको अवियोग"[7]॥४२॥

यस्तो भन्ने भाइ तपस्वी प्रियलाई,
श्रद्धा गर्दै भन्नुभयो धन्य जनाई ।
"पाई यस्तो निर्मल आदर्श-विकास[8]
होला स्थायी बन्धुपनाको इतिहास" ॥४३॥

चारै दाज्यू भाइहरूले क्रमसाथ,
जोडी जोडी योग्य मिलाए कव माथ[9] ।
खोली भ्रातृ-प्रेम[10], जनाए दिल एक,
देखिन्थे ती आकृति[11]ले मात्र अनेक ॥४४॥

हर्षोदय–

"ठेली दैवी बादल चन्द्रोपम[12]राम,
देखा-पर्दा, बन्न गयो उज्ज्वल याम ।
उघ्रो चारैतर्फ सुधा-सुन्दर धाम[13],
जारी भो यो भारतको निर्मल नाम" ॥४५॥

भन्दै नाचे दर्शनले पाइ सहारा,
मन्त्री भारादार प्रजा बान्धव सारा ।
कोही धन्योद्गार[14], कुनै वर्णन गर्थे,
कोही लट्ठालट्ठ, कुनै गद्गद पर्थे ॥४६॥

---

१. भरत । २. राम । ३. गाढा आलिङ्गन । ४. प्रत्यक्ष दर्शन । ५. ध्यान । ६. स्थिर । ७. विछोड । ८. नमुनाको प्रकाश । ९. हात शिर । १०. भाइभाइको प्रेम । ११. आकार । १२. चन्द्रतुल्य । १३. अमृतले सुन्दर तेज । १४. धन्यवाद ।

कल्पी कल्पी सम्झिरहेका घनघोर,
सारा रैती बान्धवका नेत्र-चकोर[1] ।
ज्योत्स्ना[2]साथ स्पष्ट हुँदामा प्रिय चन्द्र,
लागे चाख्न प्रेम-सुधा[3] निर्मल भद्र ॥४७॥

पातिव्रत्य प्रोज्ज्वल सीता महिला[4]को ।
भारी निष्ठा लक्ष्मणका भक्ति-कला[5]को ।
विश्व-व्यापी राघवको गौरव पाए,
ताली पिट्तै गैह्र प्रजाले जय गाए ॥४८॥

पुर-प्रासाद-प्रवेश–

बाजागाजा उत्सव गर्दै नगरी[6]मा,
ल्याए सीता रामहरूलाइ खुशीमा ।
लाजा[7] माला फूल चढाएर पुरीमा,
माने सारा लोकहरूले सुख-सीमा ॥४९॥

वेदोद्गार[8] ब्राह्मणको, वाद्य-निनाद[9],
सेना, रैती, पौरहरूको जय-नाद ।
सुन्दै सुन्दै मन्द हँसीलो मुखसाथ,
शोभा भर्दै भित्रिनुभो श्रीरघुनाथ ॥५०॥

निद्रा छोडी जागृत[10] भो त्यो दरबार,
राज-श्री[11]को फैलिन लाग्यो अधिकार[12] ।
बढ्दै आयो विस्मृत[13] आमोद प्रमोद[14],
चढ्दै आयो विस्तृत आनन्द विनोद ॥५१॥

मित्र प्रेमी वानर रक्षोगण[15]लाई,
राख्ता पूरा आदर विश्राम गराई ।
टाढा टाढादेखि जुटेका जनता[16]ले,
ठूला सारा सौध सभा[17] शोभिन थाले ॥५२॥

आनन्दवृद्धि–

ताजा चन्द्र-ज्योति हुँदामा अब झल्ल,
पूर्ण-श्रीले राज-सभा भो झलमल्ल ।

---

१. नेत्ररूप च्याखुरा । २. चाँदनी । ३. प्रेमरूप अमृत । ४. उत्तम नारी । ५. भक्ति-निष्ठा । ६. सहर । ७. लावा । ८. वेद-ध्वनि । ९. बाजाको आवाज । १०. जागा । ११. राजलक्ष्मी । १२. हक । १३. बिर्सेको । १४. हर्ष आनन्द । १५. राक्षसहरू । १६. जन-समूह । १७. महल बैठकहरू ।

आभा भर्दै शान्ति-कला फैलिन लाग्यो,
शोभा भर्ने सात्त्विक शैली हुन लाग्यो ॥५३॥

ठूला साना गैह प्रजाले दरबार,
राज-द्वार प्राङ्गण[1] बन्दा गुलजार ।
वर्षा-वाद प्रोज्ज्वल तारा-गण-पूर्ण,
व्योम-श्री[2] झैं देखिन लाग्यो परिपूर्ण ॥५४॥

(पञ्चचामर)

अनाथ झैं विषादमा निमग्न गैह रैयत,
सनाथ[3] भै हुँदै गए प्रमोद[4]ले समुन्नत ।
गयो विशेष रापिलो वियोग-भोगको व्यथा,
चल्यो उमेर-वृद्धिको, विनोदका नयाँ कथा ॥५५॥
अशेष दुःख कष्ट गो, हरेस गैह नष्ट भो,
वितर्क-वेग[5] दुष्ट गो, प्रदेश हृष्टपुष्ट भो ।
सबै प्रमोदमा परे, दिशा विनोदमा भरे,
व्यथा विषादको हरे, कथा प्रसादको छरे ॥५६॥

(पृथिवी)

प्रसन्न मनले मिली गुरु अमात्य सारा जन,
खडा हुन गए, नृपासन[6] लिई मनोरञ्जन ।
प्रबन्ध अभिषेकको सब गरेर साकेतमा,
भए सकल तत्पर, प्रवर राज-सम्मानमा ॥५७॥

इति राम-प्रत्यावर्तन द्वादश सर्ग

•

१. राजाको ढोका पटाङ्गिनी । २. आकाशको शोभा । ३. नाथ पाएका । ४. हर्ष । ५. तर्क-वितर्कको वेग । ६. राजसिंहासन ।

त्रयोदश सर्ग

(हरिणी)

राज-संमान–

गिरि[1] तरु लता प्राणी सारा चराचर-सृष्टिमा,
प्रकृति-कृत[2] हो सच्चा उच्चावच[3] स्थिति दृष्टिमा ।
थरथर पिछे जो छन् ठूला बडा निज-वर्ग[4]का,
स्वपति-पदवी[5] त्यस्तै लिन्छन् प्रसाद निसर्ग[6]का ॥१॥

अचर चरका ताबेमा छन्, सिरा चर हुन् नर,
प्रमुख नरमा हुन्छन् सीमा-समान[7] नरेश्वर[8] ।
तहतह गरी बढ्दै चढ्दै सिँढी स्थिति रीतिको,
मणि-मुकुटमा उक्ल्यो, पूर्ण प्रभा प्रभु-शक्तिको ॥२॥

अधिपति बनी अन्तर्यामी समस्त शरीरमा,
सतत वशमा राखी आफ्नो प्रशस्त कमानमा ।
अवयवहरू सारा इच्छानुसार चलाउँछन्,
विषयहरुमा मौका हेरी अगाडि बढाउँछन् ॥३॥

दलदल मिली बस्छन् रानो लिई मधुमक्षिका[9],
प्रमुख मुखिया बन्छन् क्रौञ्चादि-खेचर-पङ्क्ति[10]का ।
गज विपिनमा घुम्छन् आधारमा गजराजका,
अधिपति कुनै हुन्छन् यस्तै मनुष्य-समाजका ॥४॥

गृह-पति बने रक्षाकारी हरेक कुटुम्बका,
कुल-पति भए सत्ताधारी अनेक समाजका ।
ग्रह-पति सरी भारी सञ्चालक[11] ग्रह-चक्रका,
नर-पति भए नाना-संस्था-नियामक[12] राष्ट्रका ॥५॥

१. पहाड । २. प्रकृतिले गरेको । ३. उच्चनीच । ४. आफ्नो दल । ५. थकाली पद । ६. प्रकृति । ७. सीमातुल्य । ८. राजा । ९. मौरी । १०. क्याङकुरुङ आदि पक्षीहरू । ११. चलाउने । १२. अनेक स्थितिका नियन्ता ।

नृपति नभए टुट्ला वर्णाश्रम-स्थिति लोकमा,
अदप नहुँदा डुब्लन् गैह्र प्रजा मद मोहमा ।
जल अनिल[१] झैं स्वेच्छाचारी भई परिणाममा,
तलतल हुनन्, टेढा-मेढा हुनन्, गति चालमा ॥६॥

प्रबलहरुको माछा-चाला[२] चले नर-लोकमा
थिच-मिच हुनन् निर्धा दुब्लाहरू बल झोकमा ।
स्थितिसित रहुन् सारा दोधारमा भय भक्तिको,
भनि हुन गयो उँचो गद्दी खडा नृप-शक्तिको ॥७॥

अधिपति बनी रक्षाकारी दयालु नियामक
मनु, मनुजका पैल्हा खम्भा बने स्थिति-कारक[३] ।
जग लिइ यिनैबाट स्थापत्य[४]को चिर-भारत[५]
स्थिर भइ बन्यो, मर्यादाको विशाल इमारत ॥८॥

शुभ पथ लिई पैल्हा आदर्शको भरतादिक,
स्थिति-कर[६] भए शोभा-धारी समुज्ज्वल नायक ।
विशद[७] यशको मुक्ता-माला भरी, रघु-वंश[८]का
क्षिति-पति भए नामी भूषा[९] सरी यस देशका ॥९॥

विकसित गरी वीर-ज्योति, प्रभा सुख शान्तिको,
चमक यशको, भारी राजन्वतीपन[१०] भूमिको ।
रघु-खलकले पूरा इक्ष्वाकुको नमुना लिए,
कुल-पुरुषका शोभा सन्तानमा पनि फैलिए ॥१०॥

श्रीराम-राज्याभिषेक-

भर-मुलुकमा गाढा प्रेमीपना, शुभ भावना,
सरस रसना, धर्म श्रद्धा, समुन्नति-साधना[११] ।
गुण-गण गर्मी, यस्ता आदर्श लायक रामको,
सकल जनले चाँडो चाहा गरे अभिषेकको ॥११॥

नृप-कुल-गुरू[१२] ज्ञानी धर्माधिकार वसिष्ठको,
समुचित सबै अर्ती शिक्षा लिई अभिषेकको ।

---

१. वायु । २. बलियाले निर्धालाई सताउने । ३. स्थिति गर्ने । ४. निर्माणकला । ५. प्राचीन भारत । ६. स्थिति गर्ने । ७. निर्मल । ८. रघु-कुल । ९. गहना । १०. असल राजा हुनु । ११. उन्नति सिद्ध गर्नु । १२. राज-कुलका गुरु ।

द्विज-सहित[१] झैं मन्त्री लागे प्रबन्ध-विधान[२]मा,
अनुचरहरू[३] दौडे सामानको अवधानमा ॥१२॥

अभिनव वधू जस्तै बन्दै सिँगारपटारले,
अवध-वसुधा[४] भेला गर्दै उदार सुधारले,
रघु-कुल-मणि[५] प्रेमीलाई रिझाउन तम्सिई
झलमल बनिन्, हाँसी-खुशी मुखकी भई ॥१३॥

घर घर पिछे शोभा दिन्थे नयाँ कुसुम-स्रजा,
फर-फर फुरे रङ्गी-चङ्गी भुजा-सदृश ध्वजा,
थरथर मिली नाचे राजी खुशी सकल प्रजा,
परपर पुगी दिन्थ्यो सन्देशले रसिलो मजा ॥१४॥

ध्वज-शत[६] गरी शाखा, साकेतको सुर पादप-
सम[७] सुमनको कुञ्जै जस्तो, बन्यो नव मण्डप ।
झकमक सभामध्ये गद्दी विशाल खडा थियो,
त्रिदिव-पति[८]को मानो पृथ्वी-महासन देखियो ॥१५॥

भुजग-फनको[९] छत्र-च्छाया-मनोहर[१०] पीठमा,
झलमल महालक्ष्मी सीता-समन्वित सायमा ।
मणि-मुकुटले भारी, कल्साउँदा पुरुषोत्तम,
सकल जनले देखी, पूजा गरे अति उत्तम ॥१६॥

चमर, सुनका आसागुर्जा सितातप-वारण,[११]
शर, धनु, गदा, भाला, खड्गादि भूपति-लक्षण[१२] ।
अनुज सचिव प्रेमी सुग्रीव अङ्गद आदिले
खुश भइ लिए, दायाँ बायाँ खडा भइ भक्तिले ॥१७॥

कनक-घट[१३]का नाना तीर्थादिका जल निर्मल,
कुश कुसुमले छर्की पढ्दै श्रुति-स्मृति-मङ्गल ।
ऋषि मुनिहरू दायाँ बायाँ लिई अति हर्षले,
विधिसँग गरे भारी राज्याभिषेक वसिष्ठले ॥१८॥

हवन-हविले ज्वाला दन्की दनादन अग्निको,
नभतक पुग्यो सौभाग्य-श्री जनाउन भूमिको ।

---

१. ब्राह्मणसहित । २. प्रबन्धको काम । ३. कामदार । ४. अवध भूमि । ५. रघुकुलका मणि । ६. कैयन् ध्वजा । ७. कल्पवृक्षजस्तो । ८. इन्द्र । ९. शेषको फणा भएको । १०. छाताको छायाले सुन्दर । ११. सेतो छाता । १२. राजचिह्न । १३. सुवर्ण-कलश ।

अमर-गण[1] को आँखा पग्लाउँथ्यो शुभ धूम यो,
सिमसिम परी पानी, दिव्याभिषेक सरी भयो ॥१९॥

वरिपरि भयो छत्र-च्छाया सुलक्षण शान्तिको,
प्रकट हुनगो आसागुर्जा नवाङ्कुर[2] कान्तिको ।
चमर ठहरे दायाँ बायाँ अधर्म धपाउने,
मणि-मुकुट भो राज-श्रीका प्रभाव बढाउने ॥२०॥

कलश-जलका छिर्का सिर्का भरी मुकुट-प्रभा[3]
झलमल हुँदा इन्द्रेणीले विभूषित सो सभा ।
मणि कनक[4]को शोभा भर्ने विमान-समान भो,
अमरपति[5]को पृथ्वीनाथ[6] स्वरूप बयान भो ॥२१॥

जय जय जपी गर्थे साकेतका जन गुञ्जन,
झम-झम गरी बज्थे बाजाहरू श्रुति रञ्जन,[7] ।
लय लय लिई लागे वन्दीहरू[8] स्तुति-गानमा,
छम-छम गरी नाचे नामी नटीहरू तानमा ॥२२॥

नगर-यात्रोत्सव-

दल-बल लिई पूरा मात्रा बढाइ रवाफको,
अवधभर भो भारी यात्रा-महोत्सव रामको ।
कुसुम रजले[9] ढाके सारा दिशा नभ पौरले,
नव नृपति[10]को छत्र-च्छाया लिए अति हर्षले ॥२३॥

सब अवधका प्रेमी-नेत्र-स्वरूप चकोर[11]ले
मधुर रसमा उत्कण्ठाको तँछाड-मछाडले ।
तरल[12] गतिमा नाच्दै उन्मत्त झैँ मनमा बनी,
कण कण पिए पृथ्वी-लोकेन्दु[13] को नव चाँदनी ॥२४॥

चिर घन-घटा[14] तोडी फोडी, नवोदित चन्द्रको,
अवध-नभमा आभा शोभाउँदा, सम जूनको ।
पुर-युवतिका कैयन् तारा सरी नयनावली
झलमल भए, मानो नीराजना-द्युति[15]का कली ॥२५॥

---

१. देव-गण । २. नयाँ अङ्कुर । ३. मुकुटको तेज । ४. सुवर्ण । ५. इन्द्र । ६. पृथ्वीका नाथ । ७. कानलाई आनन्द गर्ने । ८. भाटहरू । ९. फूल अबीरहरूले । १०. नयाँ राजा। ११. च्याखुरा । १२. चञ्चल १३. पृथ्वीलोकको चन्द्र । १४. बादलको समूह। १५. नीराजनको बत्ती ।

मुलुकभरमा ताजा राजा मनोरम रामको
अति कदर भो बाजागाजा समेत सलामको ।
कुसुम-रजले साजा लाजा छरी दृढ भक्तिले
घर घर गरे पूजाआजा प्रजा-जन-पङ्क्तिले ॥२६॥

रिमिझिमि हुँदा नाच्यो आत्मा सबै निज पक्षको,
जम-जम उड्यो द्वेषी उत्ताउला प्रतिपक्ष[1]को ।
विकल दिलमा सातो आयो समुत्सुक-वर्ग[2]को,
सबतिर भयो शोभा लोभ्याउने शुभ-सर्ग[3]को ॥२७॥

नव नृपतिको भारी यात्रा फिर्‍यो दरबारमा,
अभिमुख भए ठूला साना सबै सरकारमा ।
अवनत[4] भई भेटी राखी गरे शुभ दर्शन,
जय जय भनी स्वामीलाई गरे अभिनन्दन[5] ॥२८॥

वशिष्ठको शुभोपदेश-

वरिपरि भुजा जोडी मन्त्री सबै दुनियाँ खडा,
नृपति बिचमा राम-श्रीले महेन्द्र सरी बडा ।
अवसर हुँदा भारी, राजा प्रजा प्रति प्रेमले,
स्मित-कण[6] छरी बोले सद्धर्म-मर्म वशिष्ठले ॥२९॥

"अब उदय भो पृथ्वी-लोक-प्रकाशक[7] सूर्यको
तिमिर हरियो भित्रैसम्मन् प्रजाजन गैह्रको ।
झलमल भए सारा आशा, फुले दिलका कली,
वरिपरि खुले प्रातःकाल-प्रबोधन-काकली[8] ॥३०॥

झकमक थिइन् लक्ष्मी साकेतकी अगि राजसी,
पछि बदलिँदा दैवात् देखापर्‍यो स्थिति तामसी ।
अब उदित भो फर्की फेरि प्रभा शुभ सात्त्विक,
त्रिगुण-फल[9] हो यस्तो संसारको क्रम तात्त्विक ॥३१॥

मल जल लिई, दैवी धक्का हटाइ विपक्षका,
लह-लह हुँदै आए नामी मुना कुल-वृक्षका ।
मधुर मधुका तारा धारा पिएर सबैतिर,
मधुकर[10]हरू तृष्णा मेटी, हुनन् चिर-सुस्थिर ॥३२॥

---

१. विरोधी । २. उत्कण्ठित जन । ३. शुभसृष्टि । ४. नम्र । ५. बधाईं । ६. मुसुक्क गरी । ७. पृथ्वीलोकलाई प्रकाश गर्ने । ८. प्रातःकालमा ब्यूँझाउने मधुर शब्द । ९. सत्त्व, रज, तम तीन गुणका फल । १०. मौरी ।

भरत अचल स्वार्थ-त्यागी[1], दृढ-व्रत[2] लक्ष्मण,
अनुपम सती सीता, आदर्श[3] हुन् क्षिति-भूषण[4] ।
अनुज-गृहिणी[5] यस्ता पाई महोज्ज्वल रामको,
उदय सुकिलो होला फैलाउँदै रुचि नामको ॥३३॥

नय विनयले सौराज्य- श्री बढाउन सन्तत,
कुशल सब छन् आफ्नो कर्तव्यमा नृप रैयत ।
वचन-रचना यो होस् उद्बोधनार्थ[6] अलीकति,
द्युति[7] चहकिलो होला बत्ती उकासिदिँदा अति ॥३४॥

गुण-गण भरी नाना देवांशको महिमा लिने,
हर-दम रही जागा, चिन्ता समुन्नतिमा दिने ।
सकल जनको शिक्षा रक्षा गरी सुख-दायक[8],
सब मुलुकमा राजा साजा पिता हुन लायक ॥३५॥

हर-तरहले बाधा पीर प्रजा-जनको हरी,
हर-दम दया शान्ति प्रेम प्रमोद खडा गरी ।
विमल कृति[9]ले ऊचो कीर्ति प्रताप बढाउने,
नृपति-वर हुन् कल्प स्थायी[10] भई नमुना हुने ॥३६॥

जय विजय हुन् रक्षा गर्ने महोज्ज्वल[11] धाममा
नय विनय हुन् शोभा भर्ने समुन्नत नाममा ।
सम विषमको लेखाजोखा गरी परिपालक,
भव-विभव[12] हुन् धर्माचारी गुणी नर-नायक ॥३७॥

नृपति बहुधा भोगैश्वर्य-प्रभामय[13] सृष्टि हुन् ।
प्रबल रिपुको सातोपुत्लो लिने लय-दृष्टि हुन् ।
नय नियमका पक्का खम्भा हुने स्थिति-मूर्ति हुन्,
भुवन-पति[14]का कट्कन्दारी लिने उप-शक्ति हुन् ॥३८॥

सुजनहरुमा ताजा नौनी, शिला बनि दुष्टमा,
मृदु-कठिनता[15] आधा आधा मिसाइ निसर्ग[16]मा ।

---

१. स्वार्थ छोड्ने । २. दृढ निश्चय भएका । ३. नमुना । ४. पृथ्वीका गहना । ५. भाइकी पत्नी । ६. सम्झाउना निमित्त । ७. प्रकाश । ८. सुख दिने । ९. निर्मल काम । १०. कल्पसम्म रहने । ११. अति उज्ज्वल । १२. संसारको श्री । १३. भोगऐश्वर्यको प्रभास्वरूप । १४. जगदीश । १५. कोमल र साह्रोपना । १६. स्वभाव ।

अमृत विषका मात्रा शोधी प्रताप-तुषाग्नि[1]मा
नरपतिहरू भर्छन्, भारी रसायन[2] लोकमा ॥३९॥

उचित गहना राजाको हो प्रजाजन-रञ्जन[3],
सतत यसमा न्यायी निष्ठा[4] गराउँछ मार्जन ।
शुभ पथ लिई गर्दै भूपालको जय-गुञ्जन,
सकल दुनियाँ हुन्छन् कल्याण-मङ्गल-भाजन[5] ॥४०॥

जन र नृपको भक्ति-प्रीति प्रशस्त परस्पर,
डबल बल हो योग-क्षेमानुकूल[6] मनोहर ।
कुमुद[7]-कुलमा आभा भर्ने नवोदित चन्द्रमा,
सहज यिनिका हुन्छन् सर्वस्व जीवन-मार्गमा ॥४१॥

नृप मुख बनी गर्छन् सर्वाङ्ग-पोषण[8] रक्षण,
अवयव बनी गर्छन् सारा प्रजा मुख-पूरण ।
दिनकर सरी राष्ट्र-स्वामी[9] लिई कर[10]ले रस,
सरस वसुधा पार्छन् वर्षा गरी करुणा-वश ॥४२॥

नृपति अगुवा, साक्षी, दैवी-प्रभा, अभिभावक,
हरदम-बुझी होऊन् सारा प्रजा शुभ-चिन्तक ।
हृदय दुइले एकै पारी परस्पर-भावमा,
जग मुलुकको पक्का पार्दैरहुन् परिणाममा ॥४३॥

स्थिर भइरहोस् झण्डा साकेतको अति उन्नत,
यश-कुसुम[11]ले पूजा पाईरहुन् नर दैवत[12] ।
अवनिभरमा छाया छाईरहोस् सुख शान्तिको"
लहर भरियोस् टाढासम्मन समुज्ज्वल कान्तिको ॥४४॥

श्रवण-पुट[13]ले यस्तो शिक्षा-सुधा[14] गुरु-देवको,
पिइ, अमर भो आत्मा कर्तव्यमा नर-देव[15]को ।
सकल जनमा खुल्दा भित्री प्रभा उपदेशको,
झलमल भयो ऊँचो रस्ता शुभङ्कर[16] देशको ॥४५॥

---

१. प्रतापरूप भुसको आगो । २. रसादि । ३. प्रजाहरूलाई रञ्जन गर्नु । ४. वर्ताव । ५. कल्याणमङ्गलका पात । ६. कमाइ र बचाउको अनुकूल । ७. राति फुल्ने कमल । ८. सारा अङ्गको पोषण । ९. राज्यका मालिक । १०. पोत वा किरण । ११. यशरूप फूल । १२. राजा । १३. कान । १४. शिक्षारूप अमृत । १५. राजा । १६. शुभ गर्ने ।

प्रजामा आनन्दोत्सव–

नव उदयले प्रेमी स्वामी दयामय रामको,
अब सब हट्यो धोका, ढोका खुल्यो सुख धामको ।
तम गुम गरी पूर्व-द्वार-प्रभा[1] जब खुल्दछ,
भुवन-भवन[2] प्रातः श्री[3]ले समुज्ज्वल बन्दछ ॥४६॥

अनुज, जननी, बन्धु, प्रेमी, प्रजा, परिवारमा,
सचिवहरुमा दायाँ बायाँ दिशा, दरबारमा ।
मलिन मुखको चाया छाया समान उडीगयो,
विकल दिलको ज्वाला-माला अशेष[4] बिदा भयो ॥४७॥

फर-फर फुऱ्यो ऊँचो राज-ध्वजा नव वेषमा,
घरघर बढ्यो पूर्णानन्द-प्रभा[5] भरदेशमा ।
सर-सर चल्यो सारा राज्य-प्रबन्ध सफासित,
परपर पुग्यो ताजा कीर्ति-प्रकाश[6] सुशोभित ॥४८॥

कति दिन निशा एकै पारी महोत्सव फैलियो,
हरदम खुसी राजी चारै दिशातिर देखियो ।
भरमुलुकमा भारी सौराज्य[7]को पनि राज्य भो,
भरत-धरणीमाहाँ[8] सौभाग्यको पनि भाग्य भो ॥४९॥

सुग्रीवहरूको बिदाइ–

कपि-पति[9] अति प्रेमी, लङ्केश[10], मारुति[11], अङ्गद-
प्रभृति अतिथि स्वर्ग-श्री[12]को मिलेर परिच्छद[13] ।
प्रभु नृपतिको नाना सत्कारको रसमा परी,
अलि-दिन बसे भारी साकेतको महिमा गरी ॥५०॥

"हर-तरहको भारी साहाय्यले भरिँदा मन,
क्षणभर पनि प्रेमीलाई म सक्दिनँ बिर्सन ।
अवसर छ यो ताजा राज्य-प्रबन्ध चलाउने"
भनि नृपतिले मौका बक्स्यो बिदा उनले हुने ॥५१॥

श्रुति[14] अटल भै रोकीराख्ने यता प्रिय वाक्यको,
स्मृति[15] पनि उता तान्ने आफ्नो नयाँ स्थिति-कार्यको ।
विषम रसको पर्दा दोधार यो दुइतर्फको,
प्रवल हुनगो दोस्रो मौका लिई अवकाश[16]को ॥५२॥

१. पूर्व ढोकाको प्रकाश । २. भुवनरूप घर । ३. विहानको शोभा । ४. वेमाख । ५. पूर्ण आनन्दको तेज । ६. कीर्तिको प्रकाश । ७. अवल राजकाज । ८. भारतमा । ९. सुग्रीव । १०. विभीषण । ११. हनुमान् । १२. स्वर्गसम्पत्ति । १३. सामान । १४. सुन्नु वा वेद । १५. सम्झना वा धर्मशास्त्र । १६. निरवकाश भएमा अवकाशको खातिर श्रुतिभन्दा स्मृति वलवान् हुने कुरा मीमांसामा छ ।

नृपसित बिदा पाई, राखी शरीर विमानमा,
दृढ मन त्यहीँ छोडी, फर्के सबै निज देशमा ।
चिर-विरहले वैलाएको कुटुम्ब समाजको,
मुख-कमलमा आभा पारे नवोदित[1] सूर्यको ॥५३॥

पर पर हुँदा मित्र प्रेमी सँगी सुख दुःखका,
दिल धमिलिँदा छाया-मालिन्य साथ दिनान्तका[2] ।
रघुपति लिई सीतालाई, चढेर अटालिमा,
दिइरहनुभो आँखा आकाशमा अब शान्तिमा ॥५४॥

परपर लग्यो आँखा, साथै उडाइ विमानले,
अगिअगि भई आफू एक्लै गयो अति वेगले ।
मलिन नभले बाटो छेक्ता भुलाउन अन्तमा,
नजर बलले फर्की आयो यतै द्रुत चालमा ॥५५॥

(वसन्ततिलका)

रात्रि-समय–

सन्ध्यान्धकार-दल[3]ले बदलेर पर्दा
आकाशमा नजरको पथ बन्द पर्दा ।
बाटो खुलाउन निशापति पूर्वबाट
देखापरे, हुन गयो, अब भिन्न छाँट ॥५६॥

सन्ध्या रजो-गुण[4] चढाइ बढाइँ भर्थ्यो ।
रात्री तमो-गुण[5] बढाई बढाइँ भर्थ्यो ।
फैलाइ सत्त्व-गुण[6]का अनमोल बिन्दु,
शुद्ध्याउने हुन गए सबलाई इन्दु[7] ॥५७॥

भूलोक-चन्द्र अति निर्मल देखिनाले,
आकाश-चन्द्र पनि झल्कन लागिहाले ।
शोभाउँदा दुइ तला नव चन्द्रिकाले,
आनन्द-कन्दहरूले पनि गाँज हाले ॥५८॥

इति श्रीराम राज्याभिषेक त्रयोदश सर्ग

१. नयाँ उदाएका । २. दिनको अन्तमा हुने छाया र मालिन्यको साथसाथै । ३. साँझको अन्धकार समूह । ४. रातोपन । ५. कालोपन । ६. सेतोपन । ७. चन्द्र ।

चतुर्दश सर्ग

(भुजङ्गप्रयात)

चन्द्रोदय–

उदाय सरी भूमिमा रामचन्द्र,
उदाय नभो–भागमा पूर्णचन्द्र ।
सुहाए सरी जानकी रामचन्द्र,
सुहाए त्यहाँ चन्द्रिकासाथ चन्द्र ॥१॥

थियो भव्य[1] शोभा वसन्ती निशाको,
सुगन्धी थियो देह सारा दिशाको ।
सफा कीर्ति जस्तो जुनेली प्रभाले,
सुधा–स्रोत[2] वर्षा गरी भर्न थाले ॥२॥

रसीलो अवस्था थियो दूरसम्म,
भयो शान्ति–पूर्ण प्रभाले अचम्म ।
पऱ्यो लोक आलोक[3]मा मस्त गम्म,
रह्यो चित्त आनन्दमा तृप्त डम्म ॥३॥

कता गो कता गो, हरायो अँध्यारो,
यता भो उता भो उज्यालो उघारो ।
उदायो सदा योग आनन्द–कारी,
खुलायो खुला योजना[4] शान्ति–धारी ॥४॥

वसन्ती निशालाइ हीरा जडेको,
सुकीलो उपर्ना र तक्मा मिलेको ।
जयन्ती मनाएर चारै दिशाले,
सजा फूल लावाहरु छर्न थाले ॥५॥

---

१. राम्रो २. अमृतको प्रवाह । ३. उज्यालो । ४. भाग ।

उषाको सुनौला भकुण्डो हरायो,
निशाको रुपौला घुमी फेरि आयो ।
नयाँ खेल आकाशमा खोलिनाले,
निहारेर ताराहरू हेर्न थाले ॥६॥

पहाडी गुफाबाट निस्केर आई,
सुकीलो जटा–भार भारी फिँजाई ।
द्विजाधीश[1] ले शुद्ध पारेर सत्त्व[2],
फिराए सबैतर्फ आनन्द–तत्त्व ॥७॥

भई चन्द्रको ज्योतिले व्योम गम्म,
प्रभाको सुधाले अघाएर डम्म ।
दिशा शैल पृथ्वी समुद्रान्तसम्म,
उज्यालो रहेको छ पारी अचम्म ॥८॥

सबै भाग खोली, खुलाई पदार्थ[3],
भए चन्द्र आचार्य[4] जस्तै यथार्थ ।
यसैले उज्याली सबैको विचार,
नयाँ कौमुदी[5]को गराए प्रचार ॥९॥

सुगन्धी निशा–पुष्प[6]को वासनाले,
सबैतर्फ आमोद[7] चर्को हुनाले ।
निशा–नाथ[8]मा भित्रको भावनाले,
दिशा गैह्र आनन्दमा फुल्न थाले ॥१०॥

किनारा रँगाई जडाएर मोती,
तुषारो सरी तेजिलो रङ्ग पोती
उभ्याई दिशारूप खम्बा, बलीयो
गरी, टाँगियो चाँदनी चाँदनी यो ॥११॥

घुमाएर शुद्धचाउने गोल इन्दु,
फिँजाएर नाना शयन् फेन–बिन्दु[9] ।
पछारेर धोई नभो–निम्नगा[10]मा,
बिछ्याईदिएको छ तन्ना धरामा ॥१२

---

१. चन्द्र वा ब्राह्मण–श्रेष्ठ । २. अन्तःकरण । ३. वस्तु वा पदको अर्थ । ४. व्याकरण वनाउने । ५. चन्द्रिका वा व्याकरण । ६. रातो फुल्ने फूल । ७. सुगन्ध । ८. चन्द्र । ९. तारारूप फीँजका विन्दु । १०. आकाशगङ्गा ।

चकाचौंध पार्ने नयाँ रोशनीमा,
खुलाई गला, चाल चालेर धीमा ।
सुधा-पान गर्दै विलासीपनाले,
चकोरीहरू जूनमा नाच्न थाले ॥१३॥

सफा पक्ष पारी, गराई उदेक,
लिई तारकारूप हंसी अनेक ।
रसीलो शशी[1] राजहंसानुसार[2]
हिंडे, गर्न आकाशगङ्गा-विहार ॥१४॥

फिंजारीरहेको रुपौला छ सारी,
सितारा भरेको पछ्यौरा छ भारी ।
जडी माथमा फूल हीरा जडाउ,
जुनेली निशाको चल्यो हाउ-भाउ ॥१५॥

रामको आनन्दवाणी–

उदाए जसै चन्द्रमा विश्व-बन्धु[3]
छताछुल्ल उर्ल्यो हृदानन्द सिन्धु ।[4]
भयो रामको पूर्णभाव-प्रसङ्ग,
उठे सूक्तिरूप सुधाका तरङ्ग ॥१६॥

"प्रिये जानकी ! हेर आनन्द-वेला,
टर्‍यो वक्र दुर्दैवको काल-वेला ।
खुल्यो तेजिला भावको आज मेला,
भयो भूमिमा दिव्य सौभाग्य भेला ॥१७॥

हृदाकाश[5]मा मग्न छन्– आत्म-चन्द्र[6]
महाकाशमा स्पष्ट छन् पूर्ण-चन्द्र ।
प्रसन्न प्रभा-पूर्ण अन्तःस्वरूप[7]
खुली देखिएको छ यो बाह्य-रूप ॥१८॥

सुधाले भरेको रुपौला घडा झैं
मिनाकारि हीरा जडेको कडा झैं,
नवानन्द-कन्द[8] प्रभा-पूर्ण भद्र,
उदाईरहेछन् नभो-रत्न[9] चन्द्र ॥१९॥

---

१. चन्द्र । २. राजहंसजस्तै । ३. विश्वका बन्धु । ४. हृदयको आनन्द समुद्र । ५. हृदयको आकाश । ६. आत्मारूप चन्द्र । ७. भित्रको रूप । ८. नयाँ आनन्दको गानरूप । ९. आकाश-रत्न ।

अहो हेर शोभा जुनेली निशाको
उज्यालो भयो छेउसम्मन् दिशाको ।
उडे ताप मालिन्य आलस्य सारा,
सुसाएर बर्षे नयाँ हर्ष-धारा ॥२०॥

पछ्याई सदा दैवको दृष्टि-रङ्ग,
बदल्दो छ संसारले ढङ्ग रङ्ग ।
उही उल्टिँदा दिन्छ दुःखी तरङ्ग,
उही खुल्टिँदा खुल्छ यो अन्तरङ्ग ॥२१॥

कुनै काल कल्पी रह्यौं जिन्दगीमा,
चखेवा चखेवी बनी चाँदनीमा ।
उनै चन्द्रमा चन्द्रिका-तुल्य आज,
पहिर्ने भयो शान्तिको भव्य ताज ॥२२॥

दिनै-सुद्ध लाग्थ्यो महीरो अँध्यारो,
निशा[1]सम्म ऐले उज्यालो उधारो ।
शशी बन्दथे अग्नि-गोला समान,
यिनै आज कर्पूर झैं भासमान[2] ॥२३॥

उनै कर्द, खुर्पा, चुलेसी, कटारी
सडाँसो हुँदै चक्र बन्ने मदारी ।
रुपौला शत-च्छिद्र[3] धैला बनेर,
सुधा-बिन्दु वर्षाउँछन् चन्द्र हेर ॥२४॥

बदल्दो छ यो कालले धूप छाया,
यसैले त मानिन्छ संसार माया ।
सबै कालको खेल दैवी रहेछ,
वराल्ने उकाल्ने उही नै रहेछ ॥२५॥

व्यवस्था छ दैवी, न-तिम्रो न-हाम्रो
अवस्था स्वयं हुन्छ राम्रो नराम्रो ।
नलाग्नू कुबाटो नखानू हरेस,
भरोसा लिनू दैवको यो छ बेस ॥२६॥

उषाको-प्रभा श्रोत[4] हो पूर्व-रङ्ग,
नवानन्दको शान्ति हो अन्तरङ्ग ।

---

१. रात्रि । २. प्रकाशमान । ३. सयौं छिद्र भएको । ४. प्रकाशको प्रवाह ।

समुद्धारको धैर्य हो अन्तरङ्ग,
मनः-सिन्धु[1]को ज्ञान हो सत्तरङ्ग ॥२७॥

चढेथ्यौँ विपत्को निराधार कक्षा,
भयो दैवबाटै खसोखास रक्षा ।
कहाँ त्यो अवस्था, कहाँ यो विकास,
कहाँ त्यो अँध्यारो, कहाँ यो प्रकाश ॥२८॥

अँध्यारो बिताएर, पायौँ उज्यालो,
वरालो बुत्याएर, लाग्यौँ उकालो ।
छिचोलेर छाडी, समायौँ उघारो,
महारण्य[2] फाँडी बसायौँ सुवाँरो ॥२९॥

डढ्यो पर्णशाला[3], बन्यो राजशाला[4]
उड्यो दुःख हाला, मिल्यो हर्ष-माला ।
रह्यौँ कष्टमा फाल-हाली कहाली,
मिल्यो शान्तिमा फेरि हाली-मुहाली ॥३०॥

दियो कर्मले जङ्गली रङ्ग पैल्हे,
मिल्यो धर्मले मङ्गलामोद[5] ऐल्हे ।
उही सत्य सन्मार्गको यो विकास,
महीमा खुल्यो फेरि दिव्य-प्रकाश ॥३१॥

बजेको छ बाजा यता बादसाही,
सजेको छ गद्दी उता राजसाही ।
फिँजेको छ यो द्वारमा राज-वर्ग,
भिजेको छ आनन्दमा लोक-सर्ग[6] ॥३२॥

उही देश हो, वस्तु सारा उनै छन्,
उही स्थान हो, चाल-माला तिनै छन्
खुशी दैवले हाल अर्कै गरायो,
जगत्को नयाँ स्वाद चर्को दिलायो ॥३३॥

सुगन्धी छ हावा वसन्ती निशाको,
रुपौला जयन्ती सरी भो दिशाको ।

१. मनरूप समुद्र । २. ठूलो जङ्गल । ३. छाप्रो । ४. दरवार । ५. मङ्गल हर्ष । ६. लोकको दृष्टि ।

बलेको छ यो तेजिलो दिव्य दीप,
खुलेको छ आनन्द भोग्ने निसीप ॥३४॥

जुनेली प्रभाको नदीमा नुहाई,
पुरानो मनो-भाव[1] ताजा गराई ।
शुभानन्दको बागमा वार-पार
गरौँ कल्पना-पुष्प[2] टिप्दै विहार ॥३५॥

जवानी निफन्ने वसन्ती बतास,
उज्यालो उज्याल्ने जुनेली प्रकाश ।
भलो वासना शुद्ध गर्ने सुवास
हुँदा, स्वादमा स्वाद मिल्नेछ खास ॥३६॥

चढी कल्पनाको उकालो सिँढीमा,
पुगी मन्दिरद्वार[3]नेरै पिँढीमा ।
चढाई नयाँ मञ्जरी चन्द्रिकाको
गरौँ पूजना प्रेमका देवताको ॥३७॥

प्रिये ! हेर तारा सितारा समान
जडेको, प्रभा-पूर्ण भै भासमान ।
नयाँ चन्द्र देखेर तिम्रो मुहार
सुधा-पान[4]मा लुब्ध छन् दृक्चकोर ॥३८॥

सीताको प्रेमोक्ति–

अति स्वादिलो रामको उक्ति यस्तो, .
मनाई सुधा-पारणा-पान[5] जस्तो ।
फिका पारि बोली सबै कोइलीको,
गलाबाट वाणी खुल्यो जानकीको ॥३९॥

"यिनै चन्द्र हुन्, चन्द्रिकाका नसीव,
प्रभु, प्राण, सर्वस्व, सौभाग्य, जीव ।
विना चन्द्र हुन्छिन् यिनी शून्य तुच्छ,
प्रभा-हीन[6] निःसत्त्व, सामान्य गुच्छ ॥४०॥

विना चन्द्रमा, चन्द्रिका लीन हुन्छन्,
विना चन्द्रिका, चन्द्रमा दीन हुन्छन् ।

१. मनको भाव । २. कल्पनाको फूल । ३. मन्दिरको ढोका । ४. अमृत-पान । ५. व्रतको समाप्तिमा अमृत-पान । ६. मलिन ।

दुवैको सदा एकता हो स्वभाव,
कदाचित् फुटे हुन्छ अर्धाङ्ग-भाव[1] ॥४१॥

विना चन्द्रमा, चन्द्रिकाको प्रकाश
हुँदै-हुन्न यस्तै व्यवस्था छ खास ।
जहाँ होस्, जसो होस्, सदा एकनास,
उदाई यिनैसाथ गर्छिन् विलास ॥४२॥

पुरी[2] वा वनी[3] वा, हवेली कुटी वा,
सुशय्या[4] शिला[5] वा, नदी होस् तटी वा
जहाँ चन्द्र छन्, देश होस् वा विदेश,
त्यहीं मान्दछिन् चन्द्रिकाले विशेष ॥४३॥

अकस्मात् परी राहुको ग्रास-योग
हुँदा चन्द्रको चन्द्रिकाको वियोग ।
विपद्‌बाट जस्तोसुकै होस् हबाल,
पछि स्पष्ट देखिन्छ शोभा बहाल ॥४४॥

शरत्‌कालमा मेघले मुक्त[6] चन्द्र,
जसै बन्दछन् तेजले पूर्ण भद्र ।
अनि प्रेमिणी चन्द्रिकाको प्रकाश,
हुँदै जान्छ पक्का विशेष प्रकाश ॥४५॥

प्रतिष्ठा हुँदा चन्द्रमाको कलाको,
प्रशंसा हुने गर्छ यी चन्द्रिकाको ।
दुवैको सँगै देखिनाले विकास,
सबै लोक भन्छन् अभिन्न प्रकाश ॥४६॥

हुँदा अश्रु-वर्षा[7] दिन-श्री[8]समेत,
वनेकी थिइन् शून्य मैलो अचेत ।
निशाको तपस्या फल्यो, हालि गाँज,
चढ्यो माथमा शान्तिको दिव्य ताज ॥४७॥

खडा भैरहोस् शान यस्तो प्रभाको,
उज्यालो रहोस् देह सारा दिशाको ।

१. आधा जीउ । २. सहर । ३. वन । ४. असल बिछ्याउना । ५. पत्थर । ६. छोडिएका । ७. आँसुको वर्षा । ८. दिनको शोभा ।

सुधा-पान पाओस् विचारी चकोरी,
मनाई रहोस् चन्द्रको जीत-होरी" ॥४८॥

सुनी जानकी-वाक्य यस्तो रसीलो,
सबै दृश्य देखी सुकीलो भरीलो ।
नयाँ कल्पको कल्पनासाथ राम,
उठी पस्नुभो रात्रि-विश्राम धाम[1] ॥४९॥

राज-कार्य-चिन्ता-

थियो स्वप्नमा शुद्ध लोकोपकार
प्रजा-क्षेम[2]मा रामको सद्‌विचार ।
यही भावनाले उठायो उषामा,
लगायो मनो-वृत्ति पूरा प्रजामा ॥५०॥

प्रजाले भनून् बेस भो राम-राज्य,
नहोस् रामको मात्र आराम-राज्य ।
सबैको भलोलाइ हो राज-पीठ[3],
यसैमा थियो नाथको पूर्ण दीठ ॥५१॥

(मत्तमयूर)

जस्तो जेली चित्त सदा भक्ति-लता[4]ले
आत्मा मानी मानिरहेथे जनताले ।
उस्तै स्वामीबाट रसाई करुणाले
रक्षा शिक्षा-कार्य अनेकौं हुन थाले ॥५२॥

राजा साझा गैह प्रजाका हित-कारी
सीधा साधा निर्भय आधार विचारी ।
सच्चा भक्ति-स्रोत[5] सबैको बहलायो,
राज्य-श्री[6]को रोब भरीलो कहलायो ॥५३॥

(स्रग्धरा)

सोची सोची प्रजाको हित अहित सबै कर्म दुष्कर्म जाँची,
रोजी रोजी जसीला नय विनयहरू दुःख अन्याय भाँची ।
द्वेषी दोषीहरूको हृदय थरथरै पारि हालेर गाँज,
मौलायो झम्म पर्दै, प्रिय हित फलको-वृक्ष झैं राजकाज ॥५४॥

इति चन्द्रोदय चतुर्दश सर्ग

•

१. रात्रिमा विश्राम गर्ने ठाउँ । २. प्रजाको कल्याण । ३. राजसिंहासन । ४. भक्तिरूप लहरा । ५. भक्तिको प्रवाह । ६. राज्यलक्ष्मी ।

पञ्चदश सर्ग

(गीति)

सौराज्य–

सौराज्य[1]को कलाले
उज्यालियो रामले सबै राज ।
नव सूर्यको प्रभाले,
जगमग पारिन्छ लोकको साज ॥१॥

रजत–पट[2]–सरयूको
सुवर्णमय[3] राम–नामले चित्र ।
शिरमा पहिरी पृथिवी
देखिन लागिन् पवित्र सुचरित्र ॥२॥

शान्ति र उज्ज्वलताको,
स्वाभाविक योग[4] पाउँदा भद्र ।
अन्वर्थ[5] देखिन गयो
मिलित श्रीराम–नाममा चन्द्र ॥३॥

अद्‌भुत भव–नाटक[6]मा
वैज्ञानिक सूत्रधार[7] जो हुन्छन् ।
ठूला पुरुषहरूका
खेल उनैबाट खेलिने हुन्छन् ॥४॥

जगदीश्वरको जगमा
जगमग जातीय जीव–जीवनमा ।
झल्कन्छ झलक्क कहीं
बिजुली झैं दिव्यभावको सुषमा[8] ॥५॥

१. असल राजकाज । २. चाँदीको पाता । ३. सुनौला कीर्तिमय । ४. सम्बन्ध । ५. अर्थ मिलेका । ६. संसाररूप नाटक । ७. नाटक खेल्ने । ८. दिव्यपनको शोभा ।

निज पर विशेष नगरी,
गर्ने सबमाथि पुत्रवत् प्रेम ।
भव–भूषण[1] नर मणिमा
खुल्दछ चोखा सु–वर्णको फ्रेम ॥६॥

निज कुल उज्ज्वल पार्ने
चूडा–मणि झैं कुनै कुनै हुन्छन् ।
लक्खन् तारा–गणमा
गणनीय सुधा–निधान[2] नै हुन्छन् ॥७॥

नव जीवन उपवनमा
गौरव–तरुका छरी नयाँ बीज ।
उद्योगी सुजन कुनै
ठूला रसिला फलाउँछन् चीज ॥८॥

रविको प्रताप भारी,
अति शीतल रम्य चन्द्रको कान्ति
दुइ मेल लिई झल्क्यो,
प्रभाववान्[3] रामचन्द्रको शान्ति ॥९॥

श्रीरामको उदयमा
निदान[4] हो पूर्व–पुण्यको चोला ।
भारतको जनताको
भाग्य र सौभाग्य मद्दती होला ॥१०॥

(स्रग्विणी)

धर्म–रक्षा–

रामको धर्म नै कामको मर्म भो
धामको दीप भो यामको सीप भो ।
नीतिको जीव भो, प्रीतिको नीव भो
भीतिको हेतु भो, रीतिको सेतु भो ॥११॥

धर्म नै मूल हो अर्थमा काममा,
धर्म नै पूल हो, मोक्षका धाममा ।
धर्म नै बीज हो शान्ति आराममा,
धर्म नै चीज हो तेजिला नाममा ॥१२॥

१. संसारको गहना जस्ता । २. चन्द्र । ३. प्रभावी । ४. मूल कारण ।

राम जागा हुँदा धर्मको मार्गमा,
फैलियो भावना भव्य[1] भूभागमा ।
शक्तिले पूर्णता पाउँदा केन्द्र[2]मा
शोभियो तेजिलो चाल आवर्त[3]मा ॥१३॥

सत्यको कीर्तना नित्यको चिन्तना,
शुद्धिको चाहना, बुद्धिको शोधना ।
प्रेमको पूजना, क्षेमको भावना,
धर्मको स्थापना-कर्म भो साधना ॥१४॥

यागमा राग[4]ले दानमा मानले,
भक्तिमा शक्तिले नीतिमा प्रीतिले ।
रामको भावना, कामको साधना,
तेजिलो जानियो, स्वादिलो मानियो ॥१५॥

राग सत्कर्ममा, द्वेष दुष्कर्ममा,
काम आचारमा, क्रोध ठङ्कारमा ।
लोभ साफल्य[5]मा, मोह वात्सल्य[6]मा,
एकलो रूपमा देखियो भूपमा ॥१६॥

यागका धूमको ताँतिले व्योममा,
यागको माग भो भूमिको स्वर्गमा ।
नन्दनोद्यान[7]मा उक्लँदै लोकले,
पाइलो रूपमा देखियो प्रेमले ॥१७॥

रामको पीठमा राष्ट्रको वास भो,
धर्मको आँचमा दुःखको नाश भो ।
देवको भावना भावना दास भो,
लोक आचारको जाँचमा पास भो ॥१८॥

वासना-बीजले कर्मको क्षेत्रमा
धर्मको श्री-लता फैलिँदा लोकमा ।
शोभिए पालुवा फूल आनन्दका,
वासना फैलिए भावना-कन्दका ॥१९॥

१. वेश । २. मध्यबिन्दु । ३. घेरा । ४. आसक्ति । ५. सफलता । ६. स्नेह । ७. नन्दन बगैँचा ।

बेस भो देशमा धर्मको वृद्धिले,
क्लेश निःशेष भो कर्मको ऋद्धि[1]ले ।
नीतिको रीतिमा योग भो प्रीतिको,
दीप्ति[2]को भीतिमा नाश भो ईति[3]को ॥२०॥

(शालिनी)

कार्यप्रबन्ध–

राजामा भो आदिको वेद-वाणी,
स्मार्त व्याख्या[4] बन्न गो मन्त्रि-वाक्य ।
चाली लोकाचार मूलानुकूल[5],
शोभा दिन्थ्यो रामको राजधर्म ॥२१॥

पाई शिक्षासाथ उद्योग-दीक्षा,
रक्षा गर्दै सत्यता नित्यताको ।
आफ्नो आफ्नो आश्रम-प्राप्त[6] धर्म,
थामी, चल्ने देखिए चार वर्ण ॥२२॥

लाग्थे विप्र ध्यान पूजाहरूमा,
रक्षा सेना-कर्ममा क्षात्र-वर्ग ।
खेती वाणिज्यादिमा वैश्य-सङ्घ,
सच्चा सेवा-कर्ममा शूद्र-जाति ॥२३॥

विद्या, शैली, सत्यता शक्ति भक्ति
जाँची जाँची कर्मचारी नियुक्त ।
खारी खारी भव्य राजा प्रजाको,
गर्थे योग-क्षेम[7] उत्साहसाथ ॥२४॥

गर्दै नाना कार्यको सत्प्रबन्ध,
रक्षा गर्दा लोकको रामबाट ।
छत्र-च्छाया पाइ आनन्दसाथ,
सारा रैती भक्तिले नाच्न लागे ॥२५॥

१. सम्पत्ति । २. प्रताप । ३. अतिवृष्टि अनावृष्टि आदि अकाल गराउने कुरा । ४. स्मृति जस्तो टीका । ५. मूल श्रुतिस्मृतिसँग मिल्दो । ६. आश्रममा पर्ने । ७. नपाएको पाउनु, योग, पाएको बचाउनु क्षेम ।

(पुष्पिताग्रा)

देश-शोभा-

सदय हृदय रामको हुनाले,
    हरबखतै सुख शान्ति-भावनाले ।
विविध[1] नव सुधारले विशेष
    सरस भए सब देशका प्रवेश ॥२६॥

अतिथि-जन[2] निमित्त धर्मशाला,
    कति निगमागम[3]-शास्त्र-पाठशाला ।
अशरणहरुका निवास-शाला[4],
    वरिपरि फैलिइ देखिए उज्याला ॥२७॥

नगर नगरमा र गाउँ गाउँ
    पथिक-निवास[5] निमित्त ठाउँ ठाउँ
मठ[6] जल-गृह[7] अन्न-सत्र[8] पाटी
    बिच बिचमा रचिए अनेक ठाँटी ॥२८॥

कनक-कलश[9] चित्रले विचित्र,
    कति सुर-मन्दिर[10] शोभिए पवित्र ।
हरदम बजि शंख घण्ट-नाद,
    खचित गराइरह्यो स्वधर्म-वाद[11] ॥२९॥

नव नव उपचार[12], पर्व-चर्चा
    विधिसँग मन्दिरमा हुँदो छ अर्चा ।
सतत फुरिरहेछ वैजयन्ती,
    नियत जनाउन धर्मको जयन्ती ॥३०॥

बिच बिच रमणीय शान्ति-कुञ्ज
    रचित थिए, जसमा भएर पुञ्ज ।
सुजन उचित गर्दथे विचार,
    अटल हुने श्रुति-मार्ग[13]को प्रचार ॥३१॥

अति सुघर सफा थिए विशाल
    रथ-पथ[14] पङ्क-विहीन[15] सर्व-काल ।
रथ शकट[16] दगुर्दथे अनेक,
    सुख सजिलोसँग हिंड्दथे अनेक ॥३२॥

---

१. तरह तरहको । २. पाहुना । ३. वेदको वेदाङ्ग । ४. बस्ने घर । ५. बटुवाको वास । ६. विद्यार्थीहरू बस्ने घर । ७. पौशाला । ८. सदावर्त । ९. सुनको कलश । १०. देवल । ११. आफ्नो धर्मको कुरा । १२. सामान । १३. वेदमार्ग । १४. सडक । १५. हिलो नहुने । १६. गाडा ।

अगलबगल मार्गमा निवास[1],
    गृहहरु छन् रमणीय एकनास
वरपर पुरको गरी विकास
    नृप-दरबार छ मध्य[2]मा प्रकाश ॥३३॥

वरिपरि गुलजार छन् बजार,
    बहुविध[3] अन्न र वस्त्रका भँडार ।
मणि कनक[4] समेतले प्रकाश
    उपवन[5] ऊँ फल फूलका निकास ॥३४॥

उपकरण[6] समेत वस्त्र अन्न
    सुलभ हुँदा जनता थिए प्रसन्न ।
बहुविध सुविधा हुँदा विशेष
    सुखद[7] थियो सबलाई पूर्ण देश ॥३५॥

(अनुष्टुप्)

सन्नीति-

विवेक-रत्नाकर[8]मा
    खोजेका न्याय-मौक्तिक[9] ।
सुवर्ण-सूत्रमा उन्दा,
    बने भूषण रामका ॥३६॥

विवेक हो सत्य देह,
    आत्मा उज्ज्वल तेज हो ।
न्याय सद्धर्म हुन् बाहु,
    धैर्य गाम्भीर्य पाउ हुन् ॥३७॥

बजायो धर्मको झ्याली
    रामको न्याय-शक्तिले ।
चौतर्फ फैलियो चर्को
    ध्वनिभन्दा प्रति-ध्वनि ॥३८॥

स्थिति रीति दुवै बाजु
    बाँधिँदा न्याय-सूत्र[10]ले ।
तराजु भै राज दण्ड
    तौल्न लाग्यो शुभाशुभ ॥३९॥

---

१. बस्ने घर । २. बीच । ३. धेरै थरी । ४. सुन । ५. वगैंचा । ६. अरू सामान । ७. सुख दिने । ८. विवेकको समुद्र । ९. न्यायरूप मोती । १०. न्यायको डोरी ।

न्यायको ज्योतिले नित्य
उज्यालो राज-मार्ग[1]मा ।
बाल वृद्ध प्रौढ सारा
आनन्दसँग हिँड्दथे ॥४०॥

अबला निमुखासम्मन्
न्यायको बलमा थिए ।
दुनियाँ बलिया, निर्धा
देहले मात्र छुट्टिए ॥४१॥

न्यायले साधिन गयो
त्रिवर्ग[2] इह-लोकमा ।
मोक्ष बाँकी रह्यो एक
पोल्टामा परलोकको ॥४२॥

बाटो छोडी कुबाटामा
कुनै चल्दैनथे प्रजा ।
छत्र चामर झैँ साधा
दण्ड भो राज-लक्ष्मण[3] ॥४३॥

प्रजालाई इशारामा
चलायो धर्म-नीति[4]ले ।
बसी बसी मान लियो
रबाफी दण्ड-नीति[5]ले ॥४४॥

आँखा चिम्ली उज्यालामा,
उघारी अन्धकारमा ।
छक्क पारी न्याय हिँड्यो,
भित्र नेत्र खुला थियो ॥४५॥

नीतिका स्रोत[6]ले पाटी,
कर्म-क्षेत्र सुधारिँदा ।
नमूना लायक मुना,
निस्के आनन्द-कन्दका ॥४६॥

---

१. राजपथ । २. धर्म, अर्थ, काम । ३. राजाको चिह्न । ४. धर्मको व्यवस्था । ५. दण्ड सजायको नीति । ६. प्रवाह ।

फुल्दा फल्दा नीति-लता
देश नन्दन बन्न गो ।
राज्य-लक्ष्मी त्यहाँ दुल्थिन्
दिव्य सङ्गीत गाउँदै ॥४७॥

सरयू, यमुना, गङ्गा
नाच्तै आनन्द-नादले ।
शान्ति-सन्तोष-सन्देश,
समुद्रान्त[1] पुऱ्याउँथे ॥४८॥

(शिखरिणी)

राजा र प्रजाको प्रेम र भक्ति–

पिता-पुत्र, भ्राता अनुज[2], गुरु-शिष्य प्रमुख झैँ
भयो गाढा नाता, नृप र दुनियाँको हरदम ।
दया चाहा शिक्षा दिन दिन प्रजामाथि गरिँदा,
फले भक्ति, श्रद्धा, प्रणति-महिमा[3] राम-पदमा ॥४९॥

प्रजा श्रीमान् विद्वान् सुचरित सुखी धार्मिक बनून्
यही भित्री इच्छा हरदम थियो भूमि-पति[4]को ।
पिता जस्तै स्नेही प्रिय अति विवेकी नृपतिको
रहोस् छत्रच्छाया अटल, भनि भज्ने जन[5] भए ॥५०॥

कृपाको धारामा हरदम भिजेका नजरको
प्रभाले तेजीलो सकल जनको चित्त-पटमा ।
सदा छापा पार्ने शुभ कृतिहरू[6]को चमकले,
उघारी साराको मन, भुवन पाऱ्यो झिलिमिली ॥५१॥

प्रजाको सद्भक्ति प्रिय नृपतिको स्नेह-रसमा,
मिली भिज्दा, पाए मधु-मधुर[7] आस्वाद सबले ।
यही भो साराको हरबखत ताप-त्रय[8] हरी,
गरी स्वस्थावस्था[9] बल डबल पार्ने नव-रस[10] ॥५२॥

प्रजाको राजाको मन वचन आत्मातक मिली,
सदा अङ्गाङ्गी[11] भै प्रकृति प्रभु[12] एकात्मक[13] हुँदा ।

---

१. समुद्रसम्म । २. दाजुभाइ । ३. नम्रता । ४. राजाको । ५. दुनियाँ । ६. असल कामको । ७. महङ्झैं मीठो । ८. तीन किसिमको ताप । ९. स्वस्थअवस्था । १०. नयाँ रस वा औषधी-विशेष । ११. अङ्ग र अङ्गी । १२. प्रजा र राजा । १३. एक जीउ ।

विवेकीले जाने कर चरण आँखा शिरहरू,
हजारन् देख्नाले रघुपति, विराड्रूप[1] पुरुष ॥५३॥

पिता, माता, भ्राता, अधिपति, विधाता, प्रियतम,
सुहृद्, बन्धु, स्वामी, प्रभु, गुरु, नियन्ता हुन गई ।
लिई नाना बाना, सकल जनका रक्षक हुँदा,
रुचाए साराले, नृपति नरमा ईश्वर भनी ॥५४॥

व्यवस्था मर्यादा मल जल जरासम्म भरिँदा,
थिए शाखा शाखा बहुत सरस प्रेम-तरु[2]का ।
यसैका स्वादीला अमर फल खाएर जनले,
छहारीमा पाए अनुभव सदा शान्ति-रसको ॥५५॥

उदाई श्रीराम प्रभु रवि सरी भाग्य-नभ[3]मा,
प्रभाती मौकाको रुचि लिइ नवालोक[4] फिँजिँदा ।
जसै फक्रे लक्खन् मुख-कमल आनन्द-रसमा,
रमाइन् राज्य-श्री सकल अवनी[5]मा वरिपरि ॥५६॥

(पृथ्वी)

सैनिक शक्ति

चढ्यो मुकुट माथमा जब यहाँ महाराजको
बढ्यो उचित योजना[6], प्रबल तेजिलो ताजको ।
नरेन्द्र रघुनाथको विजय-वैजयन्तीमहाँ[7]
प्रतिष्ठित भई रहिन् सतत वीर-लक्ष्मी यहाँ ॥५७॥

रथी अतिरथी महारथ[8] असङ्ख्य खम्भा धरी
चमूहरु थरी थरी दृढ तला तला धैँ गरी ।
महा-महल शक्तिको चहकिलो खडा भो यहाँ
यही उपर शोभिइन् भरत-भूतल-श्री[9] अहा ! ॥५८॥

प्रताप-धन[10] जातिको, चिर-विशुद्ध संस्कारको,
जिगीषु[11] नृप-शक्तिको, रस समेत अभ्यासको ।
यशोमय विकासको उचित चिन्तना जो थियो,
यही बल-विभाग[12]मा उदय-साधना[13] देखियो ॥५९॥

---

१. विराट्स्वरूप । २. प्रेमरूप वृक्षका । ३. भाग्यरूप आकाशमा । ४. नयाँ प्रकाश । ५. पृथ्वीमा । ६. कल्पना । ७. विजयको पताकामा । ८. ठूला वीरहरू । ९. भारतकी राज्यलक्ष्मी । १०. प्रताप नै धन हुने । ११. विजयी । १२. फौजी विभाग । १३. उदय सिद्ध गर्ने ।

प्रचण्ड बलमा खडा अति कडा बडा वीरको
प्रशस्त मुखको प्रभा, चमक तीक्ष्ण शस्त्रास्त्रको ।
अखण्ड महिमा गरी अवध-राष्ट्र-देवी रमा[1]
भइन् भरत भूमिकी चिर-सखी स्थिर प्रेममा ॥६०॥

प्रभाव अति शिक्षित प्रबल साहसी वीरका,
प्रकाश तरबारको, चमक तेजिला तीरको ।
खिंचेर प्रतिपक्ष[2]को नजर फूर्तिलो ताउमा
थिची, शरण पार्दथ्यो अगम रामका पाउमा ॥६१॥

(पञ्चचामर)

प्रताप-

नरेन्द्रमा महेन्द्रको प्रताप, राप अग्निको,
कमान धर्मराजको, रवाफ नैर्ऋतेशको ।
प्रभा जलाधिनाथ[3]को, पवित्र भाव वायुको,
विभूति राज-राज[4]को, थियो स्वरूप शम्भुको ॥६२॥

समस्त-भूमि-मण्डल-प्रसिद्ध बाहु-दण्डको,
प्रचण्ड आडमा रही निशान राज-दण्डको ।
प्रचण्ड गैह्र दुष्टको घमण्ड तोडि शोभियो,
प्रताप-काण्ड लोकमा अखण्ड राखि फैलियो ॥६३॥

परिश्रमी स्वभावको, पराक्रमी प्रभावको,
दयामय प्रयासको, यशोमय प्रकाशको ।
विचार-चारु[5] चालको, प्रचार उच्च तालको,
थियो जनाधिनाथ[6]को अपूर्व शक्तिसायको ॥६४॥

विकास खास शान्तिको निकास बेस कान्तिको,
विलास धर्म-मूर्तिको, खलास कार्य-पूर्तिको ।
निवास वीर शक्तिको, सुवास देश-भक्तिको,
उकास राज-तन्त्र[7]को, प्रकाश रामचन्द्रको ॥६५॥

रवाफ साफ देखिने प्रभावि-राजमान भै,
जहाँ त्यहाँ यशोमय प्रभा विराजमान भै ।
समाज आज शारद-प्रभाभिराम[8]-चन्द्रको
समान मान गर्दछन् प्रभावि-रामचन्द्रको ॥६६॥

---

१. अवधराज्यको लक्ष्मी । २. वैरी । ३. वरुण । ४. कुवेर । ५. विचारले सुन्दर । ६. राजा । ७. राजकाज । ८. शरत्को कान्तिले सुन्दर ।

दया दया-निधानले गरी गरीब-वर्गमा,
कला-कलाप[1]ले भरी प्रभा-प्रभाव सर्गमा ।
सुधा सुधार-सारको थरी थरी पिलाइयो,
नयाँ नयाँ प्रबन्धले सफा सफाइ छाइयो ॥६७॥

अनाथ-नाथ नाथको प्रकाम[2] काम कामना,
अनेक नेक नामको विलास-वास बासना ।
अपूर्व पूर्व-पूर्व[3]को प्रभाव-भाव-भावना,
प्रयोग-योगमा थियो अनल्प[4] कल्प-कल्पना ॥६८॥

स्वतन्त्र राजतन्त्रको पवित्र सूत्र हातमा,
खुला कला-विलास[5]को विचित्र चित्र आँतमा ।
विशुद्ध नीति-रीतिको अति प्रतीति[6] साथमा
लिएर धेर शोभियो किरीट नाथ-माथमा ॥६९॥

(वसन्ततिलका)

कीर्तिगान–

अश्रान्त कीर्ति-गुण-गानहरू अनन्त[7],
बन्दै गए दश दिशाहरुमा फिरन्त ।
उल्लास[8]ले वश गरी जनता तमाम,
स्थायी भई रहन गो शुभ राम-नाम ॥७०॥

आनन्द शान्ति अभय स्थिति वीरताका,
श्रीरामका चहकिला यशका पताका ।
सौभाग्यका महलमाथि फुरी त्रिकाल,
गर्छन् महत्त्व चिर-भारत[9]को बहाल ॥७१॥

सौराज्यको चमकबाट फिँजाइ गान,
श्रीराम-राज्य हुन गो नमुना-समान ।
देखाउँदै दश दिशा सुषमा[10] र सीमा,
गुञ्जीरहेछ जसको महिमा मही[11]मा ॥७२॥

आदर्श-शासन[12] हुँदा अभिराम[13] राज्य,
प्रख्यात भो भुवनमा शुभ राम-राज्य ।
आराम-राज्य चिर काल रही रसायो,
विश्राम राज्य-सुखको, मनमा जगायो ॥७३॥

इति राम-राज्य पञ्चदश सर्ग

१. क्लाको समूह । २. धेरै । ३. अगिअगि । ४. धेरै । ५. क्लाको विलास । ६. पत्यार। ७. निरन्तर । ८. विकास । ९. प्राचीन भारत । १०. परम शोभा । ११. पृथ्वी । १२ नमूनालायक हुकूमत । १३. सुन्दर ।

षोडश सर्ग

(उपगीति)

संसार–

ईश्वरको इच्छामा
परिवर्तन-शील[1] संसार ।
गर्दछ घुम्दा-घुम्दै
प्रकाशको सम्म संहार ॥१॥

संसार-चक्र[2] चाली,
तल-माथि गराउँदै लोक ।
खेल्दछ खेल विधाता,
फेर्दै सुख दुःख रस शोक ॥२॥

दैवी चुचुरादेखिन्
रुर्दै लीला-प्रवाह अहा !
जीवन-घट्ट घुमाई
पिँधाउँछन् कर्म-बीज[3] यहाँ ॥३॥

रङ्ग बदल्दै बन्दा
संसाराकाश[4] वद-रङ्ग ।
पार्दछ वज्र गिराई
गिरिको पनि अङ्ग भरिभङ्ग ॥४॥

खप्न सकिन्नन् शठ[5]ले
संसारी चक्रका फन्का ।
नयन गराई तिरिमिरी,
दिलाउँछन् कानमा रन्का ॥५॥

१. घुमिरहने । २. संसाररूप चक्र । ३. कर्मरूप वीउ । ४. संसारको आकाश । ५. मूर्ख ।

इन्द्रिय रन्फनिनाले
विवेक-पथ छोपिँदा टम्म ।
देख्तछ मूर्ख धमीलो
स्वप्न शरच्चन्द्रिका[1]-सम्म ॥६॥

सीताको त्याग–

डङ्का नसुनी व्रतको,
लङ्का-स्थिति[2]बाट सीताको ।
शङ्का परेछ मनमा
कङ्काल-समान अदनाको ॥७॥

धोबीको मुख कालो,
रहेछ अरु पेट पो कालो
बोली निस्क्यो कालो,
धूवाँ अङ्गारको कालो ॥८॥

यो खबर चरद्वारा
सुन्दा त खरङ्ग भइ राम ।
चिन्तामा पर्नुभयो,
देख्नुभयो शून्य परिणाम ॥९॥

"आचार विचार सबै
केलाई गरे दृढ स्नेह ।
निर्मल छन् जनक-सुता,
रति पनि लाग्दैन सन्देह ॥१०॥

जन-रञ्जन[3] राजाको
सर्वोपरि[4] हो महान् धर्म ।
जीवनसम्मन् यसमा
सुम्पनु हो न्यायको कर्म ॥११॥

ठूला साना सबको
तोषण[5] हो राज्यको मर्म ।
आपद्धर्म छ अरूमा,
डग्दैन नृपाल[6]को धर्म" ॥१२॥

---

१. शरद्को जून । २. लङ्कामा रहनु । ३. सबै जनालाई राजी राख्नु । ४. सबभन्दा माथि।
५. सन्तुष्ट गर्नु । ६. राजा ।

यस्तो विचार गर्दै
रघु-पुङ्गव[1]ले लिई धैर्य ।
मनमा दृढ गर्नुभयो
अर्धाङ्ग-त्याग[2]को कार्य ॥१३॥

नौनी समान मनमा
उठ्न गयो वज्र-सङ्कल्प ।
अगम छ महापुरुषको
अद्‌भुत कर्तव्यको कल्प[3] ॥१४॥

लक्ष्मणसित भन्नुभयो
दोहद[4]को भाव देखाई ।
"वाल्मीकि-तपोवनमा
छोड, लगी जानकीलाई ॥१५॥

दुर्बल दुइ आँखाले
चार दिशाको सबै खबर ।
दुनियाँ कसरी देखून्,
त्यागी अपवाद दूर गर" ॥१६॥

बाण सरी राघवको
अमोघ[5] वाणी बिज्यो भित्र ।
विह्वल भई लक्ष्मणले
देखे संसारको चित्र ॥१७॥

निर्मल गङ्गा जस्तै
जाने पनि जानकीलाई ।
लक्ष्मणले रथ ल्याए
राजाज्ञा-पालनालाई ॥१८॥

बिचरी अबोध[6] सीता
पतिको चरण-प्रणाम गरी
दोहद-विहार[7] सम्झी
रथ चढ्नुभयो अगाडि सरी ॥१९॥

---

१. रघु-कुलमा श्रेष्ठ राम । २. आधा अङ्गरूप त्याग । ३. कामको विधान । ४. गर्भ-कालको इच्छा-पूरण । ५. अटल । ६. अजान । ७. गर्भकालको इच्छा पूर्ण गर्ने विहार ।

वाल्मीकि-तपोवनको
नजीक पुऱ्याए लक्ष्मणले ।
राजाज्ञा[1] प्रकट गरी,
भिक्षा मागे क्षमा शिरले ॥२०॥

सीताको वेदना–

छाँगाबाट खसे झैँ
ढल्नुभयो जानकी भुइँमा ।
आँखा भए तिरिमिरी,
अलाप भयो धैर्यको महिमा ॥२१॥

दन्दन दन्कन थाल्यो
दुःखानल[2]को कडा आँच ।
होस-हवास उडाई
विफल भयो धैर्यको जाँच ॥२२॥

झुट्ठा भनी जनकले
मारे संसारको मेख ।
उनकै प्रिय सन्तति[3]मा
फेऱ्यो त्यसले अहो ! ईख ॥२३॥

हाय ! असहाय अबला
बाला मृदु दोजिया सीखा ।
डाँको छोडी रुनुभो
भन्दै सङ्कष्टको गीता ॥२४॥

"हा ! नाथ ! दर्शन विना,
वनवासमहाँ रहुँ कसरी ।
मेरो अभाग झन् झन्
धकेल्छ पातालमा यसरी ॥२५॥

प्राणाधार ! विधाता
जीवन-सर्वस्व ! हे नाथ !
कसरी सहुँ विरह यो,
सहेन दुर्दैवले साथ ॥२६॥

१. राजाको हुकुम । २. दुःखरूप आगो । ३. सन्तान ।

बाधा विरहानल[1]को,
साधारण सर्वथा हुन्न ।
नासो बोकी प्रभुको,
जीवन पनि छोड्न पाउन्न ॥२७॥

तन मन वचन सबैमा,
जीवन हुन् नाथका आत्मा ।
साक्षि-स्वरूप ती छन्
अन्तर्यामी र परमात्मा ॥२८॥

आगामा, पानीमा,
वनमा पनि जाँचियो हृदय ।
हा ! नाथ ! साथ रहने,
जन्मान्तर[2]मा मिलोस् समय" ॥२९॥

यस्तै विलाप गर्दा
वन पनि रोयो प्रतिध्वनिले ।
विचरा चराहरूले
पनि छोपे आकुल ध्वनिले ॥३०॥

लक्ष्मणको विषाद–

यस्तो दुर्घट घटना
पर्दा, देख्ता अवस्था यो ।
लक्ष्मणको क्षत[3] दिलमा
विषादको छालले छायो ॥३१॥

"संसार देख्छु यस्तो,
बनेछ यो वज्रकै जस्तो ।
आघात गऱ्यो कस्तो,
नौनीमा बञ्चरोजस्तो ॥३२॥

आहा ! रात बितायौँ,
दिन भो भनी उफ्रने लोक ।
हा ! हा ! फेरि निशाले,
हा ! हा ! गरि भोग्दछन् शोक ॥३३॥

१. विरहको आगो । २. अर्को जन्म । ३. चोट लागेको ।

अन्ध-गुहा[1]बाट रुँदै,
निस्केका जीव बिचराको ।
जीवन-गोरेटोमा,
लाउँछ दुर्दैवले राँको ॥३४॥

देखी यस्तै जर्जर
दुःखाकुल तुच्छ संसार ।
त्यागी, निवृत्ति-पथमा
लागी पहिल्याउँछन् सार" ॥३५॥

यस्तो विषाद मानी,
छाती वज्रै सरी पारी ।
फिक्री गर्दै फर्के
लक्ष्मण आज्ञा-तथाकारी[2] ॥३६॥

वाल्मीकिको आश्रममा वास–

वाल्मीकि-शिष्य-जन[3]ले
देखी, सम्झाउँदै धेर ।
जनकसुता[4]लाई लगी
वास गराए कुटीनेर ॥३७॥

आश्रम थियो पवित्र
ज्ञाद दया शान्तिको स्वर्ग ।
केन्द्र बनाएर जहाँ
मस्त थियो पुण्यको वर्ग ॥३८॥

ज्ञान-प्रस्थानहरू[5]
तला तला भै यहाँ रहँदा ।
आनन्द-धाम चढ्ने
सोपान, थियो तयार सदा ॥३९॥

शाखा शाखा छाई
फिँजिएको ज्ञान-पादपमा ।
कवि-कोकिल[6]को रव[7]ले
सदा वसन्ती थियो सुषमा ॥४०॥

१. अँध्यारो गुफा । २. आज्ञापालन गर्ने । ३. वाल्मीकिका शिष्यहरू । ४. सीता । ५. ज्ञानका खण्डखण्ड । ६. कविरूप कोइली । ७. शब्द ।

जप तप पनि गर्थे
अनन्यपनले[1] यहाँ नित्य ।
संयम[2] लिन्थे स्थिरता,
क्षमा, दया, शान्ति-सुख, सत्य ॥४१॥

सीतालाई प्रबोधन–

दुःखोदधिमा डुब्दै
निसासिने देखिँदा सीता ।
सम्झाउनुभो मुनिले
सुनाइ संसारको गीता ॥४२॥

"स्वागत गर्छ तपोवन
पतिव्रता-रत्न महिला[3]को
डग्दैन हृदय कहिल्यै,
कुल-भूषण वीर वनिताको ॥४३॥

अर्पण गर्छन् आत्मा
नृपले जनरञ्जन-व्रत[4]मा ।
देख्तैछौ रघु-कुलका
राजाका धर्मको महिमा ॥४४॥

सुख दुःख कर्म-फल हुन्,
यिनले भरिलो छ संसार ।
आत्मालाइ सम्हाल्ने
बाटो हो धैर्य सु-विचार ॥४५॥

ठानिन्छ वासनाले
घनसार[5]-समान संसार ।
हो, फुङ्ग भई उड्दा
आखिरमा हुन्छ निःसार ॥४६॥

वर्षाउने असार,
स्थिर-सुन्दर-वर्ण बेसार ।
घनसार पनि छ उल्टो,
यस्तै संसार निःसार ॥४७॥

१. एकाग्र भएर । २. नियम । ३. पतिव्रतामा रत्न नारी । ४. जनलाई रञ्जन गर्ने । ५. कर्पुर ।

संयुक्त पञ्च-तत्त्व
प्रपञ्च हो पञ्चले भन्छन् ।
स्थिर-सत्त्व[1] तत्त्ववेत्ता
नश्वर[2] निस्तत्त्व[3] नै देख्छन् ॥४८॥

क्षर[4]मा आकार भरे
संसार क्षीर-सागर[5] हो ।
ईश्वरको योग गरे,
बन्छ यही क्षीर-सागर हो ॥४९॥

धैर्य गरेर सम्हाली
हृदय, लिएर परमात्मामा ।
सन्मार्गको प्रभा[6]मा
लिनुपर्दछ शान्ति आत्मामा ॥५०॥

यस्तै उपदेश लिँदै
हृदय रसाएर सीताको ।
सङ्कल्प-विकल्प हटी
योग-कला[7]मा भयो पाको ॥५१॥

कुश-लव- जन्मसंस्कार-

शुभ समय लिई जन्मे
सीता-सुत तेजिला यमल[8] ।
कुश लव भनि मुनिबाटै
नाम दिई, रोपियो कुशल ॥५२॥

संस्कारले सतयया
उज्ज्वल भई सूर्य चन्द्र सरी ।
आश्रम झलमल पारे
यिनले, दिन रात एक गरी ॥५३॥

दुइ पूर्ण कुम्भ बोकी
मङ्गल दुइ लोकको गर्ने ।
सीता तपोवनमहाँ
हुनुभो आनन्द-रस भर्ने ॥५४॥

१. स्थिर चित्त । २. विनाशी । ३. तत्त्व-शून्य । ४. विनाशी । ५. क्षीर समुद्र । ६. उज्यालो । ७. योग-विद्या । ८. जुम्ल्याहा ।

उपनयन भो बखतमा,
शिक्षा दीक्षा[1] चल्यो उचित ।
निगमागम[2] सकल कला-
कलाप[3] यिनमा भए खचित ॥५५॥

आदि-कविबाट रचियो
नमूना-नृप रामको चरित ।
गाएर गान तिनले
चौगिर्द गरे प्रतिध्वनित ॥५६॥

मुनि-मानसको रस[4]ले
उज्ज्वल भै राजहंस-श्री ।
चौतर्फ फिँजिन-लागी
बन्न गयो भारतीय श्री ॥५७॥

रामको अवस्था-

सीताको चिन्तामा
शुष्क हुँदा रामको मर्म ।
संसार हेर्न लाग्यो
खालि अडेको थियो धर्म ॥५८॥

टिमटिम बत्ती जस्तै
मिहीन चैतन्य राघवको ।
टिलपिल देखिन लाग्यो
फुरफुरमा श्वास-मारुत[5]को ॥५९॥

भारी रसायन भई
वर्णाश्रम-भार राघवको
चैतन्य-यन्त्र[6] चाली-
राख्थ्यो सन्तप्त जीवनको ॥६०॥

अश्वमेध यज्ञ-

जल-बुद्बुद-सम[7] भावमा
जीवन जानेर सद्धर्म ।

१. अनुशासन । २. वेद-शास्त्र । ३. सम्पूर्ण कला समूह । ४. मुनिको मनरूपी मान-सरोवरको रस । ५. श्वासवायु । ६. चैतन्यको यन्त्र । ७. पानीको फोकाजस्तो ।

थाल्नुभयो राघवले,
उत्तम हयमेध[१]को कर्म ॥६१॥

घोडा घुमाइ ल्याई,
जोरी समान वैभवले ।
ऋषि मुनिहरू बोलाई
गरियो हय-यज्ञ राघवले ॥६२॥

वाल्मीकि सम्मलाई,
निमन्त्रण भो अयोध्यामा ।
कुश लव पनि पछि लागे,
कथा-पुरुष[२] देख्न इच्छामा ॥६३॥

आदर सत्कार खुल्यो,
अतिथिहरूलाइ राघवले ।
जमघट भो दुनियाँको,
दिशा दिशाका नरेश्वरको ॥६४॥

श्रौत विधान[३] समाई,
वेद-ध्वनि भै प्रतिक्षणमा ।
पूर्ण भयो कार्य सबै,
वसिष्ठ गुरुको निरीक्षणमा ॥६५॥

भरपूर भई हविले,
सुरलोक समस्त मस्त भए ।
अवभृथ[४]को उत्सवमा
नर-लोक पनि प्रशस्त भए ॥६६॥

कुश-लवको प्रवेश-

यज्ञ-सभामा आई,
कुश लवले रामको चरित ।
गान गरेर, गराए
रघुपतिसम्मन् सबै चकित ॥६७॥

सोधेर आदिकविका
शिष्य दुवै जानिंदा फगत ।

१. अश्वमेध । २. कथाका नायक । ३. वैदिक विधि । ४. यज्ञान्त स्थान ।

अतिथि-कुटी[१]मा उनको
आह्वान[२] गयो उही बखत ॥६८॥

वाल्मीकिको उक्ति-

आएर जानकीको
देखी यो यज्ञमा प्रतिमा ।
वाल्मीकिले सभामा
खडा भई गाइयो महिमा ॥६९॥

"याज्ञिक-पत्नी-पद[३]मा
सीताको मूर्तिमा मान ।
गर्दछ स्पष्ट गरी,
पवित्रताको महागान ॥७०॥

चेली अरुन्धतीकी,
अनसूयाकी विभूति सरी ।
सीताको निर्मलता,
गाऔं, आत्मा पवित्र गरी ॥७१॥

राजा प्रजा जगत्ले,
जानी निर्दोषता उनको ।
सत्कार आदर गरी,
शुद्धि गराईरहून् मनको ॥७२॥

यी कुश लव हुन् उनकै
पुत्र, गुण तेजिला यमल ।
मुनि-जनको आश्रममा
निवास संस्कारले विमल ॥७३॥

कुलका स्तम्भ यिनै भै,
चढाउनेछन् पछि स्वर्ग ।
यिनले उज्ज्वल गर्नन्
भन् भन् रघु-वंशको सर्ग" ॥७४॥

यो वाक्य आदिकविको
वेदाक्षर[४] झैं गुनी मनले ।

१. अतिथि बस्ने कुटी । २. बोलाहट । ३. यज्ञको यजमान पत्नीको स्थान । ४. वेदको अक्षर ।

भक्ति र लज्जासाथै
अञ्जलि जोडे सबै जनले ॥७५॥

सीताको उदयास्त–

एक–मुख भई सबले
विन्ति गरे ल्याउनालाई ।
रामाज्ञा लिइ ल्याए
लक्ष्मणले जानकीलाई ॥७६॥

जप "राम राम" मुखमा
शरीर ता दिव्य आलोक[1] ।
देखेर भन्न लागे
"वियोगिनी, योगिनी" लोक ॥७७॥

राज–सभामा सबले
अभिनन्दन[2]–साथ सीताको ।
जय–जयकार मनाए,
राघवको ज्ञान भो पाको ॥७८॥

"सिता ! सती ! सबैले
निर्मल मान्छौं तिमिलाई ।
खारेको कनक सरी
उज्ज्वल वन कान्ति फैलाई ॥७९॥

सत्य प्रेम सरी हो,
जन–रञ्जन भूप[3]को धर्म ।
पार गरी धार दुवै,
सुस्थिर भो रामको मर्म ॥८०॥

यो राम–वागमृत[4]ले
पारण पाई सती–व्रतको ।
कर जोरी सीताले
भन्नुभयो धारणा[5] मनको ॥८१॥

हे नाथ ! देवतात्मा !
हे माता ! पृथ्वी ! हे प्रभो !

१. तेज । २. प्रशंसा । ३. राजा । ४. वचनरूप अमृत । ५. सङ्कल्प ।

दृढ शुद्ध छ यो आत्मा !
छैन कुनै बाँकी कर्तव्य ॥८२॥

स्वामीको आत्मामा
अभिन्न होस्, भित्रको सत्त्व[1] ।
वपुको विश्लेषणले
पृथिवीहरूमा मिलून् तत्त्व[2] ॥८३॥

सङ्कल्प यो हुँदैमा
मिल्न गयो राममा आत्मा ।
अणु अणु भई तुरुन्तै
देह बन्यो पञ्च–भूतात्मा[3] ॥८४॥

योग–कला[4]को महिमा
संयोग वियोगको योग ।
श्रीरामलाइ हुनगो
विस्मय[5] वैराग्यको योग ॥८५॥

आदर्श पुरुष नारी
दुइको महिमा भरी भारी ।
भारत–गौरव–कारी[6]
पूरा भो खेल संसारी ॥८६॥

आश्रय–पूरित भई,
वाल्मीकि–वसिष्ठजी–प्रमुख ।
ऋषि मुनि दुनियाँ सबले
गाए जय–गान एक–मुख ॥८७॥

(कुटक)

जयजयकार–

जय जय देव रूप ! नर–देव ! विवेक निधे !
निरवधि धैर्य–सागर[7] ! अगाध–विधान विधे[8] ।
जय जन–रञ्जन–व्रत ! जगज्जपनीय ! प्रभो !
अतिदृढ धर्म–रक्षक ! उदार–विचार विभो ! ॥८८॥

१. आत्मा । २. पञ्च-तत्त्व । ३. पञ्चभूत-स्वरूप । ४. योगविद्या । ५. आश्चर्य । ६. भारतको गौरव गर्ने । ७. सीमारहित धैर्यका समुद्र । ८. गम्भीर कार्यका विधाता ।

जय जय जानकी ! विजयमूर्ति ! सती व्रतकी
अतिशय-पूजनीय ! रमणीमणि ! भारतकी !
जय नृप रामचन्द्र-प्रभुकी परिपूर्ण कला !,
अवध विदेहका दुइ महाकुलकी कमला[1] ॥८९॥

जय जय राजरत्न ! कुल-भूषण ! भास्करका,
भरत भगीरथादि-सम ! लायक ! पूर्वजका !
जय दृढ धीर ! वीर-वर ! हीरक झैं सबमा,
गुण-गण-गौर[2] ! गौरव अपूर्व लिने भवमा ॥९०॥

जय जय जानकी ! अति-पवित्र-चरित्रवती !
रघुकुल दीपकी[3] प्रियतम ! शुभ-शीलवती !
जय भव-देवता[4]-सदृश ! उज्ज्वल ! शान्तिमती !
सकल-पतिव्रता-कुल-शिरोमणि ! कान्तिमती ! ॥९१॥

जय जय चन्द्रिका-सहित चन्द्र सरी सबमा,
रघुपति-दम्पति ! प्रकृति पुरुष झैं भवमा !
जय मणि-काञ्चनोज्ज्वल विभूषण[5] ! भारतका,
द्विदल कली समान ! सरस-प्रणयाङ्कुरका[6] ॥९२॥

जय जय जानकी-हृदय-मन्दिर-पूज्य[7] ! पते !
कुश-लव-पुत्ररत्न-रमणीय-कुल-स्थपते[8] ! !
जय जय भरतादि-भक्त जनका परमाधिपते !
भुज-बल-रक्षित-प्रणत-भारत-छत्रपते[9] ॥९३॥

जय जय रामचन्द्र ! नव-चन्द्र ! विलोचनका,
प्रियतम ! राम-भद्र ! सबै जनका !
जय करुणावतार भाइ तारक ! दुःखितका,
हरदम निर्विकार ! सुख-कारक ! भारतका ॥९४॥

जय जय शोभमान ! बहु-मान लिई जनमा,
सतत विराजमान ! अभिमान विना मनमा !

---

१. लक्ष्मी । २. गुणहरूले उज्ज्वल । ३. रघुकुलका वत्तीजस्ता रामकी । ४. संसारका देवता । ५. रत्न र सुवर्णले उज्ज्वल गहना । ६. प्रेमको अङ्कुरका दुईपाते कोपिलाजस्ता । ७. सीताको हृदयरूप मन्दिरमा पूज्य । ८. कुश लव उत्तम पुत्रले सुन्दर कुलका थकाली । ९. वाहुवलले रक्षा गरिएको विनम्र भारतका चक्रवर्ती ।

जय अति भासमान ! असमान भई क्षितिमा,
लिई महिमा हिमालय-समान ! समुन्नतिमा ॥९५॥

जय जय राज-राज ! गिरि-राज सरी अचल,
क्षिति-तलमा प्रसिद्ध ! सुर-राज सरी अवल !
जय वपुमा विशाल ! गज-राज सरी प्रबल !
रिपु-दलमा प्रचण्ड ! मृगराज सरी अटल ! ॥९६॥

जय जय पूजनीय दुइ दम्पतिको महिमा
अविकल कल्प कल्पतरु उज्ज्वल होस् क्षितिमा
जय-विजयाभिराम शुभ नाम अनन्त रहोस्,
नय-विनयावदान[1]-गुण-गान निरन्तर होस् ॥९७॥

इति सीतान्तर्धान षोडश सर्ग
समाप्तं शुभम्
श्रीसीताराम-चरणार्पणमस्तु ।

---

१. नीति र विनयको पूर्वचरित्र ।

साझा प्रकाशनद्वारा प्रकाशित केही कविता-काव्यहरू

अगेनाको डिलमा एक साँझ	राजकुमार के. सी.
आरुका फूलहरू	लक्ष्मी माली
इन्द्रजात्रा	दिनेश अधिकारी
एउटा गन्तव्यको खोजीमा	विश्वविमोहन श्रेष्ठ
एउटा बाहुला नभएको बुसर्ट	विमल निभा
एक्लो एकान्त	अशेष मल्ल
कर्फ्यु	बेन्जु शर्मा
जून, नदी र पहाड	वर्तमान
दोभान	भरतराज पन्त
धर्तीको गीत	दिनेश अधिकारी
नयाँ अनुहार	रेखा सुवेदी
पौवाकी पौवालीलाई	पूर्णविराम
प्रतिज्ञाको पहाड	गुरुराज घिमिरे
प्रमिथस	लक्ष्मीप्रसाद देवकोटा
बुईंगल	सं. कमल दीक्षित
बेलायतमा नेपाली कवि र कविता	दुबसु क्षेत्री
भूपी शेरचनका कविता	सं. शिव रेग्मी
मुक्त समय	ज्योति जङ्गल
युद्धको बाँसुरी	बाबा बस्नेत
राष्ट्रनिर्माता	माधव घिमिरे
लक्ष्मी कवितासङ्ग्रह	सं. चूडामणि बन्धु
शाकुन्तल (महाकाव्य)	लक्ष्मीप्रसाद देवकोटा
संस्कृत काव्यकथाकुसुम	मङ्गलकुमार नेपाल
समसामयिक साझा कविता	सं. डा. तारानाथ शर्मा
सहिदलाई सलाम	नवराज सुब्बा
सीमान्त सपना	दिनेश अधिकारी
सुलोचना (महाकाव्य)	लक्ष्मीप्रसाद देवकोटा
श्रमिक बरालकी गीतहरू	सं. शङ्कर अधिकारी
स्वाधीनताको पीडा	गणेश रसिक

साझा प्रकाशन

9789993328049

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन : ५४२१११८